# मानवमय ज्ञान



लेखिका

**माधवी अ.**

Downloaded from http://www.dhamma.digital

# "मानवमय गान"

२०५६ साल


लेखिका

**माधवी अ.**

प्रधानाध्यापिका

**यशोधरा बौद्ध माध्यमिक विद्यालय**

ल. पु. थैना

फोन नं. ५२१४३५


Downloaded from http://www.dhamma.digital

प्रकाशक :
श्रीमती वेंदकुमारी शाक्य
श्रीमती रमिला शाक्य
श्रीमती बिना शाक्य
यशोधरा बौद्ध माध्यामिक विद्यालय
थैना, ललितपुर

प्रथम संस्करण : २५००
विक्रम संम्बत : २०५६

Dhamma.Digital

मूल्य रु. ३०/-

मुद्रक तथा कम्प्युटर :
ज्वजलपा अफसेट प्रेस
ल. पु. , लगनखेल
फोन नं. ५३१५७५

Downloaded from http://www.dhamma.digital

# भूमिका

विद्यार्थीलाई देश सुरक्षा गर्ने प्रतिक, भविष्यका तारा र ज्योतीको रुपमा लिन सकिन्छ। अर्को शब्दमा भन्ने हो भने ऊ देशका कर्णाधार हुन् । त्यसकारण विद्यार्थीहरुबाट नै भविष्यमा शिक्षित आमा, बुबा, शिक्षक, विद्वान वर्ग, नेता र देश सेवा गर्ने कर्मठ व्यक्तिहरुको उत्पादन हुन्छन्। विद्यार्थी नै परिवार, समाज र देशलाई सम्हाल्ने, राष्ट्र सुरक्षा गर्ने नेता बन्न जान्छन् । यी सबै अमूल्य कामहरु विद्यार्थीको हातमा छन्। त्यसकारण विद्यार्थीहरुलाई उचित बाटोमा लगाई उचित शिक्षा दिनु अति आवश्यक छ ।

मानिसहरुको माझमा पनि मानिसकै स्वभाव भएका व्यक्तिहरु थोरै मात्र पाइन्छन् । दानविय स्वभावका व्यक्तिहरु धेरै हुन्छन् । मानिसमा चिन्तन शक्ति छ। त्यसकारण आफ्नो बुद्धिले भ्याए सम्म विचार गरेर यस पुस्तकलाई जनमानसमा प्रस्तुत गर्दैछु ।

यस पुस्तकलाई अध्ययन गरी विद्यार्थीहरुले केही ज्ञान हासिल गरी भविष्यका योग्य नागरिक बन्न सकोस् भन्ने आशा राख्दै नैतिक शिक्षाको रुपमा यस पुस्तकलाई कक्षा ९ को पाठयपुस्तकको रुपमा राख्दैछु ।

यो पुस्तक पढ्ने बेलामा विद्यार्थीहरु र अन्य पाठकज्यूहरु बगैंचाको माली समान बन्नु पर्ने देखिन्छ। जसरी मालीले फूलको थुप्रोबाट राम्रा राम्रा फूलहरु छानी माला गाँस्ने गर्दछ, त्यसरी नै यस पुस्तकका पाठकहरुले पनि यसमा देखिने त्रुटिहरुलाई फ्याँकी राम्रा ज्ञानहरुलाई मात्र टिप्नु हुनेछ भन्ने आशा राख्दछु। माहुरीले राम्रा जातका फूलको रस मात्र चुसेर मह बनाए जस्तै पाठकहरुले पनि ज्ञानको मात्र माला गाँस्ने छन् भन्ने आशा गरेकी छु।

विद्यार्थी जीवन कुम्हालेको चक्कामा राखिएको मलिलो माटो जस्तै हो। माटो मलिलो भएसम्म यसबाट कुम्हालेले आफ्नो इच्छा

Downloaded from http://www.dhamma.digital

अनुसारको काम लाग्ने भाँडाकुँडाहरु बनाउन सक्नेछ। त्यही माटो कडा भएपछि यसबाट आफुले चाहेजस्तो भाँडाकुँडा बनाउन सकिंदैन। त्यसकारण कामलाग्दो र कर्मठ विद्यार्थी सृजना गर्नका लागि उनीहरुलाई कलिलै उमेरमा राम्रा राम्रा ज्ञान गुणहरुले काँटछाँट गर्नु राम्रो हुनेछ। कुम्हालेले मलिलो माटोलाई काँटछाँट गरी कामलाग्दो भांडा तयार गरे जस्तै गर्नु पर्दछ।

- माधवी गुरुमां

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

# मेरो दुई शब्द

यस साधारण पुस्तक "मानवीय ज्ञान" विद्यार्थीवर्गले र अन्य पाठकवर्गले पढेर आ-आफ्नो जीवनमा, आचरणमा सुधार ल्याई नैतिकवान् बन्न सकोस् भन्ने कामना गर्दछु ।

मालीले फूलको टोकरीबाट राम्रा राम्रा फूलहरु मात्र टिपेर माला गाँसे जस्तै पाठक वर्गले पनि यस पुस्तकमा उल्लेखित राम्रा राम्रा ज्ञानहरुलाई टिपेर लिई आफ्नो आचरण सुधारी मनुष्य जीवन सफल पार्न सकेमा मात्र राती राती बसेर लेखेको यस पुस्तकको उचित पारिश्रमिक पाएको अनुभव गर्नेछु ।

अहिले त मेरो पुस्तक लेख्ने इच्छा मात्र पुरा भएको छ । आफ्नो इच्छा पुरा गर्नलाई अरुको पनि सहयोग चाहिंदो रहेछ । किनभने मलाई शुद्ध नेपाली लेख्न नआउने भएकोले मेरो दाई पूज्य भिक्षु अश्वघोषलाई यस पुस्तकको पाण्डुलिपी सच्याइदिनु हुन अनुरोध गरें । तर विभिन्न लेख र रचनाहरु लेखि पत्रिका र पुस्तक छाप्नु पर्ने कामले गर्दा उहाँ ज्यादै बेफुर्सदी हुनु भएको थियो । त्यसैले उहाँले बहिनी वीर्यवतीलाई यस कार्य भार सुम्पिन सल्लाह दिनु भयो । मैले उहाँलाई यस कार्यभार सुम्पिदिएँ । बहिनी वीर्यवतीले खुशीसाथ यसलाई स्वीकारी आफ्नो समय दिई सहयोग गरीदिनु भएकोमा उहाँलाई धेरै धेरै धन्यबाद र आयु आरोग्य कामना गर्दैछु । साथ साथै भाई ध्रुवप्रसाद अमात्य र सुरेश श्रेष्ठले आफ्नो प्रेसमा पुस्तक छापिदिनु भएकोमा उहाँहरुलाई पनि निरोगी कामना गर्दै धेरै धन्यबाद दिन चाहन्छु ।

यस पुस्तक प्रकाशनको लागि आ-आफ्ना मन्तब्य दिनु हुने सबै महानुभावहरुलाई मेरो हृदयदेखि साधुवाद दिंदै निरोगी कामना गर्दछु ।

धन्यबाद !

(भिक्षुणी) माधवी अभ्यासी
संस्थापक, प्रधानाध्यापिका
यशोधरा बौद्ध स्कूल
ल.पु. थैना
२०५६।२।४

Downloaded from http://www.dhamma.digital

# दुई शब्द

आजको समाजमा जताततै नैतिक शिक्षाको कमी महशुस गरिएको छ। हरेक क्षेत्रमा अनुशासन हराइरहेको छ। त्यसैले जहां पनि एक अर्काप्रति असन्तोष, अशान्ति, बैर भावना र कलह फैलिरहेको देखिन्छ। यसको मुख्य कारण मानिसहरु आ-आफ्नो कर्तव्य पालन गर्नुमा भन्दा पनि अर्काको दोष मात्र देख्ने बानीले गर्दा हो। यी कुवानीलाई हटाई सबैले आ-आफ्नो कर्तव्यलाई बुझी कर्तव्यपरायण बन्नका लागि यस पुस्तकले धेरै मद्दत गर्नेछ भन्ने मलाई आशा एवं विश्वास रहेको छ। यस पुस्तक अध्ययन गरी यसको शिक्षालाई आफ्नो जीवनमा प्रयोग गरी सबैले आ-आफ्नो जीवन सुख र शान्तिपूर्वक अगाडी बढाउन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

यसरी बुद्ध शिक्षामा आधारित नैतिक शिक्षाले भरिएको पुस्तक लेख्नु भई समाज सुधार कार्यमा मद्दत गर्नु भएकोमा पूज्य माधवी गुरुमां प्रति आभार व्यक्त गर्दछु।

वीर्यवती गुरुमां

२०५६।२।२०

Downloaded from http://www.dhamma.digital

# लेखकको मन्तब्य -
# "मानवमय ज्ञान"

यस पुस्तकको नाम "मानवमय ज्ञान" राखिदिएँ। यस पुस्तक मैले मिति २०५५ साल आषाढ १० गते देखि लेख्न शुरु गरेकी हुं।

यस पुस्तक पढेर विद्यार्थीहरु लंगाएत अन्य पाठकहरुले पनि मानवमा हुनुपर्ने गुणहरुलाई हासिल गरेर उनीहरुमा रहेका पुराना नराम्रा दुर्गुणहरुलाई फाल्ने छन् भन्ने आशा एवं विश्वास गरेकी छु।

आजभोली समाजका धेरैजसो मानिसहरुमा मानवीय गुण, कर्तब्य र ज्ञानहरुको अभाव देखिन्छन्। त्यसकारण उनीहरुमा ज्ञान र गुणहरुको जागरण आवस् भन्ने आशा राखि मैले यस पुस्तकलाई आफ्नो क्षमताले भ्याएसम्म सरल भाषामा विद्यार्थीहरुले पनि बुझ्ने तरिकाले आफ्नो स्वइच्छाले लेख्न शुरु गरेकी छु।

आफुमा भाषाको ज्ञान राम्ररी नभएको हुँदा यस पुस्तकमा भाषा सम्बन्धि केही भूलचूक हुन सक्नेछ। यसको लागि क्षमा प्रार्थी छु। नांग्लोले नराम्रा चीजहरुलाई फालेर राम्रो चीजहरु मात्र जम्मा गर्ने गर्दछ। त्यसरी नै यस पुस्तकका पाठकवर्गले पनि यस पुस्तक अध्ययन गरे जस्तै आ-आफ्ना नराम्रा कुलतहरुलाई फाली राम्रा ज्ञानहरुलाई मात्र अंगाल्ने छन् भन्ने पनि आशा राखेकी छु।

धन्यबाद !

**माधवी गुरुमां**

Downloaded from http://www.dhamma.digital

# मेरो शुभकामना

यशोधरा विद्यालयका प्रधान अध्यापिका माधवी गुरुमांले स्कूलका विद्यार्थीहरुलाई चरित्र सुधार हुने र अनुशासनप्रिय हुने खालका नैतिक शिक्षाले भरिपूर्ण पुस्तक एउटा लेख्नु भएको रहेछ। सरसर्ती पाण्डुलिपि पढिसकेपछि मलाई लाग्यो यस्ता नैतिक शिक्षा प्रत्येक स्कूलमा पढाइहुनु अति आवश्यक देखिन्छ । आजभोली विद्यार्थीवर्गमा सच्चा नागरिक बन्नु भन्दा बढी जसरी भए पनि जांचमा पास हुनु र पछि जागिर खानु नै मुख्य ध्यय भएको छ। चरित्र सुधार भए जहां गएर पनि काम गर्दा प्रतिष्ठा बढ्ने कुरा पनि विद्यार्थीवर्गले बुझ्नु परेको छ । विद्यार्थीवर्ग सच्चा नागरिक बन्न सकोस् भन्ने मनसायले नै माधवी गुरुमांले प्रस्तुत पुस्तक लेखेको जस्तो लाग्छ । आशा छ विद्यार्थी वर्गलाई उपयोगी हुनेछ ।

भिक्षु अश्वघोष

२०५६।२।१५

Downloaded from http://www.dhamma.digital

# धन्यबाद ज्ञापन

मैले लेखेको यो पुस्तकको भाषालाई आफ्नो अमूल्य समय दिई शुद्धा शुद्धी गरी संशोधन गरी मेरो मनोकामना पुरा गरिदिनु भएकोमा आदरणीय वीर्यवती (एम. ए.) गुरुमांलाई जीवन भर गुण सम्झी धेरै धेरै धन्यबाद दिदैछु। यो गुण अर्को जन्ममा पनि बिर्सन सक्ने छैन।

यदि उहाँले शुद्ध गरी मलाई सहयोग नगरेको भए मैले यो पुस्तक लेखेर मात्र मेरो इच्छा आकांक्षा पूर्ति हुने छैन। त्यसकारण उहाँ धन्यबादको ब्यक्ति हुनु हुन्छ।

साथमा मेरो सहोदर पूज्य निस्वार्थी, स्वच्छ हृदय भएको, नींर्लोभी, परउपकारी भिक्षु अश्वघोष भन्तेले उक्त ब्यक्ति देखाई दिनु भएकोमा उहाँ भन्ते प्रति महान आभारी र कृतज्ञ छु। त्यस्तै समय भित्रै पुस्तक छापिदिएकोमा ज्वजलपा अफसेट प्रेसलाई पनि स-धन्यबाद दिन चाहन्छु।

Dhamma.Digital

**माधवी अ.**
यशोधरा बौद्ध माध्यमिक विद्यालय
ल.पु. थैना
फोन नं. ५२१४३५

Downloaded from http://www.dhamma.digital

| क्र.सं. | | पृष्ठ |
|---|---|---|
| १. | आमा | २ |
| २. | बुबा (बा) | ५ |
| ३. | छोराको कर्तव्य | ६ |
| ४. | छोरीको कर्तव्य | ८ |
| ५. | बुहारी | १० |
| ६. | शिक्षक | १४ |
| ७. | कर्मचारी (हाकिमको कर्तव्य) | १६ |
| ८. | सुपरभाइजर | १८ |
| ९. | किसान | २० |
| १०. | डेरामा बस्ने व्यक्तिको कर्तव्य | २२ |
| ११. | डकर्मी | २४ |
| १२. | सिकर्मी | २६ |
| १३. | व्यापारी | २८ |
| १४. | छिमेकी | ३१ |
| १५. | पियन | ३२ |
| १६. | साधु | ३४ |
| १७. | घरको नोकर | ३७ |
| १८. | पार्टी | ३९ |
| १९. | राजा | ४१ |
| २०. | सिपाहिं | ४३ |
| २१. | जनता | ४६ |
| २२. | सज्जन व्यक्ति | ४७ |
| २३. | दुर्जन व्यक्ति | ४८ |


Downloaded from http://www.dhamma.digital

| | | |
|---|---|---|
| २४. | अट्टेरी व्यक्ति | ४९ |
| २५. | मूर्ख | ५१ |
| २६. | बेइमानी व्यक्ति | ५३ |
| २७. | अशिक्षित व्यक्ति | ५४ |
| २८. | अनुकुल नमिलेको ठाउँ | ५६ |
| २९. | आमा बुबाको कर्तव्य | ५७ |
| ३०. | छोराछोरीको कर्तव्य | ५९ |
| ३१. | गुरुको कर्तव्य | ६२ |
| ३२. | शिष्यको कर्तव्य | ६५ |
| ३३. | प्रधानअध्यापकको कर्तव्य | ६७ |
| ३४. | विद्यार्थीको कर्तव्य | ७० |
| ३५. | कमिटिको कर्तव्य | ७२ |
| ३६. | चन्दाल | ७३ |
| ३७. | देश विद्रोही | ७५ |
| ३८. | अन्धो | ७९ |
| ३९. | धर्मात्मा | ८० |
| ४०. | सत्पुरुष | ८१ |
| ४१. | महापुरुष | ८२ |
| ४२. | रुखको फाइदा | ८३ |
| ४३. | पण्डित | ८४ |
| ४४. | सुशील गृहणी | ८५ |
| ४५. | कल्याण मित्र | ८८ |
| ४६. | असल गुरु | ८९ |
| ४७. | असल स्त्री प्रति पुरुषको कर्तव्य | ९० |
| ४८. | असल पुरुष प्रति स्त्रीको कर्तव्य | ९२ |

Dhamma.Digital

Downloaded from http://www.dhamma.digital

पृथ्वी आमा समान हुन्छिन् । जसरी पृथ्वीले विभिन्न प्रकार का फलफूल, सागपात, जडीबुटी र औषधिहरु आदि मानिसलाई अत्यावश्यक सवै वस्तुहरु उत्पादन गरिरहन्छन् , त्यसरी नै सज्जन र दुर्जन ब्यक्तिहरु उत्पादन गर्ने ब्यक्ति पनि आमा नै हुन् ।

संसारमा एकजना सज्जन ब्यक्ति जन्म्यो भने परिवार, समाज, देश र विश्वलाई नै हित भइरहेको हुन्छ । उदाहरणको लागि महामाया देवीले "सिद्धार्थ" जस्तो महत्वपूर्ण ब्यक्ति जन्म दिएकी हुनाले विश्वलाई नै कल्याण भएको छ । उहाँको कारणले अहिलेसम्म लाखौं करोडौ मानिसले आफ्नो जीवन सुधार्न सफल भइरहेका छन् ।

यसरी नै असत्पुरुष एक जना जन्म्यो भने उसले परिवार, समाज, देश र विश्वलाई नै अशान्ति मचाइदिन्छ । उदाहरणको लागि बुद्धकालिन ब्यक्ति देवदुत र रामायणमा उल्लेखित ब्यक्ति रावण । यस्ता खतरनाक मूर्ख ब्यक्तिहरुले आफ्नो घमण्डीपना र अज्ञानताको कारणले स्वार्थी भइ हानिकारक कामहरु गरिदिन्छन् । यस्तो कार्यको परिणाम कदापि राम्रो हुने छैन । त्यसकारण हरेक आमाले गर्भवती हुँदा यी कार्यहरु गर्न आवश्यक हुन्छ ।

१) विद्वान वर्गहरुद्वारा लिखित ज्ञानवर्धक पुस्तकहरुको अध्ययन गर्नु । यदि पुस्तक पढ्न जानेको छैन भने पढ्न जान्ने अरु ब्यक्तिबाट भए पनि पढ्न लगाएर सुन्ने गर्नुपर्छ ।
२) धर्मशास्त्र सम्बन्धि कथाहरु र परित्राण पाठहरु सुन्ने गर्नुपर्छ ।
३) सत्पुरुषहरुसंग संगत गरी धार्मिक कार्यहरु गर्नुपर्छ ।
४) राम्रा कामहरुमा मन लगाइ सधैं मन प्रशन्न राख्ने प्रयत्न गर्नु पर्छ । आफुसंग भएका केही चीज वस्तुहरु यथासक्य दान दिने गर्नु पर्छ ।

यी सत्कार्यहरुमा लाग्ने भएको कारणले उसको कोखमा यस्तै पवित्र चित्तले भरेको सत्पुरुषले जन्म लिनेछ ।



Downloaded from http://www.dhamma.digital

# आमा

संसारमा जन्म लिएका सवै उत्तम ब्यक्तिहरु मध्ये आमा पनि एक हो। आमा प्रत्येक ब्यक्तिको पहिलो गुरु पनि हो। किनभने आमाले सर्वप्रथम हामीलाई खाने, पिउने, नैतिक शिक्षादेखि लिएर विभिन्न ज्ञानगुणका कुराहरु र समाजमा चाहिने व्यवहारहरु पनि सिकाउँछिन्।

आमा ब्रम्हा समान पनि हुन्छिन्। किनभने ब्रम्हामा चार प्रकारका गुणहरु हुन्छन्। ती गुणहरु यसरी छन् -
१) मैत्री २) करुणा ३) मुदिता ४) उपेक्षा

१) **मैत्री** - आमाले आफ्नो सन्तान सधैं सुखी होस्। मलाई जस्तै उनीहरुलाई पनि कल्याण होस् भन्ने मनमा सोचिरहन्छ।

२) **करुणा** - आमाले सधैं आफ्ना छोराछोरीहरुलाई माया दया राखी उनीहरुको जय होस्, उनीहरु नराम्रो संगतमा नलागोस्, सधैं सुखी होस् भन्ने आफ्नो सन्तान प्रति करुणा राख्छिन्।

३) **मुदिता** - आफ्ना छोराछोरीले राम्रा कार्यहरु गरी उनीहरुको प्रगति भएको देखि प्रत्येक आमाले आफ्नै प्रगति भएको ठानी प्रशन्न हुन्छिन्।

४) **उपेक्षा** - आमाले आफ्ना बाल बच्चाहरुलाई राम्रो बाटो देखाउँछिन् पढाई लेखाई राम्रो रोजगारको व्यवस्था मिलाइदिन्छिन्, उमेर पुगेपछि विवाह गरिदिन्छिन्। यसरी गुण गरिराखेको छोराछोरीले केही गरी बैगुणी भई दुःख दिने कार्य गरेपनि आमाले यसरी मन धैर्य गर्छिन् - "मैले सकेसम्म उसको राम्रो होस्, भलो होस् भन्ने विचारले मेहनत गरेकी हुं। तर केही लागेन। उसको कर्म उसैले भोग्ने छ, के गर्ने।" यस्तो विचार राखी उनले त्याग गर्छिन्। यस्तो अवस्थालाई उपेक्षा भाव गरेको भनिन्छ।



Downloaded from http://www.dhamma.digital

आफ्ना छोराछोरीहरु प्रति प्रत्येक आमाहरुमा यी चारवटा गुणहरु हुने गर्छ । त्यसैले आमालाई ब्रम्हा पनि भनिन्छ । यहि सिलसिलामा उपमाको लागि एक कथा प्रस्तुत गर्दछु -

शकुन्तलाको शील स्वभाव बाल्यकालदेखि नै राम्रो थियो । उनको शील स्वभावले गर्दा नै सबैले उनीलाई खुब माया गर्थे । विवाह गर्न योग्य उमेर पुगेपछि एक भलादमी केटोसंग उनको विवाह भइन् ।

विवाह भएको वर्ष दिनपछि उनी एक छोरोको आमा भइन् छोरोलाई आवश्यक स्याहार सुसार गरी हुर्काइन् । जब छोरो बुझ्न सक्ने खालको भयो तब शकुन्तलाले त्यस छोरालाई लवाइखवाइदेखि लिएर परिवारमा बस्दा, समाजमा बस्दा पालन गर्नु पर्ने अनुशासन सम्बन्धि नैतिक शिक्षाहरु सबै सिकाइन् ।

पाँच वर्षको उमेर पुगिसकेपछि राम्रो र योग्य स्कूलमा भर्ना गरिदियो । शकुन्तलाले सोच्छिन् - केटाकेटीहरुलाई स्कूलको शिक्षा मात्र दिएर पुग्दैन । धार्मिक र नैतिक शिक्षा पनि दिनु पर्छ । यस्तो सोची उनीले छोरोलाई धार्मिक शिक्षा दिने एउटा संस्था खोजी त्यहाँ पनि पढाउन थाल्यो ।

यसरी आमाले राम्रो ज्ञान दिइराखेको हुनाले त्यस बालकको स्वभाव अति राम्रो र प्रभावशाली हुन थाल्यो । फलस्वरुप सबै गुरुहरुले उसलाई माया गर्थे । मेहनती केटो भएको हुनाले उनले सबै तहमा राम्रो श्रेणीमा उतीर्ण हुन सफल भए । पढाइ सकेपछि उनको योग्यता अनुसार ठूलो दर्जाको जागिर पाउन पनि सफल भए । यसरी शकुन्तलाले आफ्नो छोरोलाई एक शिक्षित र योग्य व्यक्ति बनाई दिईन् ।

मेहनती र इमान्दारी स्वभावको व्यक्ति हुनाले अफिसका हाकिम साहेब पनि शकुन्तलाको छोरो देखि प्रभावित भए । त्यसैले हाकिमबाट समय समयमा इनामहरु पाइरहन्थे । त्यति मात्र होइन, हाकिम साहेबले उसलाई अरु कर्मचारीहरुको माझमा राखेर सबै कर्मचारीहरु ऊ जस्तै मेहनती र इमान्दारी बन्न सल्लाह दिइरहन्थे ।

यसरी शकुन्तलाको छोरो एक इमान्दार व्यक्तिमा गनिन



Downloaded from http://www.dhamma.digital

थाल्यो। शकुन्तलाले आफ्नो छोरोले समाजमा बसि कुल थाम्न सकोस् भनेर घरानी कुलकी एक सभ्य, सुशील र धार्मिक स्वभावकी युवतीसंग विवाह गरिदिइन्। धार्मिक स्वभावकी सुशिक्षित बुहारी भएकोले उनीले आफ्नो कर्तब्य भित्री मनदेखि सोच विचार पुर्‍याई गर्न थालिन्। मन लगाई काम गर्ने बुहारी भित्रीएकोले त्यस घरमा कलह भएन। घरमा सुख, शान्ति र आनन्द वातावरण थियो।

उनीहरुको परिवारलाई देखेर घर वरिपरिका छिमेकीहरु दंग पंर्थे र भन्ने गर्थे - "हेर, त्यस घरका परिवारमा परस्पर कति राम्रो मेलमिलाप छ, कति आनन्द छ तिनीहरुलाई। हाम्रो घरमा हेर, जहिले पनि कलह। हाम्रो त बुहारी नै अलच्छिना पर्‍यो। आफ्नै छोरोले आमाबांबुलाई वास्ता राख्दैन के गर्नु ? दिन पर दिन कलह र झगडा भई रहने हुदां, घरको वातावरण नै नरक जस्तै भई सक्यो। मनमा शान्ति नै छैन।"

यसरी आफ्नो घरको अवस्था सम्झी वाक्क लाग्ने बेलामा शकुन्तलाको घर परिवार सम्झेर मन आनन्द पार्थे उनीहरुले।

त्यसैले घरलाई स्वर्ग र नरक बनाउने काम आ-आफ्नो हातमा रहेको हुन्छ। परिवारका सदस्यहरु परस्पर कर्तव्य परायण हुन्छन् भने मात्र घर स्वर्ग जस्तो हुनेछ। हामीले बुझ्नु पर्छ, हामी दिनभरी जतातते गए पनि आखिरमा घरमा नै फर्केर आफ्नो जीवन बिताउनु पर्छ। त्यसकारण हामीले आ-आफ्नो कर्तव्य पालन गरी आफ्नो घर परिवारलाई स्वर्ग बनाउनु पर्छ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# बुबा (बा)

संसारमा आमा धर्ती समान हुन्छिन् भने बुबा आकाश समान हुन्छ। आमा जस्तै बुबा पनि आदरणीय, सम्माननीय र पूजा गर्न योग्य हुनुहुन्छ। किनभने एक कर्तव्यपरायण बुबाले आफ्ना छोराछोरीलाई खुवाउने, लगाउन दिने आदि कार्य देखि लिएर पढाई लेखाई विद्या हासिल गर्न लगाई, शीपमूलक शिक्षा सिकाई भविष्यमा एक कर्मठ नागरिक बनाइदिने सम्म जिम्मा लिएको हुन्छ। उदाहरणको लागि एक कथा प्रस्तुत गर्दछु -

राम एक कर्तब्यपरायण बुबा थिए। उसको एक छोरो र एक छोरी थिइन्। उसले आफ्नो सन्तानलाई पालन पोषण गरी हुर्काइ दुबैलाई स्कूल भर्ना गरिदिए। आफ्ना छोराछोरीहरु दुबैलाई स्कूल खर्च समय समयमा पुर्‍याई दिन्थे। त्यतिमात्र होइन उसले आफ्ना दुबै सन्तानको पढाई ठिक छ छैन समय समयमा जाँच बुझ गरिरहन्थे। ती दुबैलाई नैतिक शिक्षा सम्बन्धि अर्ती बुद्धिहरु (आफु भन्दा ठूला बडाको मान सम्मान गर्नु पर्छ, सबैलाई आफु समान ठान्नु पर्छ, सबैसंग मेलमिलाप गरेर बस्नु पर्छ, आफुले आदर गौरब राख्नु पर्ने ब्यक्तिहरु तल राखेर आफु माथि बस्नु हुँदैन, कसैले कुरा गरिरहेको ठाउँमा अगाडी बसिरहनु हुँदैन, आफ्नो देशको राजा रानीलाई देवता समान मान्नु पर्छ, पैसाको लोभमा आफ्नो देश छोडेर विदेश गएर रहने गर्नु हुँदैन आदि) उपदेश दिने गर्थे।

यसरी आ-आफ्नो कर्तब्य पालन गरी नैतिकवान बन्ने शिक्षा पाएको बालकहरु शिक्षित हुने हुनाले त्यस घरमा कलह र झगडा भनेको कहिल्यै भएन। फलस्वरुप घर स्वर्ग जस्तो आनन्दरुपी बन्यो। यो सबै राम जस्तो कर्तव्यपरायण बुबाको कारणले भएको हो।

यसरी रामले जस्तो हामीले पनि एक असल र कर्तव्यपरायण बुबा भई घरको अवस्थालाई सुधारी सुखमय जीवन बिताउनु परेकोछ।



Downloaded from http://www.dhamma.digital

# छोराको कर्तव्य

आमा बुबाको मुख्य आधार भरोसा नै छोराछोरी हुन् । आमा बुबा उमेर ढल्केपछि उनीहरु शक्तिहीन र अशक्त हुन्छन् । यस्तो अवस्थामा छोराछोरी उनीहरुको आधारभूत लौरो (लट्ठी) समान बनिदिनुपर्छ। घरको सम्पूर्ण व्यवस्था मिलाउने, घरको समस्या समाधान गर्ने एक महत्वपूर्ण ब्यक्तिको रुपमा छोराले आफ्नो भूमिका निभाउनु पर्छ ।

धार्मिक नीति अनुसार आफ्नो आमा बुबा दिवंगत भएमा आ-आफ्नो संस्कृति अनुसार दिवंगत आमा बुबाको पूण्य स्मृतिमा धार्मिक कार्यहरु गरिदिनु पर्छ ।

आमा बुबा भएका ब्यक्तिहरुले उहाँहरुलाई आवश्यक सेवा टहल गर्ने (आमा बुबा बस्ने ठाउँ सफा सुग्घर गरिदिने, लुगाहरु सफा सुग्घर गरी धोइदिने, बेला बखतमा उहाँहरुलाई तागतिलो खानाहरु खुवाउने आदि गर्नुपर्छ। आमा बुबा बिरामी हुनु भयो भने पनि आफु कुरुवा बसी आवश्यक सेवा टहल गरिदिने, मन आनन्द हुने कुरा गर्ने) आदि गर्नुपर्छ। आमा बुबालाई कहिल्यै पनि मन दुख्ने गरी झर्केर कुरा गर्नु हुँदैन। यस्तो गर्नु पाप हो। आफुले कमाएर ल्याएको धनलाई आफ्नो स्वार्थको लागि मात्र प्रयोग नगरी त्यसले घरका सबै समस्या समाधान गर्न खोज्नु पर्छ। उदाहरणको लागि एक कथा प्रस्तुत गर्दछु

श्याम छोरामा हुनु पर्ने सबै गुण र कर्तव्यले भरिपूर्ण भएको राम्रो स्वभावको केटो थियो। उसले बिहान उठेपछि आफ्नो नित्य कर्म सकाएर पूजा पाठ गर्थे । त्यसपछि आफ्ना बुबा आमाले चिया खानु भयो भएन हेरी सकेपछि, यदि खानु भएको छैन भने आफैले यसको प्रबन्ध मिलाई दिन्थे। पछि आमा बुबालाई आदरपूर्वक पाऊ ढोग्ने गर्थे । अनि मात्र आफूले पनि चिया पिउने गर्थ्यो ।

त्यसपछि बजार गएर आवश्यक तरकारीहरु किनेर ल्याइ दिन्थ्यो। अनि आफ्नो दैनिक लेनदेनको कार्यमा संलग्न हुन्थे। यी



Downloaded from http://www.dhamma.digital

कार्यहरु गर्दा सबै साथीभाईहरुसंग मिठो बोली सबैको मन जित्न ऊ सफल हुन्थे । बेलाबखतमा विभिन्न कार्यक्रमहरु बनाई आफ्ना नाताकुटुम्बहरु निमन्त्रणा गरी, खानपिनको व्यवस्था गरी, ज्ञानगुणका कुराहरु छलफल गर्न ज्यादै रुचाउँथे उनी । त्यति मात्रै होइन, उसले आफुले मेहनतपूर्वक कमाइराखेको धन मध्ये केही धन टोल सुधार, धर्मशाला निर्माण कार्य आदिमा सहयोग गरी समाज सेवा कार्यहरुमा पनि हात हालिरहन्थ्यो ।

यी असल कार्यहरुमा बाहेक अरु फजुल कार्यमा उसले एक पैसा पनि खर्च गर्न रुचाउँदैनथे । पैसाको सदुपयोग गर्न जान्थ्यो ऊ । त्यसैले उसले अरु मूर्ख ब्यक्तिहरुले जस्तै चुरोट, रक्सी, खैनी आदि शरीर बिगार्ने अम्मल पदार्थहरु कहिल्यै पनि सेवन गर्दैनथे । यी खराब पदार्थहरुमा खर्च गर्नु बदला आफ्ना आमा बुबालाई चाहिने आवश्यक पदार्थहरु- किनेर खर्च गर्ने गर्थ्यो ।

ऊ एकदम चलाख र बुद्धिमान ब्यक्ति भएकोले उसले आफ्नो कमाईलाई चार भागमा विभाजन गर्न थाल्यो ।

१) एक भाग खानमा खर्च गर्ने ।

२) एक भाग जीविकोपार्जनका लागि काम गर्न लगानी गर्ने ।

३) एक भाग भविष्यमा भैपरि आउने कार्यहरुको लागि र औषधीमूलो गर्नको लागि खर्च गर्ने ।

४) एक भाग धार्मिक कार्यहरुको लागि खर्च गर्ने ।

यसरी धनको सदुपयोग गर्न जानेको कारणले गर्दा उसलाई पैसाको कुनै दुःख थिएन । सुख र आनन्दपूर्वक जीवन बिताइ रहेको थियो । आमा बुबा परलोक भएपछि पनि उहाँहरुको पूण्य स्मृतिमा उसले अनेकौ धार्मिक कार्यहरु गरेका थिए ।

यसरी यस कथाका पात्र श्यामको असल स्वभावहरुको अनुकरण गरी हामीले पनि आफ्ना आमा बुबाको सेवा टहल गरी आफुलाई कर्तव्यपरायण भाग्यमानी ब्यक्ति बनाउन सकौं ।



Downloaded from http://www.dhamma.digital

# छोरीको कर्तव्य

छोरी घरकी एक फूल समान शोभा दिने ब्यक्ति हुन् । कर्तव्यपरायण छोरी भएको घरमा घरको सरसफाई, धुलाई, खाना पकाउने आदि सबै घरायसी कामहरु सफलतापूर्वक सम्पन्न भईरहेको हुन्छन् । सुशील र शिक्षित छोरी भएको घरमा लक्ष्मीले बास गरेको हुन्छ ।

आफ्ना आमा बुबाको आवश्यक सेवा टहल गर्नु, आफुभन्दा सानालाई माया गर्ने बानी छोरीहरुमा हुनुपर्छ । अर्काको घरमा जानु पर्ने ब्यक्ति भएकोले आफ्नी आमासंग घरायसी कामहरु सिक्ने, रहनसहन र कुरा गर्ने तरीका सिक्नु आवश्यक छ ।

म घरकी छोरी हुँ त्यसैले घरको काम मैले गर्ने होइन, भाउजु र बुहारीहरुले गरिहाल्छ नि भनि काम नगरी कोठा भित्र मात्र बसी, आफुले खाएको थाल समेत कोठा भित्रै छोडेर जाने बानी एक भद्र महिलालाई सुहाउँदैन ।

भनिन्छ महिला जातीले आफुले गर्नु पर्ने काम नगरी पाइतला तात्ने गरी एकै स्थानमा उभिरहनु राम्रो लक्षण होइन । समय हेरी हरेक काम सम्पन्न गरिरहनु पर्छ । महिलाले आफु बस्नु पर्ने घरलाई सर-सफाई गरी हरेक वस्तुहरु ठीक ठाउँमा सजाई घरलाई स्वर्ग जस्तै सजाउन जान्नु पर्छ । उनीहरुको बोलीबचन पनि अति मृदु, नरम हुनु पर्छ । सधैं हँसिलो अनुहार बनाई अरुसंग कारोबार अथवा लेनदेन कार्यबारे राम्रो ज्ञान हुनु पर्छ । आफ्ना आमा बुबा र दाजुभाईहरुलाई समान व्यवहार गरी बिचार पुर्‍याएर सेवा टहल गर्न जान्नु पर्छ । छिमेकीहरुसंग राम्रो व्यवहार चलाउनु पर्छ । यस्तो गर्न जान्यो भने आफुले आफ्नो प्रशंसा गरिरहन पर्दैन । अरुले प्रशंसा गर्नेछ ।

अट्टेरी, अल्छी र कडा स्वभावहरु एक महिलालाई सुहाउँदैन । आफ्नो शरीर, लुगा सफा सुग्घर राख्न जान्नु पर्छ । धेरै सिंगार



Downloaded from http://www.dhamma.digital

पटारमा मात्र भुल्नु हुँदैन। आफ्नै प्राकृतिक सौन्दर्यलाई मान्यता दिनु पर्छ। घर बाहिर गएर धेरै साथीभाईसंग गफ गरी दिन बिताउने बानी एक भद्र महिलालाई सुहाउँदैन। नमूनाको लागि एक कथा प्रस्तुत गर्दछु –

सुमित्रा धेरै राम्रो स्वभाव भएकी केटी थिइन्। उनी धर्म सम्बन्धी कथा सुन्न अति इच्छुक थिइन्। बोली बचन अति नरम थियो उनको। उनी जहिले पनि सफा सुग्घर रहन मन पराउँथिन्। रुपवती भएकी हुनाले उनीलाई बाहिरी सिंगार पटारको कुनै जरुरत थिएन।

आफ्ना आमा बुबा, दाजुभाईहरुको लुगा धोई यथास्थानमा राखिदिने, घरका अन्य सर-सामानहरु पनि आ-आफ्नो ठाउँमा चटक्क पारेर सजाएर राख्ने गर्थिन्। घरको लेनदेन कार्यहरु पनि लिखित रुपमा राख्ने गर्थिन्। समयको मूल्य जानेकी हुनाले आफ्ना साथीहरुसंग कहिल्यै पनि वाहियात कुराहरु गरेर समय खेर फाल्दैनथिन्। हरेक पत्र पत्रिकाहरु दिनहुँ पढेर ज्ञानहरु हासिल गर्न रुचाउँथिन्। दिनभरी आफ्नो घरायसी कामहरु गरेर फुर्सद नपाईने हुनाले लेख, कथा, कविता आदि रचनाहरु राती भएपनि लेख्ने गर्थिन्। नाटक र सिनेमाहरु हेर्दा उनीले त्यसबाट राम्रा राम्रा ज्ञानहरु छानेर त्यसको आदर्श मात्र लिने गर्थिन्। सबैसंग मिलनसार व्यवहार गर्न सिपालु सुमित्रालाई नाताकुटुम्ब र साथीभाईहरुले मन पराउँथ्यो।

यही आर्दशलाई हामीले पनि लिएर आफ्नो जीवन सुखी बनाउनु पर्दछ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# बुहारी

आफ्नो बाल्यकालको घर त्यागी विवाह पश्चात आफ्नो पतिको घरमा आई एक गृहलक्ष्मीको जिम्मा बोकी गृहस्थी कुल थाम्ने महिलालाई वुहारी भनिन्छ ।

त्यसैले एक कुशल बुहारीमा शीपमुलक ज्ञानदेखि लिएर बुद्ध शिक्षामा आधारित नैतिक शिक्षाको तालिम प्राप्त भएको हुनु पर्छ । बुद्ध कालिन घटना अध्ययन गरेर हेर्दा विशाखालाई उनको पिताले विवाह गरिदिनु अगाडी एक बुहारीले पतिको घरमा गईसकेपछि पालन गर्नु पर्ने दशवटा नियमहरु बताएको कुरा उल्लेखित छन् । ती नियमहरु यसरी छन् -

१) आफ्नो पतिको घरायसी कुराहरु आफ्नो माइती र साथीभाईहरुलाई बताउँदै नहिड्ने ।

२) आफ्नो माइतीको घरायसी कुराहरु पतिको घरमा बताउँदै नहिड्ने ।

३) घरायसी लेनदेन कार्यमा सामान, धन आदि पैंचो लगेर फिर्ता दिन ल्याउने, विश्वासिलो ब्यक्तिसंग मात्र कारोबार गर्ने ।

४) विश्वास नभएको ब्यक्तिसंग घरायसी कारोबार नगर्ने ।

५) दु:खी ब्यक्तिहरुलाई आफूले सक्दो सहयोग गर्ने ।

६) आफूभन्दा जन्म, कर्म र धर्मले जेठो आदरणीय ब्यक्तिहरुलाई आदर सत्कार गर्ने ।

७) आफ्नो पतिको घर गईसकेपछि परिवारका सबै सदस्यहरुको हेर विचार पुर्याई खाना खुवाईसकेपछि आफूले खाना खाने गर्ने ।

८) घरका परिवारहरु राती सुतिसकेपछि झ्याल ढोकाहरुमा चुकुल आदि राखी घरमा सुरक्षा गरिसकेपछि मात्र सुत्ने गर्ने ।

९) आफूले आदर सत्कार गर्नु पर्ने सासु, ससुरा र पतिलाई आवश्यक सेवाहरु पुर्याउने ।

१०) आफ्नो घरमा आउने श्रमण, आगन्तुक, गुरु आदिलाई आदर र



Downloaded from http://www.dhamma.digital

भक्ति गर्न जाने ।

एक कर्तव्यपरायण शिक्षित र कुशल गृहिणीको लागि यी दशवटा नियमहरु पालन गर्न अत्यावश्यक हुन्छ । यी नियमहरु पालन भएको गृहिणीको घर परिवार सफल, सुखी र प्रगतिशील हुन सक्छ । एक कुशल बुहारीले आफ्नो पतिले मेहनतपूर्वक कमाएको धनलाई व्यर्थमा खर्च नगरी सुरक्षितपूर्वक सम्हाल्न सक्नुपर्छ । सरल र साधारण जीवन बिताउन सक्नु पर्छ । पतिको धन खर्च गरी माइतीबाट ल्याएको भनी धाक लगाउने बानी भएकी बुहारी शिक्षित र नैतिकवान हुन सक्दैन । यस्ती बुहारीले पतिको घरमा शान्ति ल्याउनुको बदला अशान्ति फैलाईदिन्छ । यसको प्रशंगमा एक कथा प्रस्तुत गर्दछु -

लक्ष्मी अत्यन्त सुशील, रुपवती र बुद्ध शिक्षालाई अध्ययन गरी त्यसलाई व्यवहारमा प्रयोग गरी रहेकी कुशल बुहारी थिइन् । लक्ष्मी दुलहीको रुपमा अर्काको घर पसिसकेपछि उनीले आफ्नो कार्यहरु अल्छी नमानिकन गर्न थालिन् । आफ्ना सासु, ससुरा र स्वामीलाई उनले देवता समान मानसम्मान गर्थिन् ।

बिहान सबेरै उठी नित्यकर्म सिध्याई पूजा पाठ गर्ने । सासु ससुरा लगायत घरका परिवारहरुलाई चिया दिइसकेपछि आफू पनि चिया खान्थे । त्यसपछि समयमै खाना पकाई परिवार सबैलाई खुवाउने र आफू पनि खाना खाई आफ्नो काममा जाने गर्थिन् । लक्ष्मी त्यस घरमा भित्रीसकेपछि घरका हरेक कामहरु सु-व्यवस्थित हुँदै घरमा ठूलो परिवर्तन आएको थियो ।

घरमा मात्र होइन अफिसको काममा पनि लक्ष्मी अत्यन्त निपुण थिइन् । कर्तव्यपरायण कर्मचारी भएकोले अफिसका हाकिमहरु पनि लक्ष्मीदेखि प्रभावित थिए । त्यसैले उसले समय समयमा पुरस्कार पनि पाउने गर्थिन् ।

अफिसबाट फर्किसकेर पनि उनीले आफ्नो घरायसी काम सिध्याएर आफ्ना छोराछोरीहरुलाई आवश्यक पढाई सम्बन्धि शिक्षाहरु सिकाउँथे । त्यति मात्र होइन उनीले आफ्ना छोराछोरीलाई घरका



Downloaded from http://www.dhamma.digital

परिवार प्रति र समाजका ब्यक्तिहरु प्रति कसरी व्यवहार गर्नुपर्छ, कसरी इमान्दार बन्नु पर्छ, समयको सदुपयोग कसरी गर्नुपर्छ आदि विषयमा विभिन्न नैतिक शिक्षाहरु पनि दिने गर्थे । त्यस घरमा अरु वुहारीहरु भन्दा बेग्लै स्वभावकी थिइन् लक्ष्मी । यसरी विशेष गुणले सम्पन्न बुहारी भएकी हुनाले लक्ष्मीलाई सबैले माया र आदर गर्थे । यसरी नैतिकवान, कर्तव्यपरायण भएर रहँदा पनि कहिलेकाहीं परिवार का अन्य सदस्यहरुबाट उनीलाई आरोप र दोषहरु लगाइन्थ्यो । यस्तो अवस्थामा उनले कुनै प्रतिकिया नगरी सबै दोष आफ्नै काँधमा बोकी समस्या समाधान गरिदिन्थिन् । किनभने कुनै पनि समूहमा अशिक्षित र झगडालु प्रवृतिका मानिसहरु (जसले आफ्नो दोषलाई नदेखि अरुहरुको दोष मात्र देख्ने गर्छ, त्यस्ता ब्यक्तिहरु) भएसम्म समय समयमा अशान्ति भइरहन्छ । यसबारे लक्ष्मी सधैं सजग रही आफ्नो कर्तव्यलाई सधैं पालन गरिरहन्थिन् ।

लक्ष्मीको यस्तो सुशिक्षित र राम्रो स्वभाव देखेर उनको श्रीमान् एकदम खुशी र सन्तोष थिए । उसले लक्ष्मी जस्तै गुणी श्रीमती पाएकोमा आफुलाई धन्य सम्झन्थे । लक्ष्मीको संगतमा परेकोले उसको श्रीमान्ले आफ्नो जन्मदाता आमा बुबालाई सेवा सत्कार र आदर गौरब गर्न सिपालु भए । आमा बुबालाई खुशी पारि उनीहरुबाट अमूल्य आशिर्वादहरु पाउन सफल भए । यसरी उनले समेत आफ्नो जीवनलाई सुखी बनाउन समर्थ भए ।

तर यसरी ज्ञान पाउन नसक्ने छोराहरुले आमा बुबाको गुण र महत्वलाई बिर्सन्छन् । फलस्वरुप उनीहरुले आफ्नो आमा बुबासंग अंश लिने आफ्नो जन्म सिद्ध अधिकार ठान्ने गर्छन् । त्यसैले उनीहरु झैझगडा गरेरै भए पनि आमा बुबाको तर्फबाट अंश लिई सकेपछि आफू विजय भएको ठान्दछन् । आफूले गर्नु पर्ने कर्तव्यहरु भने सबै बिर्सने गर्छन् । तर लक्ष्मीको पतिले आमा बुबाको गुणलाई राम्ररी जानी बुझी उनीहरुको पालन पोषण गरी आमा बुबाका सबै समस्याहरु हटाई पूण्य कार्य गरिरहन पाएकोमा आफूलाई धन्य सम्झन्थे ।



Downloaded from http://www.dhamma.digital

आफू पाप कर्मबाट बच्न पाएको कारण आफ्नै श्रीमती लक्ष्मी भएको हुँदा ऊ लक्ष्मी प्रति कृतज्ञ थियो । किनभने लक्ष्मीले सधैं भन्ने गर्थिन् - "मानिस भएर जन्मे पछि एकदिन मर्नु पर्छ, तर मर्नको लागि मानिसको गुण आफ्नो साथमा बोकेर मर्न सक्नु पर्छ। नरपशु भएर मर्नु हुँदैन । मिठो मिठो खाने, राम्रो लगाउने आदि कार्य गर्न जानिँदैमा त्यसलाई मानिस भन्न सकिदैन। जो कर्तव्यपरायण रहन्छ ऊ मानिसको गुण भएको सच्चा मानव हुन सक्छ ।"

❀ ❀ ❀

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# शिक्षक

शिक्षक एक महान व्यक्तित्वले भरेको पेशा हो । देशमा पियन देखि लिएर नेता, मन्त्री, डाक्टर, इन्जिनियर, पाइलट, देशको शासन भार चलाउने राजा समेत पनि उत्पादन गर्ने जिम्मा एक शिक्षकले लिएको हुन्छ । त्यसैले "शिक्षक कस्तो हुनुपर्छ ?" त्यस विषयमा सबैलाई राम्रो ज्ञान हुनु पर्छ ।

शिक्षकमा हुनुपर्ने गुणहरु यसरी छन् -

शिक्षक अल्छी, ठग, लुच्चा, छुच्चा, गफाडी, बेइमानी हुनु हुँदैन । शिक्षक भएपछि ऊ मेहनती, निःस्वार्थी, इमान्दार, परोपकारी, विवेकशील, सुशील, सदाचार, कोमल स्वभाव, मृदुभाषी, निर्लोभी, निडर आदि हुनु पर्छ । एक कर्मठ शिक्षकले राम्रा र असल कार्यहरु गर्ने बेलामा नाईनास्ती नगरी साहसपूर्वक सम्पन्न गर्ने गर्छ । शिक्षकले प्रधानाध्यापकको निर्देशन अनुसार आदरपूर्वक काम गर्नु पर्छ । बालबच्चाहरुलाई दया माया राखी विना भेदभाव समान व्यवहार गर्नु पर्छ । किताबको मात्र होइन बाह्य ज्ञानहरु र व्यवहारिक ज्ञानहरु पनि दिने गर्नु पर्छ । उदाहरणको लागि एक कथा प्रस्तुत गर्दछु -

कर्मबहादुर अति कोमल स्वभावको कर्मठ शिक्षक थिए । उसको राम्रो व्यवहारले गर्दा विद्यार्थीहरु ज्यादै प्रभावित थिए । त्यसैले ऊ कक्षा कोठामा जाने बित्तिकै सबै विद्यार्थीहरु सुखी हुन्थे ।

ठीक समयमा कक्षा कोठामा उपस्थित हुने, फुर्सदमा बालबच्चाहरुलाई चित्रकला, हस्तकला आदि विभिन्न शीपहरु पनि सिकाउने गर्थे । आफ्नो कक्षा सकाएर यदि कक्षा खाली भएको देख्यो भने आफैं गएर बालबालिकाहरुको समय सदुपयोग गर्नु उसले आफ्नो कर्तव्य ठान्थ्यो । यस्तो समयमा उसले बालबालिकाहरुलाई विभिन्न नैतिक शिक्षाहरुले भरिएका कथा सुनाई विद्यार्थीहरुको मन बहलाउने गर्थे ।



Downloaded from http://www.dhamma.digital

स्कूलको विकाश गर्ने कार्यमा ऊ सधैं दत्तचित्त रहन्थे। आफूले थाहा पाएका नौला विकासका विचारधाराहरु पोखी समय समयमा प्रधानाध्यापकलाई सरसल्लाहहरु दिई रहन्थे । आफ्नो रेकर्डहरु सबै सफा र खुलस्त पार्ने गर्थे ।

शिक्षकमा हुनु पर्ने सबै गुणले परिपूर्ण भएको हुँदा स्कूलका परिवार सबै ऊ देखि खुशी थिए । यसरी हरेक शिक्षकहरुमा यी गुणहरुले पूर्ण भएमा स्कूलको र विद्यार्थीहरुको शिक्षामा प्रगती हुने अवश्यम्भावी देखिन्छ।

❀ ❀ ❀



Dhamma.Digital
Downloaded from http://www.dhamma.digital

# कर्मचारी

सरकारी वा गैरसरकारी संस्थाहरुमा सेवारत रही सो सेवा गरेवापत तलव लिने व्यक्तिहरुलाई कर्मचारी भनिन्छ । त्यसरी नै जिल्ला शिक्षा कार्यालयका विभिन्न तहमा रही कार्य गर्ने व्यक्तिहरु पनि कर्मचारी नै हुन् । आफ्नो मातहतका कर्मचारीहरुलाई नियन्त्रणमा राखी आफ्नो रेखदेखमा काम गराउने अधिकारीलाई हाकिम भनिन्छ ।

# हाकिमको कर्तव्य

हाकिमले आफ्नो मातहतका सबै कर्मचारीहरुलाई समान व्यवहार गर्नुपर्छ । नारी होस् या पुरुष, कुनै पनि कर्मचारीलाई पक्षपात गर्नु हुँदैन । सबै कर्मचारीको रेकर्ड राम्ररी राखी हरेक कार्यको मूल्यांकन गर्नुपर्छ । अफिसका कर्मचारीहरु ठीक समयमा अफिसमा उपस्थित भएका छन् वा छैनन्, उनीहरुले आ-आफ्नो कर्तव्य राम्ररी पालन गरेका छन् वा छैनन्, आदि विषयमा राम्ररी अध्ययन पुगेको हुनुपर्छ । सबभन्दा राम्रो काम गर्ने कर्मचारीलाई उचित पुरस्कार दिई त्यस्ता कर्मचारीको मनोबल बढाउन हौसला प्रदान गर्नुपर्छ । समय समयमा निरीक्षकहरु कर्मचारीहरुको कार्य निरीक्षण गर्नको लागि पठाइरहनु पर्दछ । उनीहरुले ल्याएका राम्रा राम्रा रेकर्डहरु मन्त्रालय पठाउनु पर्दछ अनि मात्र कर्मचारीहरुले परिश्रम अनुसारको फल पाउन सक्नेछ ।

नराम्रा रेकर्ड कायम गरेका कर्मचारीहरुलाई आइन्दा यस्तो कार्य नगर्न चेतावनी दिनुपर्छ । चेतावनीलाई पनि उल्लंघन गर्ने कर्मचारीहरुलाई नोकरीबाट निष्काशन गरिदिनु पर्दछ । कर्मचारीहरुलाई केही अप्ठ्यारा स्थितिहरु सृजना भइरहेको छ भने ती स्थितिहरुलाई न्यायपूर्वक हटाइदिने प्रयास गर्नुपर्छ । नमूनाको लागि एक कथा प्रस्तुत



Downloaded from http://www.dhamma.digital

गर्दछु -

गोविन्द एक मेहनती र लगनशील कर्मचारी थियो। उनलाई जिल्ला शिक्षा अधिकारीको पदमा नियुक्त गरियो। ऊ लगनशील, मेहनती, मृदुभाषी र असल स्वभावको मानिस भएको हुँदा अफिसका सबै व्यक्तिसंग उनको राम्रो मेलमिलाप थियो। ठीक समयमा अफिसमा उपस्थित भई नियमानुसार समय समयमा अफिसको काम रेखदेख गर्थे। उनको कार्यले सबै कर्मचारीहरु प्रभावित थिए। उनको मातहतका कर्मचारीहरु ऊदेखि डराउने गर्थे। उसको अगाडी कर्मचारीहरुले काम ठगेर बस्न सक्दैनथे। ठगाहा कर्मचारीहरु उनको अगाडी टिक्न सक्दैनथे।

अफिसका सबै शाखाहरुमा निरीक्षकहरु पठाई हरेक कार्यहरुको निरीक्षण गर्न पठाउने र त्यहाँबाट प्राप्त भएका राम्रा रेकर्डहरु मन्त्रालयमा पठाउने गर्थे। राम्रा रेकर्डहरु कायम गरेका स्कूलहरुलाई पुरस्कार दिन लगाई हौसला बढाई दिन्थे। यसरी न्यायप्रेमी हाकिमलाई सबै स्कूलका शिक्षकहरुले मन पराउँथे। उनको काम देखि प्रभावित भएका सबै कर्मचारीहरुले उसलाई मानसम्मान गर्थे। तैपनि उसमा कत्ति पनि अहंकार र अभिमानी स्वभाव थिएन।

उनको मेहनती स्वभावले गर्दा उनले समय समयमा तक्मा पाउने गर्थे। उसको असल स्वभावले गर्दा उसको परिवार, छिमेकीहरु पनि ऊदेखि प्रशन्न थिए।

यदि हामीमा पनि गोविन्दले जस्तै नाम कमाउने इच्छा छ भने त्यसरी नै इमान्दार र मेहनती बन्नु राम्रो हुनेछ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# सुपरभाइजर ( निरीक्षक )

निरीक्षक अफिसको हाकिमको मातहतको कर्मचारी भएकोले उसले आफूभन्दा माथिका हाकिमले अऱ्हाइएका अफिसियल कार्यहरु समयमै इमान्दारीपूर्वक सम्पन्न गरिदिनु पर्छ। ठीक समयमा अफिसमा आईपुग्ने, अफिसका चिठ्ठीपत्र र रेकर्डहरु हाकिमलाई बुझाउने, समय समयमा आफ्नो जिम्मामा रहेका शाखाहरुको निरीक्षण गरी रिपोर्ट समयमा नै हाकिम साहेबलाई बुझाइदिने गर्नुपर्छ। कुनै पनि काममा ढिलासुस्ति हुन नदिई समयमा नै काम सम्पन्न गरिदिनु पर्छ। अल्छी मानी मानिसहरुलाई भोली आउनु, पर्सि आउनु भनी झुलाउने काम गर्नु हुँदैन। आफ्नो सम्पर्कमा आउने मानिसहरुलाई सकेसम्म नरम बोलीको प्रयोग गर्न जान्नुपर्छ। अनि मात्र मानिसहरुको प्रिय पात्र बन्न पाउनेछ। चिया पिउने समयमा पनि घण्टौ बिताएर अफिसको काममा बाधा पुऱ्याउनु पाप हो। यसको उपमाको लागि एउटा कथा प्रस्तुत गर्दछु -

गोपाल धेरै असल, इमान्दारी निरीक्षक थियो। धर्म सम्बन्धी पुस्तकहरु अध्ययन गर्ने उनको बानी थियो। त्यसैले उसले ठग्नु पाप हो भन्ने विषयमा राम्ररी थाहा थियो। त्यसकारण उसको दैनिक जीवन राम्ररी चलिरहेको थियो।

ठीक समयमा नै अफिसमा उपस्थित भई आफ्ना कार्यहरु समयमा नै सिध्याउने बानीं थियो उसको। आफ्नो निरीक्षण कार्यमा समयले भ्याएसम्म हरेक कार्यहरुको निरीक्षण गरी केही त्रुतिहरु भेटाएमा सम्बन्धित कर्मचारीहरुलाई बोलाई आवश्यक सल्लाह दिने गर्थे। त्यसपछि सबै रिर्पोटहरु बटुलेर हाकिम साहेबलाई बुझाइदिने गर्थे।

सही मूल्यांकन भएका शाखाहरुले आफ्नो राम्रो कामको नतिजा अनुसार राम्रो पुरस्कार पाउने गरेकाले उनीहरुले राम्रो कार्य गर्न अझ प्रोत्साहन पाएका थिए।



Downloaded from http://www.dhamma.digital

गोपालले धर्म सम्बन्धी थुप्रै ज्ञानहरु अध्ययन गरी त्यसलाई आफ्नो जीवनमा प्रयोग गर्न सकेकोले उसको जीवन सुखीपूर्वक बितिरहेको थियो । उसको राम्रो कामदाख प्रभावित भएका सबै ब्यक्तिहरुले उसलाई माया र स्नेह गर्थे । यसरी अरुले उसलाई ब्यक्तिगत रुपमा कोसेलीहरु प्रदान गरी सेवा गर्न आउंथे । यो सबै उसको कामबाट प्रभावित र खुशी भएका मानिसहरु थिए ।

त्यसैले अरुले मान सत्कार गराउने लोभ गर्नु भन्दा आफूले सक्दो परोपकार कार्य गरेमा अरुले पनि आफुलाई उत्तिकै माया र स्नेह गर्नेछ । आफ्नो राम्रो कामले आफ्नै मान बढाईदिन्छ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# किसान

किसान अथवा कृषकहरु अति मेहनती हुनु पर्छ । आफ्नो खेतीपातीको काम गर्न अल्छी नमानी समय समय अनुसारको रोपाइँ गर्दै रहनु पर्छ । काम गर्न अल्छी मानी, पसल थापी, ठूल ठूला घर बनाई बहालमा दिई पैसा कमाउने विचारतिर मात्र लाग्नु राम्रो होइन । देशका जनताले प्रशस्त खान पाउने तरीकाले उत्पादन कार्यलाई अगाडी बढाउनु पर्छ । यसको लागि कृषि र खेतीपाती विषयमा तालिम लिई उब्जनी बढाउने गर्नुपर्छ ।

आफूले गरेजस्तै आफ्ना बालबच्चाहरुलाई पनि समय समयमा खेतीपाती सम्बन्धी ज्ञानहरु दिइरहनु पर्छ । बालबच्चाहरुलाई पढाई लेखाई ज्ञान दिए पनि आखिर आफ्नो वंशजको मूल पेशालाई नभुल्न र अल्छी नबन्ने शिक्षा पनि दिई रहनु पर्छ । शिक्षा हासिल गरेजस्तै खेतीपाती उत्पादन बृद्धि गर्ने काममा पनि अघि सर्नको लागि प्रोत्साहन दिईरहनु पर्छ ।

जसरी अमेरिका, चीन आदि देशहरुमा पढाई लेखाई गरेर जति उच्च शिक्षा हासिल गरेपनि मानिसहरु आफ्नो कार्य (चर्पी सफा गर्नेदेखि लिएर कृषि सम्बन्धी कार्य, डाक्टर र इन्जिनियर आदि कार्य) गर्न हिच्किचाउँदैनन् । उनीहरु काम गर्नु नै इज्जत ठान्छन् । चाहे त्यो काम चर्पी सफा गर्ने, भाँडा माँझ्ने नै किन नहोस् । नमूनाको रुपमा एक कथा प्रस्तुत गर्दछु -

सुरेश महर्जन नाम गरेको एक किसान पढाईलेखाईमा ज्यादै तेजिलो थियो । उच्च शिक्षा हासिल गरिसकेपछि पनि उनले धार्मिक पुस्तकहरु रुची राखेर पढ्ने गर्थे । धर्मात्मा स्वभावका ब्यक्ति भएकोले उनी भन्ने गर्थे-

समाज र देश उन्नति गर्नको लागि धर्मको आवश्यकता पर्दछ, किनभने धार्मिक ब्यक्ति शिक्षित हुन्छ, उसले अरुलाई अहित हुने



Downloaded from http://www.dhamma.digital

कार्य गर्दैन । आफूलाई शान्ति मन परे जस्तै आफु वरिपरिका मानिसहरुलाई पनि शान्तिपूर्वक जिउन मद्दत गर्दछ। उनीहरु बेइमानी हुँदैनन् । बेइमानी र स्वार्थी ब्यक्तिहरुले गर्दा नै परिवार, समाज र देशमा अशान्ति हुने हो ।

सुरेश उच्च शिक्षा हासिल गरेको एक धार्मिक ब्यक्ति पनि हो । तैपनि उसले आफ्नो कुलायन काम कृषिलाई हेला नगरी इज्जतपूर्वक दत्तचित्त भई कार्य गरी रहेका थिए। कुन विधि अपनाए उत्पादन बृद्धि हुनेछ भन्ने विषयमा उसले सधैं सोची रहन्थे ।

मेहनती कृषक भएकोले उसले राम्ररी उब्जनी गरी सबै सामानले आफ्नो घर भरिपूर्ण बनाएका थिए । निर्लोभी भएकोले उसले उत्पादन भएका सामानहरु कम मूल्यमा नै बेची टोलबासीहरु र उपभोक्ताहरुलाई सुविधा पुऱ्याएका थिए। उसको यस्तो सेवाभावले प्रभावित भएका टोलबासीहरु र साथीभाईहरु उसंग सल्लाह लिई खेती गर्नका लागि उसको घरमा ओइरो लाग्थ्यो ।

उसको सफलता देखेर अरु कृषकहरु पनि त्यसरी नै इमान्दार बन्न खोज्थे । सुरेशले इमान्दारपूर्वक आफ्ना तल्सिंलाई तिर्नुपर्ने रकमहरु समयमै तिरिदिन्थे। धार्मिक आचरणलाई व्यवहारमा उतारि शीलवान बनी मेहनती र इमान्दारीपूर्वक काम गर्न जानेको सुरेशलाई आपतबिपत त्यति आएको थिएन । बरु उसको राम्रो, निर्मल, निस्वार्थी चित्तले हरेक काममा उसले सफलता नै हासिल गरेको थियो ।

यसरी समाजमा एक सफल ब्यक्तित्वको रुपमा चिनाउनको लागि हामीले पनि सुरेश जस्तै इमान्दार र मेहनती बन्न सक्नुपर्छ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# डेरामा (भाडामा) बस्ने ब्यक्तिको कर्तव्य

विभिन्न कारणले गर्दा मानिसहरु अर्काको घरमा भाडा तिरी बस्नु परेको हुन्छन् । कसैको आर्थिक अवस्था कमजोर भएर घर बनाउन नसकी डेरामा बस्नुपर्ने हुन्छ भने कसैको आफ्नो घर भएपनि काम गरेर खाने ठाउँ अनुकुल नभएकोले काम गरी पैसा कमाउने ठाउँमा डेरा गरेर बस्नु पर्ने हुन्छ। कसैलाई गाउँमा घर छोडेर शहरमा विद्यार्थी जीवन बिताउन परेकोले भाडामा बस्नु पर्ने हुन्छ आदि आदि । डेरामा बस्दा पनि मानिसहरुले आ-आफ्नो कर्तव्य पालन गरि रहनु राम्रो हुन्छ। त्यसकारण डेरामा बस्दा आफू कस्तो बन्नु पर्छ भन्ने विषयमा पनि ज्ञान हुनु पर्छ ।

डेरामा बसेपछि आफ्नो डेरालाई आफ्नै घर ठान्ने गर्नुपर्छ । अर्थात् आफ्नै घर ठानी सफा सुग्घर कार्यमा जुट्नुपर्छ। कुनै सामान टुटेफुटेको भए पनि आफुले सक्दो मर्मत गरिदिनु पर्छ। अर्काको घर त हो नि मलाई के मतलब आदि भन्ने गर्नु हुँदैन । आफू बसेको घरमा नोक्सान हुने कार्य गरी असभ्य बन्नु हुँदैन । नमूनाको लागि एउटा कथा प्रस्तुत गर्दछु –

उमेश नाम गरेको एक भलादमी ब्यक्ति एउंटा घरमा डेरा लिएर बसेको थियो । धार्मिक विचारधाराका ब्यक्ति भएको हुनाले ऊ विवेकशील र इमान्दार पनि थियो। उसलाई राम्ररी थाहा थियो मानिस भएर जन्मे पछि खानु, पिउनु, सुत्नु र मोजमज्जा मात्र गरेर दिन बिताउनु नै पशु जीवन हो । मानिस भएपछि पशु भन्दा माथिल्लो दर्जाको कार्य गरेर समय बिताउनु पर्छ। त्यसैले हरेक मानिसले समाज सेवा जस्ता सेवामूलक कार्यहरु पनि गर्दै जानु पर्छ ।

उमेश अर्काको घरमा बसेपछि उसले त्यस घरलाई आफ्नै घर ठानी सफा सुग्घर गर्ने गर्थे । आफू बसेको कोठामा मात्र होइन, आसपास समेत सफा सुग्घर राख्थे । बेलाबखतमा आफ्नो आर्थिक



Downloaded from http://www.dhamma.digital

अवस्थाले भ्याउने तरीकाले रंगरोगन लगाउने र टुटेफुटेको ठाउँमा मर्मत पनि गर्न लगाउने गर्थे । समयमै घर भाडा बुझाउनु उसको बानी नै थियो । आफू डेरामा बसेको घरपतिलाई आफ्नै परिवार सरह सम्झन्थे । त्यसैले उसले आफ्नो परिवारमा केही मिठो खानेकुरा परिकारहरु बनाएको बेलामा घरपतिलाई पनि दिने गर्थे । आफ्नो गाउँबाट केही कोसेलीहरु ल्याएको बेलामा पनि घरपतिलाई दिन भुल्दैनथे ।

आफू भलो भए जगत भलो भने जस्तै दया, माया र मैत्रीले भरेको उमेशको व्यवहार देखि प्रभावित भएका घरपतिले पनि उमेशलाई आफ्नै छोरा जस्तै माया गर्थे । डेरामा मात्र होइन टोलका सबै मानिससंग उसको त्यत्तिकै माया थियो ।

यसरी समाजको प्रिय व्यक्ति बन्ने हो भने हामी पनि उमेश जस्तै इमान्दार र भलादमी बन्न सक्नु पर्छ ।

❀ ❀ ❀

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# डकर्मी

**डकर्मी कस्तो हुनु पर्छ ?**

आफ्नो जीविका चलाउनको निमित्त मानिसले आफ्नो मेहनत, परिश्रम र इमान्दारीपनालाई अगाडी सारी काम गर्नु पर्छ । पैसा कमाउने भन्दैमा चोरी, डकैती, ठगी आदि काम गरेर पैसा कमाउने बानी गर्नु हुँदैन । यसरी नै डकर्मी काम गर्ने व्यक्तिहरुले पनि काम ठग्ने, बढी नाफा खाने, ज्यालादारीमा काम गरेको त हो नि भन्ने मनमा राखी खाजा खाने समयमा पनि घण्टौं लगाइदिने, चुरोट खाएर दिन बिताउने आदि गरी माना पकाउने काम गर्नु हुँदैन । यो इमान्दारी होइन बेइमानी हो । यस्तो बेइमानी बानी भएको मानिसको गति पनि राम्रो हुँदैन । नमूनाको लागि एउटा कथा प्रस्तुत गर्दछु –

कपिल एक असल स्वभावको डकर्मी थिया । उसको बुबा संगसंगै काममा गएर उसले पनि डकर्मी काम सिकेका थिए । यसरी अनुभव बटुल्दै ऊ पनि ठूलठूला घर बनाउने ठाउँको डकर्मी बन्न सफल भए ।

बोलीबचन नरम र असल स्वभावको व्यक्ति भएकोले उसलाई सबैले मन पराउँथे । अझ काममा पनि राम्रो भएकोले धेरैजसो मानिसहरुले ऊसंग सम्पर्क राख्न आउँथे । आफ्नो घरमा आउने जोसुकै व्यक्तिलाई पनि उसले मिठो बोली बोलेर आफूले सक्दो सेवा गरेर पठाउँथे ।

डकर्मी नाइके भएकोले ऊ अरु भन्दा छिटो काममा हाजिर हुन जानु पर्थ्यो । काममा छिटो पुगेर अरु डकर्मी र ज्यामीहरुको निरीक्षण गरी समयमा आइपुग्ने डकर्मी र ज्यामीहरुलाई पछि फेरि फेरि पनि ढिलो नहुन चेतावनी दिन्थ्यो । अर्काको काममा बाधा पुऱ्याई ठग्नु पाप भएकोले ढिलो आउने व्यक्तिलाई ढिला सम्म काम गराएर मात्र फर्काउँथ्यो । उसले काम गर्ने बेलामा आफ्नो शरीर संगसंगै मनले



Downloaded from http://www.dhamma.digital

पनि ध्यान पुऱ्याउने हुनाले उसको कामले धेरैजसो सफलता नै हासिल गर्थ्यो। मेहनती र धार्मिक ब्यक्ति भएकोले उसले अरुले जस्तो दिन काट्ने र माना पकाउने जस्तो ब्यवहार कहिल्यै पनि गर्दैनथे। दिउँसो खाजा खान जाँदा पनि ठीक समयमै काममा उपस्थित हुन्थे। नचाहिंदो पदार्थहरु (चुरोट, खैनी, बिडी, सुर्ती, जाँड, रक्सी) लाई उसले कहिल्यै पनि सेवन गर्दैनथे। यसरी असल, मेहनती, इमान्दार, चलाख र भलादमी डकर्मी नाइके भएकोले उसलाई अरु डकर्मी र ज्यामीहरुले पनि हेप्न र ठग्न सक्दैनथे। फलस्वरुप उमेशको समूहका डकर्मी र ज्यामीहरुले काम गर्दा छिटो, छरिटो र राम्रो गर्थ्यो। उनीहरुको राम्रो काम देखेर धेरै जसो मानिसले आफ्नो घर बनाउने काममा उमेशलाई नै बोलाई सर-सल्लाह लिने र सबै काम उमेशलाई नै सुम्पिने गर्न थाल्यो। यसले गर्दा उमेशलाई फुर्सद नै हुँदैनथ्यो। कहिल्यै पनि चुप लागेर बस्नु पर्दैनथ्यो ऊ।

तर अरु डकर्मीहरु भने काम नपाएर हल्लिएर हिंड्नु पर्थ्यो। त्यसैले उनीहरु पनि उमेश कहाँ आएर काम गर्न माग्थ्यो। उमेशले उनीहरुलाई शरण पर्न आएको ब्यक्ति सम्झेर खुशी साथ काम लगाइदिन्थ्यो। यसरी उसको साथीभाईहरु पनि धेरै थियो।

त्यसकारण संसारमा जन्मेर जे काम गरे पनि त्यसबाट सफलता हासिल गर्नको लागि इमान्दार, मेहनती, सहनशील, मृदुभाषी र अभिमान रहित बन्नु पर्छ। अनि मात्र जहिले पनि आफ्नो काममा सफलता हासिल गर्न सक्नेछ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# सिकर्मी

**सिकर्मी कस्तो हुनु पर्छ ?**

डकर्मी जस्तै सिकर्मीले पनि आफ्नो कर्तव्य राम्ररी निभाउनु पर्छ । तोकिएको समयमा काममा पुग्नुपर्छ । काममा ठग्ने बानी गर्नु हुँदैन । ठगाहाहरुले विभिन्न तरीकाले ठग्न सक्छ । चुरोट खाने समय, खाजा खाने समय भिकेर उनीहरुले यहि समयमा घण्टौं लगाएर काम ठग्ने गर्छन् । तर एक इमान्दार सिकर्मीले यस्तो नराम्रा बानीहरुलाई त्याग्छन् । उनीहरुले इमान्दारपूर्वक काम गरी सकिएपछि आफ्नो सामानहरु आफैले ठीक ठाउँमा सुरक्षितपूर्वक राखेर घर फर्किन्छ । नमूनाको लागि एक कथा -

कुमार एक इमान्दार सिकर्मी थियो । उसले ज्ञानी, विद्वान र धार्मिक मानिसहरुको संगत गरी उनीहरुको तर्फबाट थुप्रै ज्ञानगुणका कुराहरु अध्ययन र अभ्यास गरिरहेको थियो । त्यसैले उसलाई धर्म के हो भन्ने विषयमा राम्ररी थाहा थियो । उसले भन्ने गर्थ्यो – "धर्म केवल पूजा पाठ गरी भक्तिभावमा मात्र लाग्नलाई होइन । मानिसले आ-आफ्नो कर्तव्यलाई विश्वास पूर्वक राम्ररी पालन गर्न सक्यो भने त्यही धर्म हो । धर्म विना मानिसको जीवन व्यर्थ हुन्छ" ।

कुमारको घरायसी अवस्था साधारण थियो । उसले आफ्नो सिकर्मी पेशा बाहेक अर्को पेशा अपनाएको थिएन । त्यसैले बिहान ९:३० बजे नै आफ्नो काममा जान्थे र आफ्नो काम शुरु गरिहाल्थ्यो । काम ठग्ने प्रवृति पटक्कै नभएको कुमारले दिउँसो २:०० बजे खाजा खान जान्छ र २५ मिनेट भित्र फर्केर आउँछ । आफ्नो घरको निजी कार्यमा जति दिलचस्पी लगाउँथ्यो त्यति नै उसले अरुको कार्यमा पनि आफ्नो कर्तव्य नै ठानी दिलचस्पी लगाउने गर्थ्यो । आफूले काम गरेको ठाउँमा पैसाको लेनदेन विषयमा आफ्नो कापीमा खुलस्त (लिखित रुपमा) लेखेर राख्ने बानी भएकोले हिसाबमा गड्बड् पनि



Downloaded from http://www.dhamma.digital

हुदैनथ्यो। यसरी हरेक कार्य उसले होशियारपूर्वक इमान्दारीताका साथ सम्पन्न गर्ने भएकोले कुमारसंग काम गर्ने सबैलाई कुनै कठिनाई र झन्झट हुँदैनथ्यो।

उसले आफुले काम गर्न गएको ठाउँको मानिसहरुको आर्थिक अवस्था हेरी मात्र ज्याला लिने गर्थे। आर्थिक अवस्था अलि कमजोर जस्तो देखिने ठाउंका मानिसहरुसंग उसले कम मात्र ज्याला लिने गर्थ्यो। यसरी राम्रो स्वभावको सिकर्मी भएको हुनाले धेरैजसो मानिसले आफ्नो काम कुमारलाई मात्र अऱ्हाउन मन पराउँथ्यो। यसरी एक दिन पनि हात खाली बस्न नपर्ने कुमारलाई पैसाको खाँचो थिएन। बेला बखतमा दान धर्म गर्ने बानी भएकोले कुमारले दुःखी गरीब ब्यक्तिहरुलाई आफूले सक्दो सहयोग पनि गर्ने गर्थ्यो।

कर्तव्यपरायण कुमारले आफ्ना आमाबुबाको सेवा सुश्रुषाको साथै आफ्ना परिवारलाई गर्नु पर्ने कर्तव्य पनि पालन गरिरहेका थिए। परस्पर मेलमिलाप र मैत्रीले भरेको परिवार भएकोले कुमारको घर परिवार ज्यादै रमाइलो र सुखी थियो।

मानिसको जीवन सुखमय बनाउने, आफूलाई परिवार, समाज र देशले सम्मान गराउने हो भने आफु कर्तव्यपरायण बन्नु अति आवश्यक छ। यी सबैले बुझेर मनन गर्नु पर्ने विषय हो।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# व्यापारी (पसले)

**पसलमा बस्ने मानिसको व्यवहार कस्तो हुनुपर्छ ?**

पसलमा बस्नु पर्ने व्यक्ति पाँच अंगले पूर्ण हुनु पर्छ ।

१) मृदुभाषी – सुभाषित र मीठो बोली बोल्ने हुनुपर्छ। ग्राहकहरुको मन पगाल्न सक्ने आकर्षक बोलीले मन आनन्दित पार्न सक्ने हुनुपर्छ। सधैं मुसुमुसु हाँसी ग्राहकहरुको स्वागत गर्न सक्नु पर्छ। ग्राहकलाई चित्त नबुझे सम्म झर्को नमानी सामान झिकेर देखाउनु पर्छ।

२) मेहनती – व्यापारी अल्छी हुनु हुँदैन। आफ्नो पसलमा आएको ग्राहकलाई चित्त नबुझे सम्म उसले भनेको सामान झिकेर दिनु पर्छ। सामान जहाँ राम्रो हुन्छ, त्यहाँबाट ल्याई पसल सजाउनु पर्दछ। पसलमा कसरी ग्राहक आकर्षित हुन्छ त्यसरी नै सफाई गरी सजावत गर्नुपर्छ। पसलमा भाउ मात्र सोध्न आउँछ किन्ने होइन भन्दै ग्राहकसंग झर्किनु हुँदैन र हप्काउनु पनि हुँदैन। एकपटक किन्न आउने ग्राहकलाई फेरी आउन मन लाग्ने बनाउन मेहनत गर्नुपर्छ।

३) राम्रो व्यवहार – व्यापारीको व्यवहार राम्रो हुनु पर्छ। ग्राहकहरु धनी होस् वा गरीब उनीहरुलाई समान व्यवहार गर्नुपर्छ। चाहे थोरै किन्नु होस् या धेरै। फेरी लेनदेनमा बेइमान नगर्ने ब्यक्तिलाई उधारो माग्न आए पनि राम्रो हिसाब किताब (लिखित रुपमा) राखी राम्रै मिजासले दिनु पर्छ।

४) मुस्कान – पसलमा बस्ने साहुजी जहिले पनि हँसिलो अनुहारमा रही प्रशन्न मुद्रामा रहनु पर्छ। ग्राहकले यसो हेर्ने बित्तिकै मन आनन्द हुने र किन्न मन नपरे पनि किनु किनु लाग्ने इच्छा जगाउन सक्ने गरी व्यवहार गर्न सक्नु पर्छ।

५) समस्या बुझ्न सक्ने – व्यापारी वा पसले साहुजीले ग्राहकहरुको समस्या बुझेर व्यवहार गर्नुपर्छ। "मेरो गोरुको बार्है टक्का" भन्ने



Downloaded from http://www.dhamma.digital

उखानमा रहनु हुँदैन । अवस्थालाई सुहाउंदो व्यवहार गर्न सक्नु पर्छ । नमूनाको लागि एउटा कथा –

केशब बाल्यकाल देखि नै राम्रा स्वभावको केटो थियो । उसको स्वभावदेखि उसको आमा बुबा दुवै निकै खुशी थिए । धार्मिक विचार धाराका ब्यक्ति भएकोले उसले जवानी अवस्थामा पनि धर्म सम्बन्धी पुस्तकहरु हेर्न रुचाउंथे । उसले व्यापारी भएर जीविका चलाउँदै थियो ।

बिहान उठ्ने बित्तिकै नित्य कर्म सिध्याएर पाठ पूजा गर्थ्यो । अनि बिहानको चियापान सकेपछि पसलमा जाने गर्थ्यो । आफ्ना ग्राहकहरुलाई आफ्नै परिवारका सदस्य जस्तै व्यवहार गर्न सक्ने केशबले उनीहरुलाई उमेर हेरी हेरी दाइ, भाई, बहिनी, दिदी भन्दै आत्मिय भावले सम्बोधन गरी मीठो बचन प्रयोग गर्दै व्यापार गर्थ्यो । ग्राहकहरु धनी होस् या गरीब यसले उसलाई केही फरक पर्दैनथ्यो । कत्ति पनि झर्को नमानी उनीहरुको इच्छा पुरा गर्नु आफ्नो कर्तव्य सम्झन्थ्यो उसले । ठूलो जात, सानो जात, बूढाबूढी, युवायुवती आदि सबैलाई समान व्यवहार गर्ने क्षमता भएको केशबलाई धेरै जसो ग्राहकहरुले मन पराउँदथे । त्यसैले उसले पसल नखोले सम्म ग्राहकहरु उसलाई पर्खिरहन्थे ।

गरीब ग्राहकहरुलाई उसले उधारो पनि दिने गर्थ्यो । यसको लागि उसले छुट्टै नोट कपी बनाई राख्थ्यो र लिखित रुपमा लेनदेनको हिसाब राख्ने गर्थ्यो ।

सधैं मुसुमुसु हाँसी रहने केशब कहाँ जो कोही पनि साथीभाईहरु आ-आफ्नो घरायसी समस्या पोख्न आउँथ्यो । यस्तो साथीभाईलाई केशबले आफूले जाने जस्तो धर्म सम्बन्धि ज्ञानगुणका कुराहरु सुनाई उनीहरुको मन बहलाईदिन्थ्यो । यसरी केशब सबै मानिसको सम्पर्कमा आउँछ र प्रत्येक ब्यक्तिको आचरणलाई चिनेर राम्रो आचरण सहितको ब्यक्तिसंग मात्र संगत गर्ने गर्छ । कोही श्रवण ब्राम्हणहरु आएमा आफूले सक्दो दान गरी सेवा भाव ब्यक्त गर्थे । उसलाई थाहा थियो



Downloaded from http://www.dhamma.digital

आफूमा त्याग भावना जगाई केही दान दिने बानी गरेमा मात्र आफ्नो चित्तले स्वार्थी र कन्जुसीपनालाई हटाउन सकिन्थ्यो ।

यसरी राम्रो ब्यवहार भएको केशबले आफ्नो व्यापारमा धेरै प्रगति गरेको थियो । फलस्वरुप उसले त्यही व्यापारबाट घर, मोटर साईकल र मोटर समेत किनी एक धनी ब्यक्ति बन्न सफल भएको थियो ।

मेहनती र इमान्दारी केशबले आफ्नो परिवारमा पनि परस्पर मेलमिलाप र शान्ति वातावरण कायम राख्न सफल भएको थियो । यसरी उसले आफ्नो परिवारहरुसंग सुख पूर्वक जीवन बिताईरहेका थिए ।

यसरी मानिसले आफ्नो जीवन सुखमय बनाउनका लागि मेहनती, लगनशील, इमान्दार, अभिमान रहित र निस्वार्थी बन्न सक्नु पर्दो रहेछ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# छिमेकी

घर आपसका छिमेकीहरु कस्तो हुनु पर्छ ?

मानिस एक सामाजिक प्राणी हो । त्यसैले ऊ समाजमा बस्नु पर्छ। समाजमा थुप्रै मानिसहरुको समूह हुन्छन्। ती मानिसहरु रहनको लागि थुप्रै घरहरु बनाईएका हुन्छन् । ती घरहरुमा छुट्टाछुट्टै परिवारहरु रहने गर्छन्। यसरी एक घरबाट नजिक पर्ने आसपासका अरु घरहरुका सबै व्यक्तिहरु, परिवारहरु छिमेकी हुन्छन् । एकै टोलका बासिन्दा भएपछि सधैं देखिरहने, भेटिरहने, परस्पर सम्बन्ध भइरहने भएकोले एकले अर्कोलाई आपत बिपतमा मद्दत गर्ने र सेवा गर्ने भावना सबैमा हुनु पर्छ । आफुलाई चाहिएको बेलामा मात्र चाकडी गरी काम लिइसकेपछि बिर्सनु राम्रो होइन । नमूनाको लागि एक कथा –

हरि धार्मिक केटो थियो । उसलाई समाज सेवा कार्य अति मन पर्थ्यो । आफ्ना छिमेकीहरुसंग मीठो बोली बोलेर आफूले सक्दो सेवा गरी उसले सबैको मन जितेको थियो। ऊ आफ्ना छरछिमेकीहरुको उन्नति भएको देखेर आफ्नै उन्नति भएको जस्तै खुशी भइरहन्थ्यो । अझ त्यो भन्दा पनि उन्नति अभिबृद्धि गराउन आफूले सक्दो सर सल्लाह पनि दिने गर्थ्यो । उसले आफ्नो शरीर, वचन र मनले यथासक्य परोपकार कार्यमा लागेर दिन बिताईरहेको थियो । उसको यस्तो निस्वार्थ भावनालाई छिमेकीहरु सबैले कदर गरेका थिए ।

दिन बित्दै गए । एकदिन केही रोगको कारणले हरिको मृत्यु भयो। उसको मृत्यु पछि उसका टोलका धेरै जसो छिमेकीहरुले उसको निस्वार्थ सहयोगी भावना र कृतज्ञ गुण सम्झेर धेरै बिलौना गरे। सबै मिलेर शोक मनाए । उनीहरुले हरिको गुणलाई बिर्सन सकेनन् । उनीहरुको हृदयमा ठूलो चोट पर्यो। आफ्नो परिवारको प्यारो सदस्यलाई गुमाएको अनुभव गरे उनीहरुले । यसरी सबैको प्यारो व्यक्ति बनी सबैले प्रशंसा गराउनको लागि आफूले पनि अरुलाई निस्वार्थ भावनाले सक्दो सहयोग पुर्‍याउनु पर्दो रहेछ ।



Downloaded from http://www.dhamma.digital

# पियन

पियन कस्तो हुनुपर्छ ?

पियन हरेक कार्यालयमा नभई नहुने कर्मचारी हो । यो तल्लो तहको कर्मचारी भएता पनि यसले कुनै पनि कार्यालयमा आवश्यक भूमिका निभाईरहेको हुन्छ । एक कर्तव्यपरायण पियन बन्नका लागि उसमा यी गुणहरु हुनुपर्छ ।

१) अल्छी नभई जुनसुकै कार्य गर्नको लागि पनि फुर्तिलो, जाँगरिलो र चल्तापूर्जा हुनुपर्छ ।

२) हाकिम साहेबहरुले अर्‍हाएका कार्यहरु समयमै गरिदिने बानी भएको हुनुपर्छ ।

३) आफूभन्दा माथिल्लो स्तरका हाकिमहरुलाई अट्टेरी स्वभाव निकाली व्यवहार गर्नु हुँदैन । जहिले पनि उनीहरुको आदर, गौरब र सम्मान राखी व्यवहार गर्नुपर्छ ।

४) कार्यालयमा हाकिम साहेबहरुले अर्‍हाएका कामहरु यथा समयमा तयार गर्नु पर्ने भएकोले पियन आफ्नो हरेक कार्यमा होशियारी रहनु पर्छ । लापर्वाही तरीका अपनाएर काम गर्नु हुँदैन । सधैं स्मृतिवान भई आफुलाई अर्‍हाइएका कार्यहरु समय समयमा तयार राख्नु पर्छ ।

५) हाकिम भन्दा जान्ने भएर कुरा गर्ने र काम गर्ने स्वभावको हुनु हुँदैन ।

६) हाकिमको कुरा काटेर अनुशासन उल्लघंन गरी हिंड्नु हुँदैन ।

७) आज्ञाकारी भएर रहनु पर्छ ।

नमूनाको लागि एक कथा –

विपल मास्केको बाल्यकालदेखि बुबा मरेको हुनाले उसलाई आमाले लालन पालन गरेर हुर्काएको थियो । उसको आमाको आर्थिक अवस्था कमजोर थियो । तै पनि् उनीले आफ्नो छोरालाई सकिनसकि स्कूल भर्ना गरिदिइन् । कमजोर आर्थिक अवस्थाको कारणले विपलले



Downloaded from http://www.dhamma.digital

धेरै विद्या अध्ययन गर्न पाएन । तै पनि उसको स्वभाव गम्भिर, शिक्षित र बुद्धिमानी थियो । यस्तो राम्रो स्वभावको केटो भएकोले उनीहरुलाई इस्टमित्रले उसलाई एउटा स्कूलमा पियन दर्जाको नोकरी मिलाई दियो ।

विपलले नोकरी गर्न थालेपछि मात्र आमा छोरा दुबैको बिचमा जीवन निर्वाह गर्न अलि सजिलो भयो । नोकरी मिलेपछि विपल ठीक ९ बजे स्कूल पुग्ने गर्थ्यो । ठाउँ ठाउँमा कुचो लगाउने, टेबल मेचहरु पुछ्ने, डस्टरहरु राख्ने आदि आवश्यक कार्यहरु चटक्क मिलाएर राख्थ्यो । यति गरिसकेपछि हरेक कक्षा कोठाहरुमा आवश्यक सामानहरु पुगेको छ वा छैन आदि बारे ध्यान पुर्‍याउन जान्थ्यो । कहिं तस्वीरहरु खसिराखेको छ कि छैन आदि विषयमा पनि ध्यान पुऱ्याउँथ्यो ।

समय समयमा घण्टी बजाउने, कक्षा संचालन गर्नु हुने गुरुहरुलाई खाजा तयार पार्ने, खेलकुद मैदानमा हेरविचार गर्ने आदि कार्य सबै कुशलपूर्वक गर्ने गर्थ्यो । हाफ टाइम पछि फेरी सफाइ कार्य गर्न थाल्थ्यो । जुनसुकै काम पनि बुद्धि पुऱ्याएर गर्ने भएकोले उसको काममा त्यति बिघ्न बाधा आउँदैनथ्यो । अल्छी पटक्कै नमान्ने विपलले जसले जे काम अऱ्हाए पनि खुशीसाथ चटक्क मिलाएर गरिदिन्थ्यो ।

काम सकिने बित्तिकै आफ्नो फुर्सद हेरेर बगैंचामा फूल विरुवाहरुको स्याहार सुसार गर्न पुग्थ्यो । सबैसंग आदर सम्मानपूर्वक नरम बोली बोल्ने विपललाई सबैले माया गर्थ्यो । उसको राम्रो स्वभावदेखि प्रशन्न हुने धेरै जसोले उसलाई इनाम दिएर जान्थ्यो । आफू भलो भए जगत भलो भने जस्तै उसको लागि संसारमा नराम्रा व्यक्ति थिएन ।

यसरी विपल जस्तै कर्तव्यपरायण हुन सकेमा सबैले आफ्नो जीवन सफल र सुखी बनाउन सकिन्छ ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# साधु

साधुको स्वभाव कस्तो हुनुपर्छ ?

साधारणतया साधु भन्नाले जटाधारी, सन्त महन्त, भिक्षु श्रमण आदिलाई प्रयोग गर्ने शब्द हो ।

गृहस्थीहरुले आफूलाई सुन, चाँदी आदि गहना लगाएर सजाई सुन्दर पार्दछन् भने साधु सन्तहरुले आ-आफ्नो शील नियमहरु पालन गरी आफूलाई सजाउँछन्। साधु सन्तहरुलाई शील नियमहरुले सुसज्जित हुनु मात्र सुहाउँदछ।

साधु सन्तले इन्द्रियहरुलाई नियन्त्रणमा राख्नु राम्रो हुन्छ । साधु सन्तहरु ठूलो आवाज निकाली हाँस्नु हुँदैन । उनीहरुको स्वभाव चञ्चल हुनु हुँदैन । केटा र केटी एक आपसमा नजिकिएर कुरा गर्नु हुँदैन। उनीहरु गम्भीर र नरम स्वभावको हुनुपर्छ। आँखा नचाउँदै यता उता हेरेर हिंड्नु हुँदैन ।

आफ्ना इष्टमित्र र दाताहरुलाई सन्तोष पारी उपदेश दिनु पर्छ। आफूले दिएका उपदेशहरुलाई उनीहरुले आफ्नो दैनिक जीवनमा पनि प्रयोग गर्न सक्नु पर्छ ।

उनीहरुले धनी, गरीब, युवायुवती, बूढाबूढी आदि सबैलाई समान व्यवहार गर्न सक्नुपर्छ। नमूनाको लागि एक कथा –

एउटा बालकलाई कसैले जंगलमा फालिराखेको रहेछ । संयोगवश त्यस बालकलाई जंगलमा चर्दै गरेको एक गाईले देखेछ। बालक रोइरहेको देखेर किन हो कुन्नि त्यस गाईलाई माया लागेछ। त्यसैले त्यस गाईले बालकको रक्षा गर्ने उद्देश्यले त्यही बसिरह्यो ।

केही समय पछि एकजना मानिस दाउरा खोज्न जंगल पसेको रहेछ। त्यस मानिसलाई देख्ने बित्तिकै बालक कुरिरहने गाई कराएछ। सायद बालकको रक्षा गर भनेको हुनुपर्छ। मानिस त्यस गाईको नजिक पुगेर हेर्दा एउटा बालक फालिएको अवस्थामा देखेर अचम्म मान्यो। गाईले पनि केही नगरेकोले गाईको मनको कुरो उसले



Downloaded from http://www.dhamma.digital

छिट्टै बुझिहाल्यो र बालकलाई च्यापेर त्यहाँबाट ऊ हिंड्यो ।

त्यस मानिसले बालकलाई पालिराख्यो । दिन बित्दै गयो, बालक झन झन ठूलो हुँदै आयो । त्यो बालक एकदम सुन्दर, रुप रंग अति राम्रो, स्वभाव पनि राम्रो र तेजस्वी थियो । उसको नाम मुनी राखियो ।

एकदिन उसको घरमा एकजना मानिसले त्यस्तो राम्रो बालक कसले फालेको होला ? मरेको भए के गर्ने ? भन्दै आश्चर्य प्रकट गरी मुनीको विषयमा कुरा गरिराखेको मुनीले सुनेछ । आफू फालिएको बालक रहेछ र आफ्नो आमा बुबा भन्ने ठानिएको त ती सब झूठा रहेछन् भन्ने थाहा पाई त्यस केटो असाध्य दुःखी भएछ । यसबारे उसले आमा बुबासंग सोधपुछ गरेर केही जान्न चाह्यो । आमा बुबाले केही बताउन चाहेनन् । तै पनि मुनीले जिद्दी गरेर सोधे पछि उनीहरुको केही लागेन । उनीहरुले बताउनु पर्‍यो कि मुनी उनीहरुको सन्तान होइन भन्ने कुरो । कुरा खुलस्त भएपछि मुनी त्यस घरमा बस्न चाहेन । उसले साधु बनेर घरबाट निस्कने इच्छा गर्‍यो । अनि उसले आफ्नो इच्छालाई आमा बुबा समक्ष बिन्ती गर्‍यो । आमा बुबाले उसलाई रोक्न चाहे पनि रोक्न नसकेपछि केही नलागी उनीहरुले मुनीलाई खानेकुराहरु दिएर पठाए । उनीहरुले मुनीको बिछोडमा धेरै शोक गरे ।

मुनीले घर त्यागेर सत्य धर्मको खोजी गर्दै हिडें । एकजना साथीले उसलाई बिहारमा लगी भिक्षुहरुसंग परिचय गराइदिएछ । भिक्षुहरुसंग उपदेश सुनेपछि उसलाई पनि बुद्धको शिष्य बन्न मन लागेछ । त्यसैले उसले पनि त्यागी बन्ने इच्छा गरी प्रब्रज्या माग्यो ।

राम्रो शीलस्वभावले परिपूर्ण मुनीलाई उपासक उपासिकाहरु र पूज्य भिक्षुहरुको आयोजनामा भव्य रुपले उत्सब मनाई श्रामणेर गरी दियो । श्रामणेर भए देखि उसले आफ्नो शील नियमलाई आफ्नो आचरणमा प्रयोग गर्दै लगे ।

उसको स्वभावमा चञ्चलता थिएन । इन्द्रिय संयम गरी



Downloaded from http://www.dhamma.digital

गम्भिर पूर्वक रहने गर्थ्यो । आफू बस्ने बिहारमा सधैं सफा सुग्घर गर्थ्यो । आफ्ना गुरुहरुलाई आवश्यक सबै सेवा टहल समय समयमा पुऱ्याउने गर्थ्यो । उसमा अल्छीपना पटक्कै थिएन ।

मुनीको वचन अति कोमल र नरम थियो । जसले गर्दा मानिसहरु उसको व्यवहार देखेर प्रभावित हुने गर्थ्यो । उसले आफ्नो दैनिक कार्य तालिका बनाउँदै ती कार्यहरुलाई तालिका अनुसार पूरा गर्ने गर्थ्यो । तालिका अनुसार काम गर्ने बानी भएकोले उसको कुनै पनि काम अपुरो र अधुरो हुँदैनथ्यो ।

उसले तालिका अनुसार लेख लेख्ने, सफा सुग्घर गर्ने, ध्यान, सत्व प्राणीहरु माथि करुणा एवं दया राखी मैत्री भावना आदि कार्यहरु गर्ने गर्थ्यो । यसरी आफ्नो मनलाई सधैं जसो राम्रो कार्यमा मात्र ब्यस्त राखेको फलस्वरुप उसमा अझ प्रतिभा बढ्न थाल्यो । उसको उपदेश पनि प्रभावशाली हुन थाल्यो । यथाबादी तथाकारी भएर काम गर्ने हुनाले उसको वाक सत्य पनि अझ प्रभावशाली बन्न थाल्यो ।

त्यसैले साधुहरुमा साधु स्वभाव हुनु अति महत्वपूर्ण छ । साधुहरु अरुले कमाइराखेको धन दानको रुपमा ग्रहण गरी आफ्नो जीवन पाल्नु पर्ने ब्यक्तिहरु हुन् । दान ग्रहण गरी चञ्चल स्वभाव निकाली भौतिक सुखमा मात्र भुलेर बस्ने बानी साधुलाई सुहाउँदैन । त्यस्तो नक्कली साधुलाई कर्तव्य पूरा नभएको साधु भनिन्छ । कर्तव्य पूरा नभएको साधुले अर्काको दानलाई पचाउन सक्दैन । किनभने धर्म भनेको आफ्नो चित्त शुद्ध पारी निस्वार्थी बन्नका लागि हो । अर्कालाई देखाउनको लागि मात्र प्रयोग गरिने देखावती कार्यलाई शुद्ध धार्मिक कार्य भन्न सकिंदैन ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# घरको नोकर

घरमा बस्ने नोकर कस्तो खालको हुनुपर्छ ?

धेरै जसो धनी र सम्पन्न परिवारमा नोकर पाल्ने चलन हुन्छ। नोकरले आफ्नो स्थानमा रही आफ्ना मालिकहरु प्रति विभिन्न कर्तव्यहरु पूरा गर्नुपर्छ।

नोकरहरु मालिकहरु उठ्नु भन्दा अगाडी नै बिहान सबेरै उठ्नुपर्छ। उठेर आफ्नो नित्य कर्म सिध्याएर घर भरी, चोक आँगन सबै सफा गर्नुपर्छ। त्यसपछि चिया पकाएर मालिकहरु सबैलाई खुवाउनु पर्छ। बिहानको खानाको लागि तरकारी किन्नेदेखि लिएर भात पकाई मालिकहरु सबैलाई खाना खुवाउनु सम्मको काम मन लगाएर भक्तिपूर्वक गर्नुपर्छ। खाना खुवाइसकेपछि आफुले पनि खाना खाई जुठो भाँडाहरु सफा गरी ठीक ठाउँमा राख्ने गर्नुपर्छ। बिहान दिउँसो र बेलुकी यसरी नै आफूलाई दिइएको कामहरुको जिम्मा सकाएर मालिकहरुको कोठा कोठामा पानी पुऱ्याएर सबैजना सुतिसकेपछि घरको ढोकाहरुमा चुकुल लगाएर आवश्यक सुरक्षा गरेर मात्र आफू सुत्ने गर्नुपर्छ। उदाहरणको लागि एक कथा –

सुन्दरी एउटा साहुको घरमा नोकरी गरी बसेकी केटी थिइन्। उनको रुप राम्रो भएजस्तै चालचलन र स्वभाव पनि राम्रो थियो। उनीले आफ्नो कर्तव्य राम्ररी निभाएकी थिइन्।

आफ्ना मालिकहरु उठ्नु अगाडी नै उठेर घरका सबै भागमा कुचो लगाई सफा सुग्घर गर्थिन्। त्यसपछि चिया पकाएर मालिकहरुलाई चिया खुवाउँथिन्। अनि सबैको कोठाहरुमा सर-सामान मिलाउने, डसना, सिरक मिलाउने र सर-सफाई गर्ने कार्य गर्थिन्। त्यसपछि भान्साको काममा लाग्छिन्। सबभन्दा पहिला स्कूल जानुपर्ने केटाकेटीहरुलाई खाना खुवाई स्कूल पुऱ्याएर फर्किन्छिन्। फर्किने बेलामा तरकारीहरु किनेर ल्याई फेरी खाना पकाएर मालिकहरुलाई खाना खुवाई आफुले पनि खाना खाएर भाँडाहरु सफा गर्थिन्।



Downloaded from http://www.dhamma.digital

अनि दिउँसो फुर्सदको समयमा धार्मिक पुस्तकहरु हेर्ने गर्थिन् । धार्मिक विचारधाराको केटी भएकोले उसलाई नैतिक शिक्षा सम्बन्धि ज्ञान पनि थियो । त्यसैले उनीले आफ्ना मालिकहरु प्रति आदर गौरव राख्न जानेकी थिइन् । मालिकहरुले अपर्झत् केही काम अर्ह्राउने बित्तिकै उनी तुरुन्त हाजिर हुने गर्थिन् । अऱ्हाइएको काम पनि आफ्नो कर्तव्य सम्झेर यथा समयमा नै सम्पन्न गरेर बुझाउँथिन् ।

मालिकहरुसंग केही कुरा गर्नु परे पनि राम्रो बोली वचन प्रयोग गर्थिन् । उनको राम्रो स्वभावले मालिकहरु सबै प्रभावित थिए । बूढाबूढीदेखि युवायुवती र बालकहरु समेतले उनीलाई मन पराउँथ्यो । उनीले पनि मालिकका सबै परिवारलाई मैत्री भाव राख्थ्यो भने मालिकका सबै परिवारले पनि उनीलाई आफ्नै परिवार जस्तै माया गर्थे । यसरी आफू भलो भए जगत भलो हुन्छ भन्ने उखान यहाँ चरितार्थ हुन पुगेको छ ।

त्यसकारण आफुले जुन काम गरेको छ, त्यस काम गर्नको लागि आफू सधैं सजग र कर्तव्यपरायण बन्नु पर्छ । यही नै मानव धर्म हो । कर्तव्य पूरा नगरी अधिकार मात्र खोज्न थाल्यो भने त्यस्तो स्वभावले परिवार, समाज र देशलाई नै अशान्ति मच्चाइदिन्छ । शान्ति प्राप्त गर्नको लागि कर्तव्यपरायण बनी निस्वार्थ पूर्वक सेवा गर्नुपर्छ ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# पार्टी

आफ्नो राय अनुसार काम अगाडी बढाउनका लागि मानिसहरुको समूह मिली एक संस्था खडा गरिन्छ र त्यसलाई एक पार्टीको नामाकरण गरिन्छ । तर जुन पार्टीले आफ्नो मर्यादालाई मात्र उच्च ठानेर अभिमान गर्छ, त्यस पार्टीले ठूलठूलो काम गर्न गार्‍हो हुन्छ ।

पार्टीहरु एक आपसमा मिली काम गरेको खण्डमा यसले देश र जनताको भलो हुने कार्य गर्न सकिन्छ । तर यसो हुन नसके पार्टीहरुको एक आपसमा मतभेद भयो भने देश र जनताहरुको ढुकुटी रित्तो हुन थाल्दछ र देशमा शान्तिको बदला अशान्तिले ठाउँ लिनेछ ।

नेपालमा पनि विभिन्न पार्टीहरु खडा भएका छन् । जस्तै– कांग्रेस पार्टी, कम्यूनिष्ट पार्टी, जनमोर्चा पार्टी आदि । यी पार्टीहरु एक आपसमा दाजुभाई जस्तो मिलेर काम गरेको खण्डमा देशको स्थिति राम्रो हुँदै जानेछ । तर परस्पर इर्ष्या, दोष र छलकपट गरेर स्वार्थको बसमा रही काम गर्दछ भने समाज र देशको धन रित्तिन्छ। अनि कसरी उन्नति र विकास हुनेछ ? देशको भविष्य नै स्वाहा हुन बेर छैन ।

यस्तो भयो भने त जनताको इच्छा आकांक्षा साकार गर्नुको बदला जनतालाई छकाई आफ्नो स्वार्थ पूर्ति गर्ने कार्यहरु मात्र हुनेछ । त्यसैले होला एकजना भरखरको केटोले आफ्नो बुबा समक्ष प्रश्न राखेछ – "बुबा ! पार्टी भनेको कलह र झगडा मात्र गरिरहने संस्थालाई भनिन्छ रे हो ? मन्त्री मन्त्री एक आपसमा झगडा गरी छिन छिनमा मन्त्री फेरेर नाना तरहको भत्ता दिदैं देश रित्तो पार्ने व्यवस्थालाई प्रजातन्त्र भनिन्छ रे हो ?

जनताको आकांक्षा विपरित कार्य गर्ने बल भएको व्यक्तिले जे गरे पनि हुने, आफूलाई चित्त नबुझेको व्यक्तिलाई हमला गर्ने, मार्ने, बलात्कार गर्ने, पसलहरुमा हमला गर्ने, यसमा बोल्यो भने प्रजातन्त्र त हो नि आजकल जे गरेपनि हुन्छ भन्ने यसलाई नै प्रजातन्त्र भन्ने हो ?



Downloaded from http://www.dhamma.digital

कुनै अड्डा अदालतहरुमा त केही काम गराउनु पर्‍यो भने पैसा घुस खुवाउनु पर्छ, अहिलेको प्रजातान्त्रिक युगमा पैसा नदिईकन कुनै काम वन्दैन भन्छन् । यसलाई नै प्रजातन्त्र भन्ने हो ?

चुनाव आयो भने भोट माग्न आउने ब्यक्तिहरुले जनतालाई फकाउँदै लोभ देखाएर भोट माग्ने, जिते पछि जनताको हितलाई भन्दा आफ्नो स्वार्थपूर्ति कार्यलाई महत्व दिने । यस्तो कार्यलाई पनि प्रजातन्त्र नै भनिने हो ? आजकल त दुःखी गरीबहरु बाँच्न मुस्किल हुने गरी दिन पर दिन सबै वस्तुहरुको भाउ चढ्दै छ । आधारभूत आवश्यकता वस्तुहरु नै महँगो भई हाहाकार मच्चिरहेको छ । यस्तो अवस्थालाई नै प्रजातन्त्र भनिने हो ?

वुबा चाहिंले उत्तर दिन्छ – हेर बाबु ! तिमीले प्रजातन्त्रलाई गलत अर्थ दिइरहेका छौ । प्रजातन्त्र भनेको त देशका जनताले पढ्न, लेख्न, आफ्नो जीउ धनको सुरक्षा गर्न, देशको अवस्था सुधार्ने काम गर्ने, प्रेस खोल्न, समाज सुधार सम्बन्धि कुराहरु राखी लेख्ने, कविता लेख्ने, सभा सम्मेलन आदि गर्न स्वतन्त्रता मिल्ने, आफ्नो अधिकार र कर्तव्यलाई पूरा प्रयोग गर्न पाउनु, राजा भक्ति, देश भक्ति, धार्मिक, समाज सेवा सम्बन्धि कार्यहरु गर्न र राम्रो शिक्षा हासिल गर्नको लागि पूरा स्वतन्त्रता प्राप्त हुने अवस्थालाई प्रजातन्त्र भनिन्छ ।

तर बुद्धिहीन ब्यक्तिहरुले प्रजातन्त्रको उल्टो अर्थ लगाई लागू पदार्थ खाने, जुवा खेल्ने, मान्छे मार्ने, लुटपाट मच्चाउने, आफ्ना आमा बुबाको कृतज्ञ गुण बिर्सि उनीहरुलाई पालन पोषण गर्नुको बदला अपमान गरी उनीहरुसंग आफ्नो अधिकार (अंश) मात्र खोज्ने, पाठशालाहरुमा गुरुहरुलाई आदर गौरब राख्नुको बदला अपमान गर्न खोज्ने आदि कार्य गर्दै हिंडेका देखिन्छन् । तर अशिक्षित र असभ्य ब्यक्तिहरुका लागि प्रजातन्त्र कुखुराको अगाडि हीरा राखिदिएको जस्तै भइरहेको छ । तै पनि अरुले जे सुकै गरोस् न तिमीहरु एक आपसमा मिलेर आफ्नो देशको भलो हुने कार्यमा लाग्नु पर्छ । कुमार्गमा नलागि सुमार्गमा लाग्नेको लागि मैले सल्लाह दिंदैछु ।



Downloaded from http://www.dhamma.digital

# राजा

राजा देशको रक्षक हो । राजा नभएको देश सुरक्षित हुँदैन । राजा दिउँसोको सूर्य जस्तै हो भने रातीको चन्द्रमा जस्तै हो । अर्को शब्दमा भन्ने हो भने राजा देशको ज्योती समान हुन्छ ।
राजा कस्तो हुनु पर्छ त ?

राजा एक बुद्धिमान, विद्वान, विवेकशील, निस्वार्थ, मैत्री, करुणा, मुद्रिता र उपेक्षा जस्तो चतुर्वह्म विचारले भरेको हुनुपर्छ ।

राजा शिक्षित भएमा देशको शासन चलाउने मन्त्री मण्डललाई ठीक तरीकाले निर्देशन दिन सक्नेछ । शिक्षित र विवेकशील सक्षम राजा भएको देशमा मन्त्रीहरुले आफ्नो स्वार्थको लागि अन्याय अत्याचार गरी शोषण गर्न सक्दैनन् । उदाहरणको लागि एक कथा –

**एउटा देशमा प्रह्मदत्त नाम गरेको राजाले राज्य गरिरहेका थिए । प्रह्मदत्त राजा** अति दयालु स्वभावका राजा थिए । शीलस्वभाव अति राम्रो भएको त्यस राजाको दिमाग अति तिखो र मन विशाल थियो । उनको दुइवटा रानीहरु थिए । रानीहरु पनि त्यत्तिकै बुद्धिमानी थिए ।

प्रह्मदत्त राजाले आफू राजा भएपनि मोज मज्जा र भोग विलाशमा मात्र आफूलाई भुलाएको थिएन । साधारण भेषभुषा र साधारण खानामा सन्तुष्ट रहने त्यस राजाले हरेक दिन आफ्ना जनताले खान लाउन पाएका छन् कि छैनन् भन्ने विषयमा खुब ध्यान दिएर बुझिरहन्थे । यसरी हरेक कार्यमा राजाले ध्यान दिएर सोधबुझ गरिरहने भएकोले मन्त्री परिषद्ले केही गोलमाल गर्न सकेका थिएनन्।

जनताले काम गर्न पाओस्, रोजगारीको व्यवस्था राम्ररी मिलोस् भन्ने उद्देश्य राखी बिदेशबाट सहायता मागेर भए पनि ठाउँ ठाउँमा कलकारखानाहरुको व्यवस्था मिलाइराखेको थियो । देशमा खाने पानी, बिजुली, टेलिफोन आदि आवश्यक साधनहरुको राम्ररी व्यवस्था मिलाइएको थियो ।



Downloaded from http://www.dhamma.digital

व्यापारीहरुले खाद्य सामग्रीहरुमा मिसावट गरी बेचबिखन गरेको छ वा छैन आदि विषयमा जाँच्नको लागि समय समयमा निरीक्षकहरु खटाइरहने हुनाले मिसावट गर्ने व्यापारीहरुले अनुचित कार्यहरु गर्न सकेका थिएनन् । त्यस्तै कालोबजारी गर्ने व्यापारीहरुले पनि सामानको मूल्यमा बृद्धि गरी फाइदा उठाउन पाएका थिएनन् । यी सबै क्षेत्रमा सरकारको सम्बन्धित निकायबाट बरोबर निरीक्षण गरी जनतालाई सुपथ मूल्यमा सामानहरु बिक्री वितरण गरिरहेका थिए ।

अन्याय अत्याचार गंर्ने ब्यक्तिहरुलाई तुरुन्त कारोवार गरिन्थ्यो । यसरी न्याय निशाफ गरी राज्य चलाइएको त्यस राज्यमा अड्डा अदालती मुद्दा मामिला सम्बन्धि कार्यहरु कम मात्र आउँथ्यो । धेरै जसो जनताले पञ्चशील पालन गरेको हुँदा त्यहाँ नचाहिंदो जाल झेल केही भएको थिएन ।

यसरी देशमा राजा र प्रजा बीच परस्पर स्नेह भइरहन्थ्यो । हरेक व्यवस्था राम्रो भएको हुनाले त्यहाँ जनताहरुमा असन्तोषको भावना श्रृजना भएको थिएन । त्यसैले त्यस राज्यमा हड्ताल र आन्दोलनको जरुरत नै थिएन ।

यसरी देशको राजाले आफ्नो प्रजाहरुको यथार्थ दुःखलाई बुझ्न सकेमा त्यसलाई हटाउन विभिन्न उपायहरु प्रयोग गरी राज्यमा सुख सुविधा ल्याइन्छ । जसले गर्दा राजाको परोपकारी गुणलाई प्रजाले बिर्सन नसकी राजा  प्रजा वीच परस्पर मेल मिलाप भई सधैं शान्ति भइरहन्छ ।



Downloaded from http://www.dhamma.digital

# सिपाहिं

## सिपाहिं कस्तो हुनुपर्छ ?

सिपाहिं देशको सुरक्षा गर्ने व्यक्ति हो । सिपाहिंले आफ्नो जीवन सुख, सुविधा, मोजमज्जा र विलाशीतामा बिताउन समय नै पाउँदैन । उसले हरेक क्षण आफूलाई देश सेवामा समर्पण गरिराख्नु पर्छ । समयको महत्वलाई नबुझेको मानिसले सिपाहिं भएर काम गर्न सक्दैन । देशमा बाहिरी देशहरुले आक्रमण हुने बित्तिकै उनीहरु देश रक्षा गर्नका लागि अगाडि बढ्नु पर्छ । अल्छी भएर बस्ने मौका पाउँदैन उनीहरुलाई । आफ्नो परिवारसंग आनन्द पूर्वक बस्ने मौकालाई त्याग्नु पर्ने हुन्छ सिपाहिंले । अनुशासनलाई राम्ररी पालन गरी आफूलाई हरेक क्षण सजग र सतर्क रहनु पर्ने सिपाहिंले हरेक क्षण आफ्नो मातृभूमिको लागि समर्पण गर्नुपर्छ ।

## पुलिस कस्तो हुनुपर्छ ?

सिपाहिं जस्तै पुलिसले पनि त्यत्तिकै अनुशासनलाई पालन गर्नु पर्ने हुन्छ । पुलिसले देशभित्र कुनै पनि अनैतिक र अप्रिय घटनाहरु हुन नदिनका लागि सधैं सजग रहनु पर्ने हुन्छ । आफ्नो ड्युटीमा खटिएका पुलिसले चनाखो भई आफ्नो दिन बिताउनुपर्छ । होशियारी पूर्वक आफ्नो कर्तव्य निभाउनु पर्ने हुन्छ । सिपाहिंले जस्तै पुलिसले पनि आफ्नो परिवारको हेरविचार गरेर बस्न पाउँदैन । काम परेको बेलामा पुलिसले कहिलेकाहीं भोक भोकै पनि दिन बिताउनु पर्ने हुन्छ । देशको सुख शान्ति र अमन चैन कायम गर्नको लागि पुलिसले ठूलो भूमिका खेलेको हुन्छ ।

एक कर्तव्यपरायण पुलिसले देशमा अशान्ति मचाउने नियम विपरित काम गर्ने व्यक्तिहरुलाई यथा समयमा नै पकडेर आवश्यक कारवाही गर्नुपर्छ । यस्तो कार्य गर्दा ती व्यक्तिहरुले आफ्नो कैदबाट छुट्नका लागि घुस खुवाउन आएमा त्यस्तो घुस खाने विचार



Downloaded from http://www.dhamma.digital

पुलिसले कदापि गर्नु हुँदैन । यो कार्य कर्तव्यहीन पुलिसले मात्र गर्छ ।

विवेकशील पुलिस न्यायको पक्षमा मात्र जाग्छ । अन्याय भएको कुनै पनि घटनामा ऊ निर्दयी र कठोर पनि बन्नु पर्ने हुन्छ । कुनै पनि रिपोर्टलाई उसले गहिरिएर विचार गरी ठीक बेठीक छुट्याउनु पर्छ, बेठीकलाई तुरुन्त कारवाही गरी आवश्यक दण्ड समेत दिनु पर्ने हुन्छ ।

पुलिस देश सुरक्षा गर्ने ब्यक्ति भएकोले पहिले उसले आफ्नो चरित्रलाई सुंधार्नु पर्छ । किनभने पुलिस देश सुरक्षाको लागि राखिंएको बार हो । बारीमा रोपिएको बालीलाई रक्षा गर्न बार लगाइएको हुन्छ । यदि ती राखिएका बारहरु कमजोर छन् र छुने बित्तिकै ढल्छ भने रोपिएका बालीको राम्रो सुरक्षा हुन सक्दैन । त्यस्तै देशको सुरक्षा गर्न बारको रुपमा राखिएको पुलिसको चरित्र नै भ्रष्ट छ भने ऊबाट नै देशमा अशान्ति फैलिएको हुन्छ । त्यस्तो ब्यक्तिले कसरी देशमा शान्तिलाई बचाउन सक्नेछ ।

पुलिस भएपछि अल्छी पनि हुनु हुँदैन । जाडो छ, गरम छ, भर्खर खाना खाएकोले आराम गर्न मन लाग्यो, भोक लागेकोले चल्न मन लागेन, निन्द्रा लाग्यो एकछिन आराम गर्नु पर्‍यो इत्यादि भनेर काम छल्ने बानी गर्नु हुँदैन । आफूले गर्नु पर्ने कार्य यथा समयमा नै छिटो छरिटो तरीकाले गर्नु पर्छ । नमूनाको लागि एक कथा –

विशाल नापित बाल्यकालदेखि नै सूरबीर थियो । उसको बुबा आमाले उसको चालचलनलाई अध्ययन गरेर उसलाई भविष्यमा पुलिसमा भर्ती गराइदिने इच्छा गरेका थिए ।

पढाई लेखाई पनि ज्यादै राम्रो थियो उसको । उसले आफ्नो पढाईको तह बढाउँदै लगि उच्च स्तरिय पढाई सिध्याएर आखिरमा उसले पुलिसमा भर्ती भई देशको सेवा गर्न थाल्यो ।

बाल्यकालदेखि नै अनुशासित रहने विशाल पुलिस भएपछि अझ नियम पालन गरी विवेकशील बन्न थाल्यो । उसले सधैं स्फूर्ति र होशियारपूर्वक काम गर्थ्यो । त्यसैले उसले काम गरेको ठाउँमा कहिल्यै



Downloaded from http://www.dhamma.digital

पनि कुनै अवरोधहरु बाँकी रहदैनथ्यो । पुलिस भएपनि मृदुभाषी, सुवचन, चलाख भएकोले सबैले उसलाई मन पराउँदथ्यो । अन्यायी मानिसलाई उसले कहिल्यै पनि छोड्दैनथ्यो । तिनीहरुलाई आवश्यक कारवाही गर्न सधैं ऊ अगाडि बढ्थ्यो । निडर र निर्भिक भएर अन्यायी व्यक्तिहरुसंग निर्दयतापूर्वक पनि कारवाही गर्थ्यो । तर निर्दोषीहरुलाई उसले छिटो भन्दा छिटो बचाउन पुग्थ्यो । यसरी न्याय निशाफमा सधैं अगाडि बढ्ने विशाललाई सबैले मन पराउन थाल्यो । हाकिमहरु पनि उसको काम प्रति प्रभावित भई उसको मान बृद्धि गराइदियो ।

यसरी उसले आफ्नो भविष्यलाई सपार्दै लग्न सफल भयो । त्यसैले मानिस भएर सबैले यसरी नै न्यायप्रेमी र लगनशील हुन सक्यो भने सबैले आफ्नो भविष्य सपार्न सक्नेछ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# जनता

जनता कस्तो हुनुपर्छ ?

आफ्नो देशको नागरिक भइसकेपछि हरेक नागरिकले आफ्नो देश, राजा, बुबा, आमा र परिवार प्रति माया, ममता दर्शाउन सक्नु पर्छ । आफ्नो माटोलाईै कहिल्यै पनि बिर्सनु हुँदैन । आफु पढे लेखेर बुद्धिमान भए जस्तै त्यसको उपयोग आफ्नै देशमा प्रयोग गर्नु राम्रो हुनेछ । धेरै पैसा कमाउने उद्देश्य लिई बिदेशमा गई काम गर्ने र त्यही कै नागरिक बन्नु एक नागरिकको कर्तव्यहीन भएको चिन्ह हो । स्वदेश र स्वबासको महत्व हरेक जनताले बुझ्नु पर्छ । नमूनाको लागि एउटा कथा –

दिपक भुजेल नाम गरेको केटो ज्यादै मिलनसार थियो । तेजीलो अनुहार र तीखो बुद्धि भएको केटो भएकोले उसको थुप्रै साथीहरु पनि थिए र उसको पढाई पनि खुब राम्रो थियो । एक दिन उसको एक बिदेशी व्यक्तिसंग उनको चिनजान भयो । त्यस बिदेशी व्यक्तिले उसलाई धेरै मन परायो । दिपकको प्रतिभा देखेर प्रभावित भएका त्यस बिदेशीले उसलाई बिदेशमा लान खोज्यो । एकदिन त्यस बिदेशीले दिपकलाई ठूलो नोकरी पनि मिलाई दियो । त्यही नोकरीले दिपकलाई अमेरिका जाने मौका मिल्यो । अमेरिका गएपछि दिपकले ठूलो पोष्टमा नोकरी गर्न पायो । दिपकको कामलाई ती अमेरिकीहरुले मन पराए । तिनीहरुले अमेरिकामा नै बसी काम गर्न आग्रह गरे । उँसलाई अमेरिकाको नागरिक बन्नको लागि सल्लाह दिए । यसको लागि उनीहरुले दिपकलाई ठूलो मान सम्मान र धनको लोभ देखाए । तर दिपक यस मान सम्मान र धनको लोभमा भुलेन । उसले आफ्नो देशको माया र आफ्नो परिवारलाई बिर्सेको थिएन । उसलाई थाहा थियो "सन्तोषं परमं सुखं" भनेर उसले मनमनै विचार गर्यो – "जति सम्पत्ति भएपनि एक दिन त मर्नै पर्छ । त्यो धन भन्दा त मलाई मेरो देशको माया ठूलो छ । देशको माया नै मेरो लागि ठूलो धन हो " । यति मनमा राखी ऊ आफ्नो देशमा फर्क्यो र आफुले सक्दो सहयोग गरेर आफ्नो मातृभूमिमा नै रमाएर बस्न थाल्यो । यसरी नै हामीले आफ्नो मातृभूमिको मर्यादा राख्न जान्नुपर्छ ।



Downloaded from http://www.dhamma.digital

# सज्जन ब्यक्ति

सज्जन ब्यक्ति एकजना मात्र जन्मे पनि त्यसले देशलाई ठूलो र राम्रो प्रभाव पारेको हुन्छ। देशलाई मात्र होइन विश्वलाई नै राम्रो प्रभाव पारेको हुन्छ। विश्वलाई फाइदा दिन सक्ने ब्यक्तिले आफ्नो परिवार र समाजलाई फाइदा पुऱ्याउने त भइहाल्यो।

यस्तो महामानव जन्मेको देश नेपाल भएको हुनाले नेपालले समेत विश्वमा आफ्नो नाम कमाउन सक्षम भएकी छिन्। सिद्धार्थ गौतम बुद्ध जन्मनु भएपछि उहाँले दिनु भएको शिक्षालाई पालन गरी विश्वका अरबौं मानिसहरुले आफ्नो गृहस्थी जीवन सुखमय बनाउन सफल भए भने अन्य थुप्रै मानिसहरुले आफ्नो मनलाई निर्दोष र शान्त बंनाउन सफल भए।

त्यस्तै महात्मा गान्धी जस्तो सज्जन पुरुष भारतमा जन्मेकोले भारत देशले पनि आफूलाई गौरब ठान्न सकेकी छिन्। गान्धीको अहिंसावादी उपदेशले धेरै मानिसले अमूल्य शिक्षा हासिल गरी आफ्नो जीवनलाई सार्थक बनाउन सफल भएका छन्।

यसरी आफ्नो छोराछोरी सज्जन बनेको देख्न पाउँदा आमा बुबा दुबैजनाको जीवन सार्थक बनेको हुन्छ। त्यसैले हरेक गर्भवती आमाले विद्वान शिशु उत्पादन गर्नका लागि ज्ञान गुणले भरेका पुस्तकहरु अध्ययन गर्ने, ज्ञानगुणले भरेका कथाहरु सुन्ने, विद्वान सन्त महन्तको सत्संगत गर्ने, नरम बोली बचन प्रयोग गर्ने, रिस डाह र अभिमान स्वभावलाई त्यागने, मिलनसार भई सबैलाई मैत्रीभाव राख्ने आदि राम्रा राम्रा सद्व्यवहारंहरु प्रयोग गर्ने गर्नु पर्छ।

गर्भवती अवस्थामा महिलाहरुले शुद्ध र हलुका चीजहरु खाने गर्नुपर्छ। मसलादार खानेकुराहरु त्यागनु पर्छ। दुध, दही, फलफुल, हरियो सागपात, गेडागुडी आदि प्रशस्त खाई सधैं मनलाई तन्दुरुस्त र सफा राखी शान्त र सन्तोष पूर्वक दिन बिताउने गर्नुपर्छ।



Downloaded from http://www.dhamma.digital

# दुर्जन व्यक्ति

एकजना दुर्जन व्यक्तिले जन्म लियो भने त्यसले परिवार, समाज, देश र विश्वलाई नै विध्वंश पारी दुःख दिन सक्छ । दुर्जन व्यक्तिको स्वभाव नै अरुलाई दुःख दिई आफूले मज्जा लिने हुन्छ । उसले अरुको राम्रै काममा पनि दोषारोपन गरी रिसाइरहेको हुन्छ । अरुहरुलाई बाधा अवरोधहरु खडा गरी दुःख दिने उसको स्वभाव नै हुन्छ ।

उदाहरणको लागि हामीले देवदत्तलाई लिन सक्छौं । देवदत्तले अजात शत्रुलाई आफ्नो हातमा लिएर बुद्धलाई ठूलो बाधा अवरोधहरु खडा गरी दुःख दिएको थियो ।

निर्दोष राजा बिम्बिसार (अजात शत्रुका बुबा) लाई मार्ने सल्लाह दिई मार्न लगाएका थिए । गृहर्दकूट पर्वतबाट ढुंगा खसाली बुद्धको खुट्टामा घाउ बनाइदिएका थिए । यति मात्रले पनि नपुगेर बुद्धले बनाएको भिक्षु संघहरु बीच फूट पैदा गरिदिएको थियो ।

यसरी नै हामीले कृष्णका मामा कंसको उपमा लिन सक्छौ । कंसले आफू संसारमा जीवित रहने आशाले स्वार्थी भई आफ्नै बहिनीका थुप्रै बच्चाहरु आफ्नै हातले मारेका थिए । आफ्नै बहिनी र ज्वाईलाई जेलमा राखी थुप्रै कष्ट दिएको थियो ।

दुर्जन व्यक्तिहरु मूर्ख हुन्छन् । तिनीहरुले जन्म दिएको घरको आमा, बुबा, दाजुभाई र दिदीबहिनीहरु सबैलाई दुःख दिइरहेको हुन्छ । उनीहरुले आफ्नो मात्र स्वार्थ हेरी अरुलाई दुःख दिइरहेको हुन्छ । स्वार्थको बशमा परेर उनीहरुले न्याय निशाफको विचार नगरी अरुलाई अन्याय अत्याचार गरिरहेका हुन्छन् ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# अट्टेरी व्यक्ति

अट्टेरी व्यक्तिले कसैको कुरोलाई वास्ता गर्दैन । जे काम गरे पनि अरुको मात्र दोष देखिरहन्छ उसले । आफ्नै कुरो मात्र ठीक ठान्ने र अरुको कुरोलाई बेठीक ठान्ने त्यस्ता ब्यक्तिले परिवार, समाज र देशलाई भलो हुने कार्य गर्न खोज्दैन । खाली कुरोले मात्र ठीक पारी कामले गरेर देखाउँदैन । उदाहरणको लागि एउटा कथा –

विक्रम बाल्यकालदेखि नै आमा बुबालाई दुःख दिँदै आएको केटो थियो । घर, टोल र छिमेकीका बच्चाहरुसंग मिलेर खेल्ने चलन थिएन उसको । जो संग भेटेपनि निहुं खोज्ने र झगडा गर्ने बानी थियो उसको । बिस्तारै ठूलो हुँदै आयो । त्यसैले उसलाई स्कूलमा भर्ना गरि दियो । स्कूलमा जोसंग पनि झगडा गर्ने गर्थ्यो । अर्काको वस्तु लुटेर लिने, शिक्षकहरुलाई पनि गाली गर्ने, मौका मिल्यो भने कुट्ने पनि गर्थ्यो । राम्ररी पढ्दैनथ्यो उसले । त्यसैले जाँचमा जहिले पनि फेल हुन्थ्यो ऊ । राम्ररी नपढी डर र धम्की देखाई जबरजस्ती पास गराउन खोज्थ्यो । त्यसैले उसलाई स्कूलबाट निकालिदियो । त्यस स्कूलबाट फेरी अर्को स्कूलमा भर्ना भयो । तर उसको नराम्रो बानी पछि पछि नै लागेको थियो । त्यसैले त्यस स्कूलबाट पनि उसलाई निकालिदियो ।

यसरी उसलाई स्कूल परिवर्तन गर्दा गर्दै आमा बुबाको पैसा नाश भयो । तर उसले ५ कक्षा सम्म पनि पास गर्न सकेन । उमेर बढ्दै गएपछि शरीर पनि भद्दा भएर आयो । सानो कक्षामा पढ्दा लाज मान्ने र ठूलो कक्षामा पढ्न नसकिने भयो । यसरी उसले पढ्दै नपढी फाल्तु जीवन बिताउन थाल्यो । घरमा कसैले तहलाउन सकेन उसलाई । नराम्रो साथीहरुको संगतमा परेर भट्टीमा गई जथाभावी खाएर मनपरि कराएर हिंड्न थाल्यो । घरमा आएर अगाडी भेटिएको सामान चोरेर लान्छ र बेचेर मादक पदार्थ सेवन गरेर सिध्याउँछ ।

बाटोमा आइरहेका केटीहरुलाई जिस्काउने, झगडा गर्दै, मुख छाड्दै, निहुं खोज्दै हिड्ने उसको स्वभाव नै भैसक्यो । त्यसैले उसलाई



Downloaded from http://www.dhamma.digital

कहिलेकाहीं पुलिसले समातेर थुनामा थुनि राख्थ्यो । यसरी उसले आमा बुबालाई ठूलो दुःख र पीर बोकायो । उसको तर्फबाट आमा बुबाले कहिले पनि शुभ समाचार सुन्न पाएनन् । घरमा आएपनि निहुँ खोज्ने र झगडा गर्ने मात्र काम थियो उसको । यसरी कसैले पनि माया ममता गरेन उसलाई । घरमा खाना खान आएपनि नआएपनि कसैलाई मतलब रहेन ।

यसरी दिन बिताउँदै एकदिन उसले रक्सी पिएर बाटोमा कुकूर मरे जस्तै मऱ्यो । ऊ मरे पनि उसको लागि रुने कोही भएन । आफ्नै परिवारहरु समेत रोएनन् ।

त्यसैले सबैको प्रिय हुनको लागि केही न केही अरुलाई हीत हुने कार्य गर्नुपर्छ । अरुलाई हीत हुने कुरा गर्नुपर्छ । मन राम्रो र निर्मल हुनु पर्छ ।

❀ ❀ ❀

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# मूर्ख

संसारमा राम्रो भएपछि नराम्रो पनि हुँदो रहेछ । उज्यालो भएपछि अँध्यारो पनि हुँदो रहेछ। बुद्धिमान ब्यक्ति भएपछि मूर्ख ब्यक्ति पनि हुँदो रहेछ । तर संसारमा बुद्धिमान ब्यक्ति भन्दा पनि मूर्ख ब्यक्तिहरु धेरै हुन्छन् ।

मूर्खहरुको स्वभाव झिंगाको जस्तै हुन्छ । किनभने झिंगाले धेरैजसो दुर्गन्ध र कुहिएको वस्तुहरु मात्र सुंघ्न जान्छ । त्यस्तै मूर्ख मान्छेले जुन सुकै क्षेत्रमा पनि गुण नखोजी दोष मात्र खोजेर अशान्ति मच्चाइदिने गर्छ ।

मूर्ख ब्यक्तिलाई सतउपदेश सुन्न मन लाग्दैन। राम्रै उपदेशलाई पनि उसले उल्टो अर्थ लगाउन पुग्छ। यस्तो मानिसहरुले कसैले राम्रो र परोपकार काम गरेको देखे पनि उसलाई खुट्टा तानेर ढाल्न खोज्दछ। उसको मनले अरुको प्रगति सहन सक्दैन। त्यति मात्र कहाँ हो र ? मूर्ख ब्यक्तिहरुले आफूलाई मद्दत गर्ने ब्यक्तिहरुलाई समेत लाट्टाले हान्न बेर छैन। त्यस्ता ब्यक्तिलाई खाएको थालमा हग्ने ब्यक्ति भनिन्छ। उदाहरणको लागि एक कथा –

एउटा जंगलमा एउटा ठूलो रुख थियो। त्यस रुखमा तित्तिय पंक्षीले आफ्नो गुंड बनाएर बसेको थियो। त्यस गुंड बनाउनलाई त्यस पंक्षीले आफ्नो सानो चुच्चोले पराल च्याप्दै लगि मेहनतका साथ बनाएका थिए। आफ्नो गुंड भएको हुनाले पानी पर्दा पनि घाम लाग्दा पनि उसलाई केही नोक्सान हुँदैनथ्यो ।

एकदिन पानी परिरहेको बेला ऊ मज्जाले आफ्नो गुँडमा बसेर टाउको एउटा मात्र निकालेर बाहिर हेरिरहेको थियो। त्यहीबेला त्यस रुखमुनि एउटा ठूलो मोटो बाँदर पानीले भिजेर थुरु थुरु काम्दै बसि रहेको थियो। बाँदर जाडोले काम्दै पानीले रुझिरहेको देखेर पंक्षीलाई माया लागेछ। त्यसैले ऊ चुप लागेर बस्न नसकी गुंडबाट निस्केर तल ओर्ल्यो र बाँदरलाई भन्यो – "बाँदर दाई ! तिमी किन पानीमा



Downloaded from http://www.dhamma.digital

रुभिराखेको ? तिम्रो त हात खुट्टा छँदैछ । यस्तो पानी परेको बेलामा बस्नलाई एउटा घर बनाउ न । मेरो आफ्नो हात खुट्टा नभए पनि मेरो यस्तो सानों चुच्चोले पराल च्याप्दै घर बनाएं । त्यसैले हेर म अहिले मज्जाले आफ्नो गुंडमा बस्न पाइरहेकी छु "।

त्यस्तो सानो जाबो पंक्षीले नै आफुलाई अर्ती दिन आइरहेको देखेर त्यो मूर्ख बाँदरलाई रीस उठेछ । त्यस पंक्षीले बाँदरलाई घर नभएर हेप्न आएको भन्ने ठानेर त्यस मूर्ख बाँदरले रीसले केही देखेन र उसले आफ्नो अपमान भएको सम्भ्यो । त्यसैले एकै छिनमा उसले रुख चढेर पंक्षीको प्यारो सानो गुंडलाई हातले भत्काइदियो । बिचरो पंक्षीले आफ्नो चकनाचुर भएको गुंड हेरेर चित्त दुखाउँदै रुनु पर्यो ।

त्यसैले एउटा श्लोक यहाँ प्रस्तुत गर्न मन लाग्यो ।

उपदेसाही वालानं
कोपाएव, पवतति

अर्थ – मूर्खलाई उपदेश दियो भने आफुलाई नै हानी हुनेछ ।

त्यसैले बुद्धले पनि भन्नु भएको थियो – "इन्द्रको महलमा रही मूर्खहरुसंग संगत गर्नु भन्दा जीवजन्तुको संगत गरी जंगलमा बसी जीविका गर्नु नै उत्तम "। मूर्खसंग जीवन बिताउनु भनेको नै अति पुरानो र औषधी गर्ने उपाय नै नभएको घाउ जस्तै हो । मूर्खहरुसंग जीवन बिताउनु पर्दा धेरै जसो उपद्रव मात्र मच्चिरहन्छ । मूर्खलाई सुधार्न उपाय नै हुँदैन ।

त्यसैले हरेक आमा बुबाहरुको तर्फबाट मूर्ख बालक नजन्मोस् भन्ने कामना गर्दछु ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# बेइमानी व्यक्ति

जुन मानिसको इमान जमान नै हुँदैन त्यसलाई बेइमान भनिन्छ । मुखले जे बोल्छ, त्यसलाई कामले गरेर देखाउन सक्ने मानिसलाई इमान भएको इमान्दार मानिस भनिन्छ । तर बेइमानी व्यक्तिहरुले मुखले ठिक्क पार्छ, तर कामले धोका दिन्छ ।

१) धेरैजसो बेइमानहरुले अरुसंग पैसा सापटी लिन्छ र यति दिन भित्र पैसा बुझाउन ल्याउँछु भनेर भाका राखेपनि त्यसलाई बिर्सेर पैसा बुझाउन ल्याउँदैन । त्यो पैसा त्यसै पचाउन खोज्छ ।

२) कसैकसैले कुनै काम गरिदिने वचन दिन्छ । तर त्यो काम उसको तर्फबाट पूरा हुँदैन । यसको कारण सोधनी हुंदा उसले भन्छ - "मैले यस्तो भनेकै होइन " । यसरी बेइमानी व्यक्तिहरुको एउटै मुखबाट थुप्रै प्रकारका कुराहरु निस्कन्छन् । नमूनाको लागि एक कथा –

आशा एक बेइमान बालक थियो । बाल्यकालदेखि नै उसले अर्काको सामान चोर्ने गर्थ्यो । पछि उसलाई सोधपुछ उर्दा उसले लिएकै छैन भन्ने जवाफ दिन्थ्यो । ठूलो भएपछि पनि उसले आफ्नो बानीलाई सुधार्न सकेन । ऊ साथीहरुलाई पनि ठग्ने केटो बन्यो । उसले आफ्नो साथीहरुसंग भन्थ्यो - "मलाई ठूलो आपद परिरहेको छ । त्यसैले मलाई पैसा अलि सापटी चाहियो । मैले जसरी भएपनि एक हप्ता भित्र तिर्नेछु । यो गुण मैले कहिले पनि भुल्ने छैन ।

साथीहरुले पनि होला भनेर सापटी दिन्छ । तर उसले त्यो पैसा कहिले पनि फिर्ता नदिने गरी पचाइदिन्छ । यसरी नै कामदार मानिसहरुलाई पनि पैसा दिने भनेर काममा लगाउँछ । तर पैसा आज दिन्छु, भोली दिन्छु भन्दाभन्दै झुकाएर आफू बेपत्ता भैदिन्छ । यसरी बेइमानी भएर काम गर्नेहरुलाई मानिसले एकपटक मात्र व्यवहार गर्छ । अर्को पटक उसलाई फालिदिन्छ अर्थात् वास्ता राख्दैन । आशाले पनि पछि हुँदा हुँदै कसैको अगाडी पनि शिर ठाडो राख्न सकेन । कसैले पनि उसलाई पत्यार गरेन । त्यसैले मानिस भएर बेइमानी बन्नु हुँदैन ।



Downloaded from http://www.dhamma.digital

# अशिक्षित ब्यक्ति

कस्तो ब्यक्तिलाई अशिक्षित ब्यक्ति भनिन्छ ?

१) अशिक्षित ब्यक्तिहरु कुरा गर्दा पनि ठूलठूलो स्वर निकालेर कुरा गर्छन् । घरै थर्किने गरी कुरा गर्ने स्वभाव हुन्छ उनीहरुको ।
२) जोसंग कुरा गरेपनि धेरै बेर कुरा गरिराख्ने स्वभाव हुन्छ ।
३) अर्काको घर घरमा र कोठा कोठामा चहार्ने बानी हुन्छ ।
४) लाज शरम नमान्ने स्वभाव हुन्छ ।
५) आफ्नै मात्र प्रशंसा गरेर कुरा गरिरहन्छ ।
६) आदर गौरब राख्नु पर्ने ब्यक्तिलाई आदर गौरब नराखी ठाडो बोली प्रयोग गर्छ ।
७) बोलीवचन कडा र छुच्चो हुन्छ ।
८) काम गराईमा एकनाश हुँदैन । कहिले धेरै काम गर्छ भने कहिले पटक्कै काम गर्दैन ।
९) उसको स्वभाव अलि दिमाग खुस्केको ब्यक्तिको जस्तै अस्वभाविक हुन्छ ।
१०) यस्तो ब्यक्तिको व्यवहार राम्रो हुँदैन ।
११) अल्छी स्वभावको हुन्छ ।
१२) वाहिरबाट कोही मानिस भेट्न आएपनि आफू अघि सर्दै उभि उभि कुरा गर्छ ।
१३) फोहरी भएर बस्ने बानी हुन्छ ।
१४) रिसाहा र क्रोधी स्वभावको हुन्छ ।

माथी उल्लेखित यी स्वभाव भएका ब्यक्तिहरुलाई अशिक्षित ब्यक्ति भनिन्छ । नमूनाको लागि एउटा कथा –

शरद अति नै असभ्य केटो थियो । उसको आमा बुबाले उसलाई तह लगाउनका लागि धेरै प्रयास गरे । आखिरमा केही नलागी उसलाई गुरुकुलमा राखिदिए । शरदले गुरुकुलमा बसेर पनि आफ्नो स्वभाव बदल्न सकेन । त्यहाँ पनि जथाभावी स्वभाव निकालेर गुरुलाई



Downloaded from http://www.dhamma.digital

नै हप्काउने, अनादर गर्ने, असभ्य व्यवहार गर्ने, रीस उठ्दो काम गर्ने गर्थ्यो । गाली गऱ्यो र अर्ती दियो भने पनि मलाई तिमीहरुले अर्ती दिनु पर्दैन । मलाई सबै थाहा छ भन्दै ऊ ठूल-ठूलो स्वरले चिच्याएर कराउँथ्यो । यस्तो असभ्य व्यवहार गरेपछि गुरुले उसको आमा बुबा बोलाएर उसलाई सुम्पिदियो ।

घरमा फर्केर आएपछि शरद झन बदमाश बन्यो । सबैसंग निहुँ खोज्दै झगडा गर्ने, जतातत्तै ईंटाले हान्ने, चराहरुलाई पनि गुलेली हानेर मार्ने, जसरी भएपनि अरुलाई हानी गर्ने, रक्सी खाने, तास खेल्ने, आमा बुबासंग पैसा माग्ने, नदिए मार्ने धम्की दिने, घरका जुनसुकै वस्तु पनि टिपेर लगी बेच्ने आदि उपद्रोह कार्यहरु गरेर परिवारलाई दु:ख दिइरहेको थियो ।

उसलाई सम्हाल्न नै नसकेपछि परिवारका सदस्यहरुले उसलाई घरबाट निकालिदियो । घरबाट निकालिदिएको निहुँमा उसले दिनहुँ घरबाट ईटाले हान्न थाल्यो । त्यसैले उसलाई पुलिसको हातमा सुम्पि दियो । पुलिसले उसलाई त्यस अजङ्ग स्वभावको केटोले जेलमा पनि उपद्रव मच्चाउन शुरु गऱ्यो । त्यसैले पुलिसहरुले उसलाई कुटपीट पनि गर्न थाल्यो । आखिरमा राम्रो खान र लगाउन नपाई कुकूर मरे जस्तै उसको एकदिन जेलमा नै मृत्यु भयो ।

ऊ मरे पछि उसको परिवारमा खबर दिइयो । तर परिवारमा पनि आमा बुबा बाहेक अरु कसैलाई दु:ख लागेन । उसको गर्नुपर्ने काजकृया सबै गरेर जलाईदियो ।

त्यसैले बाल बालिकाहरुले आफ्ना आमा, बुबा, गुरुजन र आफुभन्दा ठूलाबडाको आदर गरी उनीहरुको अर्तीलाई मान्ने गर्नु पर्छ । ज्ञानीजनसंग संगत गर्नुपर्छ । अनि मात्र जीवन सफल हुन्छ । होइन भने कुकूर जस्तै मर्नुपर्ने हुन्छ ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# अनुकुल नमिलेको ठाउँ

मानिसहरुले आफ्नो जीवन सुखपूर्वक बिताउनका लागि अनुकुल मिलेको ठाउँ रोज्नु पर्छ। अनुकुल नमिलेको ठाउँमा बस्नु पर्दा मनमा अशान्ति भइरहन्छ। घर बनाउनको लागि पनि ठाउँ अनुकुल हुनु पर्छ। छिमेकीहरु खराब भैदियो भने कुनै पनि काम गर्न बाधा अवरोधहरु आइरहन्छ।

त्यति मात्र होइन आफु बसेको ठाउँको वरिपरिका मानिसहरु खराब स्वभावको भयो भने ती खराब स्वभावका ब्यक्तिहरुको नराम्रो प्रभाव आफ्ना बालबालिकाहरु माथि पनि पर्न सक्छ। अनि आफ्नो बालबालिकाहरुको पनि स्वभाव बिग्रने डर हुन्छ। यसरी सधैं मनमा पीर र अशान्ति मात्र भइराख्यो भने आफ्नो बुद्धि विकास हुन सक्दैन।

त्यसकारण आफ्नो जीवन सुखमय बनाउनका लागि आफू बस्ने स्थानको वरिपरि वातावरण अनुकुल हुन आवश्यक छ।



Downloaded from http://www.dhamma.digital

# आमा बुबाको कर्तव्य

आफ्ना छोराछोरीहरुलाई ठीक समयमा नै स्कूल भर्ना गरिदिनु पर्छ। विद्या पारंगत भइसकेपछि राम्रो इलममा लगाइदिने। त्यसपछि एक भलादमी, इमान्दार कुलका ब्यक्तिसंग आफ्ना सन्तानलाई विवाह गरिदिने।

संक्षिप्तमा यी कर्तव्य भए पनि यति समय अवधि भित्र आमा बुबाले आफ्ना छोराछोरीप्रति थुप्रै जिम्मेवारी बोकेको हुन्छ।

आफूले जन्म दिएको बालकलाई खुवाई पिलाई हुर्काउनु पर्छ। ठूलो भए पछि कुनै नराम्रो संगत गर्न नपाओस् भन्दै हरेक क्षण बालकको चालचलनबारे अध्ययन गरिरहनु पर्छ।

विद्धान र सभ्य ब्यक्तिहरुको संगत गराउन बाटो देखाइदिनु पर्छ। बराबर आफूले पनि ज्ञानगुणका कुराहरु सिकाइरहनु पर्छ। आफ्नो कुलायन कार्य चलाउनको लागि विधिहरु सिकाइदिनु पर्छ।

आफ्ना छोराछोरीहरुलाई आफूले दिन सक्ने जति सम्पत्ति समान रुपमा नै बॉड्चुँड् गरिदिने।

आफ्नो भाग पनि पछि आफूलाई सेवा गर्ने ब्यक्तिलाई दिने गरी प्रबन्ध मिलाउनु पर्छ।

यसरी समयमा नै आवश्यक व्यवस्था मिलाइराख्न सकेमा नचाहिंदो कलह समय समयमा हुँदैन। नमूनाको लागि एक कथा –

किरण शाक्यको दुई छोरा र एक छोरी थिए। उसले समयमा नै तीनवटा घर बनाई तीनैजना सन्तानलाई लेखिदिए।

अरु भएभरको सम्पत्ति पनि यसरी नै बाँधिदिए। फेरी आफू र आफ्नी श्रीमतीलाई त्यत्तिकै भाग लगाएर पैसा बैंकमा जम्मा गरिदियो। प्रशस्त पैसा बैंकमा भएकोले दुःख गरी कमाइरहनु पनि परेन। बूढाबूढी दुबैजना मजाले निर्धक्क भइ व्याज लिएर खाइ बसे। छोराछोरीहरु तीनैजनाले नै बूढाबूढीलाई राम्ररी हेरविचार गरेर बसे।



Downloaded from http://www.dhamma.digital

यसरी हेरविचार गरेन भने फेरी आमा बुबाको बैंकको सम्पत्ति आफूले नपाउने डर भएर पनि होला तीनैजनाले नै यसरी मन लगाएर आमा बुबाको सेवा गर्दै रहे ।

तर साँच्चिकै कर्तव्यपरायण छोराछारीले पैसाको लोभमा परि कदापी सेवा गर्दैन । उनीहरुले त आफ्नो स्वच्छ र निस्वार्थ भावले आफ्नो मानव कर्तव्य ठानी सेवा गर्ने गर्छ ।

यसरी बुद्धिमानी आमा बुबाले आफू र आफ्ना छोराछोरीहरुको सुरक्षा समयमा नै मिलाउँछ । यसले गर्दा घरमा अनावश्यक कलह हति सुखमय जीवन बिताउन सकिन्छ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# छोराछोरीको कर्तव्य

आमा बुबाको मूल सम्पत्ति र धन नै सन्तान हो । यस संसारमा मानिसहरु सधैं निरोगी र जवान भएर रहँदैन । एक दिन सबैको अवस्था जिर्ण र निस्क्रिय भएर जान्छ । त्यस्तो अवस्थाको लागि आफ्नो छोराछारीले लौरो जस्तै भएर काम गर्नु पर्छ । छोराछोरी भनेको आमा बुबाको अंशको भागीदार मात्र बन्ने होइन । आमा बुबालाई आवश्यक सेवा तहल पनि गर्नु पर्छ ।

आफूलाई जन्म दिएर खुवाई, पिलाई, हुर्काई, पढाई, इलम मिलाई, विवाह समेत गरिदिने आमा बुबाको कृतज्ञ गुणलाई बिर्सनु हुँदैन । छोराछोरीले आफ्नो आमा बुबालाई सेवा तहल गर्ने, आमा बुबालाई परेको आपतमा सहयोग गरिदिने । आमा बुबाको मन आनन्द हुने गरी कुरा गरिदिने । आमा बुबाको कामहरु आफूले गरिदिने, जिम्मा लिने आदि शुभ कार्यहरु गरिदिनु पर्छ । यदि आमा बुबाहरु गलत बाटोमा लागेका छन् भने उनीहरुलाई बिस्तारै सम्झाइ, बुझाइ ठीक बाटोमा ल्याउने जिम्मा छोराछोरीको हुन्छ । आमा बुबा ब्रह्मा समान हुन्छन् । किनभने आमाबुबामा आफ्ना छोराछोरीहरुप्रति मैत्री, करुणा, मुद्रिता र उपेक्षा गरी चार ब्रह्म बिहार गुणहरु हुन्छन् । यस्तो गुणले भरेका आमाबुबाको कृतज्ञ गुण बिर्सी आमाबुबाको चित्त दुखाउने ब्यक्तिलाई नर पशु भने पनि केही फरक पर्दैन ।

सन्तानलाई आफ्ना आमा बुबाप्रति अधिकार खोजेजस्तै आफ्नो कर्तव्य पनि पालन गरेको खण्डमा यी दुई अधिकार र कर्तव्य दुईवटा पाँग्रा मिलेर मात्र परिवाररुपी रथ राम्ररी गुड्नेछ । अधिकार मात्र खोजी कर्तव्य पालन भएन भने पानी नदिएको विरुवाको फल फलाउन नसकी सुकेर विनास भए जस्तै घरको स्थिति पनि त्यस्तै हुन जान्छ ।

नीति शास्त्रमा यसरी उल्लेख गरिएको छ – "आमा बुबालाई छोराछोरीले हरेक दिन नमस्कार गरी आफ्नो काँधमा बोकी हिमालय चढेर आएपछि आमा बुबाको ऋण चुक्ता गर्न सकिँदैन" ।



Downloaded from http://www.dhamma.digital

यसरी सबै छोराछोरीहरुले आमा बुबाको अमूल्य गुणलाई सम्झी उहाँहरुको अमूल्य ऋण चुक्ता गर्न प्रयासरत रहनु पर्छ । यदि खराब बाटोमा लागेका आमा बुबालाई जसरी भएपनि सम्झाई बुझाई राम्रो सुमार्गमा लगी शिक्षित बनाउन सकेमा हामी आमा बुबाको ऋणबाट मुक्त हुन सक्नेछौं । उदाहरणको लागि एउटा कथा-

पद्मले आफ्ना आमा बुबाको सेवा गरी दिन बिताउने गर्थ्यो । बिहान उठ्ने बितिक्कै आमाबुबालाई मुख धुनको लागि आवश्यक सबै सामान अगाडि राखिसकेपछि चिया पकाई आमाबुबालाई खुवाउँथ्यो । अनि आमाबुबाको खुट्टा ढोगिसके पछि आफूले पनि चिया पिउँथ्यो । अनि दिउँसोको लागि खाजा तयार पारी आमाबुबालाई खुवाई आफूले पनि खाएर बाहिर निस्कने गर्थ्यो ।

आमाबुबालाई समय समयमा तागतिलो खानेकुरा र औषधि दिईरहने, सफा सुग्घर लुगाहरु लगाइदिने, कोठा सफा पारिदिने, डसना सिरक घाममा सुकाइदिने आदि काम पद्म आफैले गरि दिन्थ्यो । फुर्सद पाउने बित्तिक्कै आमा बुबाको मन बहलाउने गरी मीठो मीठो कुरा गरी रहन्थ्यो ।

पद्मले यसरी आमा बुबाको मन प्रसन्न गरि आमाबुबाको तर्फबाट धेरै आर्शिवाद लिइसकेको थियो । त्यसैले उसले जे काम गरेपनि सफल हुन्थ्यो । उसको व्यवहार सबैलाई मन पर्थ्यो । जसरी उसले आमाबुवालाई आदर र सम्मान राख्थ्यो, त्यसरी नै अरु ब्यक्तिहरुको तर्फबाट पनि उसलाई आदर सम्मान मिलिरहन्थ्यो ।

जब उसले बिबाह गऱ्यो त्यसपछि, उसको बोझ केही हलुका भयो । अनि उसकी श्रीमतीले पनि पद्मले जस्तै मन लगाएर सासु ससुराको सेवा गर्न थालिन् । पद्मले आफ्नो आमाबुबालाई पहिलो प्राथमिकता दिई सेवा गरिरहेकाले उनकी श्रीमतीले पनि यसरी नै सेवा गर्न बाध्य भइन् र भलादमी श्रीमान्को संगतमा परी उनी पनि भलादमी नै भइन् । यसरी छोरा बुहारी दुबै असल भएकोले बूढा बूढी दुबै जना एकदम खुसी र सुखी थिए । अनि ती बुढाबुढीहरुले आफ्ना



Downloaded from http://www.dhamma.digital

सबै सम्पत्ति मध्ये धर्म कर्मको लागि रकम छुट्टाई बाँकी रहेका सम्पत्ति शेष पछि छोराको नाममा जाने कागजात गरी आनन्द पूर्वक रहन थाल्यो ।

आमा बुबाको आर्शिवाद दिनदिनै पाएकोले पद्मको जीवन दिन पर दिन उन्नति हुँदै गएको थियो । यसरी अधिकारलाई वास्ता नगरी आफ्नो कर्तव्यलाई मात्र सम्झेर काम गरिरहेको पद्मलाई प्रकृतिले नै अधिकार दिलाईदियो ।

त्यसैले हरेक छोराछोरीले आमा बुबा प्रति अधिकार खोज्नु भन्दा पहिले कर्तव्य निभाउने गर्नु पर्छ । त्यस्तो ब्यक्तिलाई प्रकृतिले नै अधिकार सुम्पिदिनेछ र भविष्य उज्जवल हुनेछ ।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# गुरूको कर्तव्य

गुरु संसारमा उच्च स्थान दिनुपर्ने व्यक्ति हुन् । गुरुले हाम्रो जीवन सुधार हुने बाटो देखाईदिनु हुन्छ । गुरुले हाम्रो जीवनमा नभई नहुने विद्या, शीप आदि सिकाउनु भई हाम्रो जीवन सार्थक बनाईदिनु हुन्छ ।

गुरुले शिष्यप्रति गर्नुपर्ने कर्तव्यहरु –

१) आफ्नो जिम्मामा सुम्पिन ल्याएका बालकहरु (शिष्यहरु) लाई आफैले जन्म दिएका बालकहरुलाई जस्तै माया, ममता र स्नेह राख्नुपर्छ ।

२) आफ्नो जिम्मामा रहेका शिष्यहरुको असल र खराब बानीहरु केलाई खराब बानी हटाउनका लागि फकाएर, तर्साएर, हप्काएर र माया गरेर आदि उपाय अपनाएर जसरी भए पनि ती खराब बानीलाई छुटाउनु पर्छ ।

३) शिष्यको भविष्य सुधार्नको लागि विद्या र शीपहरु सिकाई आत्मनिर्भर बनाईदिने ।

४) आफूसंग रहने शिष्यहरुको अगाडी शिष्यहरुले पालन गर्नुपर्ने नियमहरुबारे समय समयमा उपदेशहरु दिइरहने । गुरु कुलको हरेक स्थानहरुमा ती नियमहरु उल्लेख गरिएका कागजहरु टाँसिदिने गर्नु पर्दछ ।

५) आफूसंग रहेका शिष्यहरुको दैनिक खानपिनको विषयमा समय समयमा हेरविचार पुर्‍याउने गर्नुपर्छ । उनीहरुको खाना उचित छ वा छैन, खानाको मात्रा पुगेको छ वा छैन, सो बारे पनि राम्ररी ध्यान पुऱ्याउने गर्नुपर्छ ।

६) शिष्यको सम्पत्तिलाई आफूले पनि निरीक्षण गरी नचाँहिदो क्षेत्रमा खर्च नगर्न सल्लाह दिने गर्नुपर्छ । शिष्यले उसको सम्पत्ति सुरक्षा गर्न नजानेमा आफैले भएपनि सुरक्षा गरिदिने गर्नुपर्छ ।

७) आफूले दिइराखेको तालिममा केही परिवर्तन गर्नुपर्छ वा पर्दैन



Downloaded from http://www.dhamma.digital

समय समयमा ध्यान दिईरहने गर्नुपर्छ ।

८) कुनै शिष्यहरुको स्वभाव अति चञ्चल छ भने तिनीहरुलाई नियन्त्रण गर्नुपर्छ । यदि भनेको कुरा मानेन भने दण्ड दिएर भएपनि बसमा राख्नु पर्छ । किनभने उमेर पाको नभएकोले उनीहरुको बुद्धि पनि छिपेको हुँदैन । कच्चा बुद्धिले ठीक वा बेठीक छुट्टाउन सक्दैनन् । यस्तो अवस्थामा ठीक बाटोमा लगाउन सकिएन भने उनीहरुले गलत बाटोमा लागि दुःख भोग्नु पर्नेहुन्छ ।

९) मस्तिष्क विकास नभएको शिष्य पऱ्यो भने उसको बुद्धि विकास गर्नको लागि विभिन्न उपायहरु अपनाई जसरी भएपनि उसको उपचार गरी उपकार गर्नुपर्छ ।

१०)बदमास शिष्यहरुलाई आफूले नियन्त्रण गर्न सकिएन भने उसको आमा बुबा बोलाएर सुम्पिदिने गर्नुपर्छ । नमूनाको लागि एक कथा प्रस्तुत गर्दछु –

सुमित्र एक प्रभावशाली ब्यक्तित्व भएको विद्धान थियो । उसले दुःखले भरेको संसारको यथार्थ स्वभावलाई जानेर विरक्त भई सन्यासी जीवन बिताउन थाल्यो । उसले धर्म र ज्ञान सम्बन्धि उपदेशहरु दिने गर्थ्यो । उसको उपदेश सुनेर धेरै मानिसहरु प्रभावित भए । यस्तो ज्ञानी गुरुकहाँ आफ्ना केटाकेटीहरुलाई पनि ल्याई शिक्षा दिलाउने इच्छाले मानिसहरुले आफ्ना छोराछोरीहरु गुरुकहाँ ल्याई भर्ना गरि दिए । यसरी सुमित्रको थुप्रै शिष्यहरु भए ।

त्यसपछि गुरुले आफ्नो शिष्यहरुलाई तह लगाउनका लागि नियमहरु बनाए । ती नियमहरुमा बाँधिएका शिष्यहरुलाई सुमित्रले धेरै ज्ञानगुणका कुराहरु सिकाए । यसरी बाल्यकाल देखि राम्रा राम्रा शिक्षा सिक्न पाएका शिष्यहरु ठूलो भएपछि झन झन शिक्षित र प्रतिभाशाली बन्दै आए ।

उनीहरुले आफ्नो गुरुको निर्देशनमा रही समाज सेवा र देश सेवा जस्तो कार्यमा लागि लोकप्रिय बन्न पुगे । यसरी राम्रो गुरुको आज्ञाकारी शिष्यहरुको तर्फबाट धेरै प्रशंसनिय कार्यहरु सम्पन्न भएको



Downloaded from http://www.dhamma.digital

देखेर मानिसहरुले सुमित्रलाई प्रशंसा गर्न थाल्यो । फलस्वरुप गुरु र शिष्यहरुको नाम अमर हुन थाल्यो ।

त्यसैले कर्तव्यपरायण गुरुहरुको छत्र छाँयामा हुर्केका शिष्यहरुले गुरुको आज्ञा उल्लघंन नगरी आज्ञाकारी बन्ने प्रयत्न गर्नुपर्छ । अत्तेरी गुरुभन्दा जान्ने सुन्ने भएर बढ्ता उच्छृङ्खल भएर हिड्न हुँदैन । यस्तो आज्ञाकारी शिष्यहरुलाई मात्र गुरुले पनि मैत्रीपूर्वक व्यवहार गरी उनीहरुको जीवन सफल बनाउन कोशिस गर्नेछ ।

यसरी गुरुहरुले आफ्नो शिष्यहरुको जीवन सफल बनाइदिने जिम्मा लिएको हुन्छ ।



Downloaded from http://www.dhamma.digital

# शिष्यको कर्तव्य

शिष्यको कर्तव्य कस्तो हुनुपर्छ ?

शिष्यले आफ्नो गुरुलाई देवता समान मान्नुपर्छ । गुरुले शिष्यलाई जीवनको सहि बाटो देखाई, जीवन सफल बनाउन मद्दत गर्नुपर्छ । त्यसैले शिष्यले पनि गुरुको कृतज्ञ गुण सम्फेर यसरी आदर, गौरब, मान, सम्मान र सेवा सत्कार गर्नुपर्छ ।

१) गुरु ओछ्यानबाट उठेर आउनु अगाडी नै आफू उठेर दैनिक कार्यहरु सम्पन्न गरी गुरुलाई मुख धुनको लागि आवश्यक सर सामानहरु अगाडी ल्याइदिने ।

२) पूजापाठको लागि आवश्यक सामानहरु ठीक ठाउँमा राखिदिने ।

३) गुरुलाई जलपान, खाना आदिको व्यवस्था यथा समयमै आदरपूर्वक मिलाइदिने । सकभर गुरुले खाना खाइसकेपछि मात्र आफूले खाने गर्नुपर्छ । यदि आफू बाहिर जाने अपर्झट काम आइपऱ्यो भने गुरुको थालमा अलिकति भएपनि खाना राखि आफूले खाने गर्नुपर्छ ।

४) बिहान एकपटक र बेलुकी एकपटक गुरुलाई वन्दना गरी आर्शिबाद लिने गर्नुपर्छ । गुरुको आर्शिबादले आफ्नो काम सफल हुनेछ ।

५) गुरुसंग कुरा गर्ने बेलामा ठूलठूलो स्वर निकालेर, सिधा उभिएर, हात यताउता चलाएर अनादरपूर्वक कुरा गर्नु हुँदैन । सुवच स्वभावले आदरपूर्वक अलि निहुरेर मधुर स्वरले कुरा गर्नुपर्छ ।

६) गुरुको अनुमति लिएर मात्र बाहिर जाने गर्नुपर्छ ।

७) गुरुको अनुमति लिएर मात्र कार्यहरु थालनी गर्नुपर्छ ।

८) गुरु बिरामी परेको बेलामा उहाँको सेवाटहल गरी आवश्यक सर सफाईहरु गरिदिनु पर्छ ।

९) गुरुको अदब नराखीकन जथाभावी चल्ने हाँस्ने र ठूलठूलो स्वरले कराउने आदि गर्नु हुँदैन ।

१०) गुरु भन्दा जान्ने सुन्ने भएर कुरा गर्ने र काम गर्नु हुँदैन । खुकुरी भन्दा कर्द लाग्ने भएर व्यवहार गर्नु हुँदैन । नमूनाको लागि एक कथा–



Downloaded from http://www.dhamma.digital

जमुना बाल्यकालदेखि आमाबुबाले शिक्षा दिइएको बालक हुनाले ऊ अति नै भलादमी थियो। दिमाग पनि चलाख थियो उसको। गुरुकुलमा बसेपछि गुरुको संगतमा परेर ऊ अझ ज्ञानी भयो।

बिहान सबेरै उठेर गुरुलाई गर्नुपर्ने आवश्यक कामहरु सबै गरेर जलपान तयार गरी गुरुलाई खुवाउने, आफूले खाने गर्थ्यो। अनि भाँडाकुँडा सफा गरिसकेपछि आफ्नो पाठ पढ्ने र गुरुको फुर्सदको समयमा पाठ दिने गर्थ्यो।

गुरुलाई आदर गौरब पूर्वक व्यवहार गर्ने शिष्य भएकोले उसलाई गुरुले धेरै मनपराए।

गुरु बाहिर गइरहेको समयमा कोही पाहुना आए पनि उसले राम्ररी सम्मान गरेर गुरु बाहिर गएको कुरा सुनाउँथ्यो। त्यसैले आफूले भनेर हुने कुरा भए टिपेर राख्थ्यो र पछि गुरु आइसके पछि सबै कुरो गुरुलाई सुनाउँथ्यो। यसरी गुरुको अनुमती लिएर मात्र उसले गुरुकुलको कार्य चलाउने भएकोले सबै काम सुचारु रुपले चलिरहेको थियो। बीच बीचमा बढी भएर नाइके भएर काम गर्ने बानी उसमा थिएन।

पछि आफ्नो गुरुसंग बस्ने अवधि सिध्याएर ऊ आफ्नो घर फर्क्यो। छोराको असल स्वभाव र असल चालचलन देखेर आमाबुबा दुबै ज्यादै हर्षित भए। त्यसैले उनीहरुले गुरुलाई कृतज्ञता प्रकट गरी धेरै कोशेलीहरु पठाइदिए।

जमुनाले अत्तहीत र परहीत कार्य गर्दागर्दै एक योग्य र महान उपकारक ब्यक्ति बन्यो।

यसरी गुरुको आज्ञा पालन गरी, अनुशासन पालन गरी, इमान्दारी र कर्तव्यपरायण भई बसेको फल आफैले भोग्न पाइनेछ। यस्तो ब्यक्तिको जीवन दिनपर दिन सुधिदै गई उसले आफ्नो भविष्य सपार्न सफल हुनेछ।



Downloaded from http://www.dhamma.digital

# प्रधान अध्यापक वा प्रधान अध्यापिकाको कर्तव्य

प्रधान अध्यापकले पाठशालाको सम्पूर्ण अभिभारा बहन गर्नु पर्ने हुन्छ। यो उसको आफ्नो कर्तव्य पनि हो।

अरु साधारण शिक्षक शिक्षिकाहरु स्कूल अवधिभित्र पढाई सिध्याएर फर्केपछि केही आपत्ति पर्दैन। उनीहरुको कर्तव्य पूरा भएको ठहरिन्छ। तर प्रधान अध्यापकले स्कूलको हरेक क्षेत्रको समस्याहरुलाई ध्यान दिएर हेर्नुपर्छ। फर्निचरहरुको व्यवस्था, आर्थिक व्यवस्था, प्रशासनिक व्यवस्था आदि सबै क्षेत्रमा व्यवस्था मिलाउने जिम्मा हेड मास्टर वा प्रधान अध्यापकको हुन्छ। एक प्रधान अध्यापकको कर्तव्यहरु यसरी उल्लेख गर्न सकिन्छ।

१) विद्यालयको सम्पूर्ण जिम्मेवारी बहन गर्ने।

२) विद्यालयको लागि सम्पूर्ण व्ययभारमा मितव्ययिता (खर्चको सदुपयोग) अपनाइने।

३) विद्यालय भवनको कोठाहरु पढाउन योग्य छ वा छैन, कोठाहरु पुग्छ वा पुग्दैन हेरी कोठाहरुको उपयुक्त व्यवस्थाहरु मिलाउने।

४) कक्षा कोठाहरु फर्निचरको व्यवस्था राम्रो छ ता छैन समय समयमा निरीक्षण गरी सो बारे राम्रो व्यवस्था मिलाउने।

५) विद्यार्थीहरु प्रति शिक्षकहरुको व्यवहार उचित छ वा छैन समय समयमा निरीक्षण गरिरहने। विद्यार्थीहरुको चित्त बुझ्ने तरीकाले पढाएको छ वा छैन, उनीहरुलाई अनावश्यक कुटपिट गरेको छ वा छैन आदि बारे राम्रो ध्यान दिनुपर्छ।

६) आफ्नो कर्तव्य राम्ररी पालन गर्ने शिक्षित र भलादमी शिक्षकहरुलाई मात्र सही मुल्यांकन गरी उचित पुरस्कारको व्यवस्था मिलाउने।

७) विद्यालय भवन सही अवस्थामा छ छैन राम्ररी ध्यान दिने। कतै टूटफूट भएको छ भने समयमा नै मर्मत गर्ने।

८) विद्यार्थीहरुको पढाई राम्रो हुनलाई विद्यालय भवनले पनि भूमिका खेलेको हुन्छ। विद्यालय भवनका कोठाहरु अँध्यारो, गुम्सिएको,



Downloaded from http://www.dhamma.digital

गन्हाएको आदि छ भने मन नलागे पनि विद्यार्थीहरु त्यहाँ बसेर पढ्न बाध्य हुन्छन् । यस्तो कोठामा विद्यार्थीहरुको पढ्ने इच्छा कम हुन सक्छ । यसरी पढ्ने बेलामा ठाउँले पनि प्रभाव पारेको हुन्छ । त्यस कारण विद्यालय भवनको कोठाहरुमा समय समयमा रंग रोगन गरी सरसफाई गर्न दिनुपर्छ ।

९) विद्यार्थीहरुको बौद्धिक विकास गराउनको लागि खेलकुद, साँस्कृतिक कार्यक्रम, शैक्षिक भ्रमण, पिकनिक तथा अन्य अतिरिक्त क्रिया-कलापहरुको व्यवस्था गर्ने ।

१०) समय समयमा शिक्षकहरु भेला गराई विद्यार्थीहरुलाई राम्ररी पढाउन सरसल्लाह दिने ।

११) कक्षा संचालन भइरहेको बेला समय समयमा कक्षा अवलोकन गर्न जाने ।

१२) स्कूलका अत्यावश्यक निर्णयहरु आवश्यक अनुसार लिखित रुपमा शिक्षक तथा विद्यार्थीहरुका बिच सुनाइ दिनुपर्छ ।

१३) विद्यार्थीहरुलाई राम्ररी नियन्त्रण गरी अनुशासनमा राख्ने ।

१४) शिक्षकहरुको बीचमा आ-आफ्नो कार्यको अभिभारा दिलाइदिने ।

१५) शिक्षकहरुले गरिएको कार्यहरुको हेरविचार पुर्‍याउने ।

१६) बाहिरबाट आएका पाहुनालाई आफ्नो विद्यालयको विषयमा लेखाउने ।

१७) स्कूलको रेकर्डहरु सुरक्षापूर्वक राखि छोड्ने ।

१८) आवश्यकता अनुसार कमिटि बोलाई सल्लाह लिने ।

१९) विद्यालयको आर्थिक अवस्था हेरी विभिन्न उत्सवहरु र सभाको आयोजना गर्ने ।

२०) समय समयमा शैक्षिक भ्रमणहरुको आयोजना गर्ने ।

नमूनाको लागि एक कथा –

माधव बाल्यकालदेखि पढाईमा शौंख भएको केटो थियो । उसलाई शिक्षक बन्ने ठूलो इच्छा थियो । त्यसैले उसले शिक्षक पेशामा नोकरी गर्‍यो । उसका लगनशीलता र राम्रो कामलाई कदर गरी



Downloaded from http://www.dhamma.digital

उसलाई "चन्दिका विद्यालय" को प्रधान अध्यापक पदमा नियुक्त गरियो ।

स्कूलको नाजुक अवस्था सुधार्न र भत्किएको भवन गतिलो बनाउनको लागि स्थानिय बासिन्दाहरु बोलाई सहयोग माग्यो । बुद्धिजीविहरुले सक्दो सहयोग दिए । त्यस्तै अरु ठाउँहरुमा पनि चन्दा मागियो । यसरी विभिन्न स्थानहरुबाट प्राप्त भएको चन्दा बटुली विद्यालय भवन राम्ररी बनाइयो ।

त्यसपछि विद्यालयमा राम्रो कार्य गर्ने शिक्षकहरुलाई पुरस्कार दिने प्रबन्ध मिलाई कर्तव्यहीन शिक्षकहरुलाई नोकरीबाट झिकिदियो ।

उसले समय समयमा शिक्षकहरुलाई आफ्नो कर्तव्यबाट बञ्चित नहुने सल्लाह दिइरहन्थ्यो । विद्यालयमा बेलाबखतमा विभिन्न अतिरिक्त कार्यक्रमहरु संचालन गरी रचनात्मक कार्यहरुको आयोजना गरिन्थ्यो । माधवको सक्रिय स्वभाव देखेर टोल बासी र अभिभावकहरु सबै प्रभावित थिए । यसरी विद्यालयमा पहिला भन्दा धेरै विद्यार्थीहरुको संख्यामा बृद्धि हुन थाल्यो । विद्यालयको हरेक क्षेत्रमा आइपरेका समस्याहरु समाधान गर्नका लागि आफै अगाडी सर्ने हुनाले त्यहाँ समस्याहरु छिटै समाधान हुन्थ्यो । कसैले काम ठग्न पाउँदैनथ्यो । त्यसैले सबभन्दा पछाडि परिरहेको विद्यालयमा माधव प्रधान अध्यापक भएपछि त्यहाँको वातावरण केही समयपछि नै परिवर्तन भई उंन्नति हुन थाल्यो । स्कूलको प्रगति भई यसले राम्रो रेकर्ड कायम गर्न सकेकोले गर्दा विद्यार्थीहरुको घुइँचो बढ्न थाल्यो ।

माधवको योगदानले गर्दा यस्तो प्रगति भएको हुँदा उसको नाम प्रख्यात हुन थाल्यो । त्यसैले जो मानिस मेहनती र इमान्दार हुन्छ ,उसले नाम कमाउँछ । उसले आफ्नो जीवन सुधार्छ । यो ध्रुव सत्य हो ।



Downloaded from http://www.dhamma.digital

# बिद्यार्थीहरूको कर्तब्य

बिद्यार्थी भविष्यका तारा, भावी सन्तान, देशका जिम्मेवार वहन गर्नुपर्ने कर्णधार सन्तान हुन्। विद्यार्थीहरुको समूहबाट नै राजा, नेता, डाक्टर, इन्जिनियर, विद्वानवर्ग, न्यायाधीश र अफिसर आदि उत्पादन हुन्छन्।

बिद्यार्थीको कर्तब्य -

१) ठीक समयमा स्कूलमा आउने । हल्ला नगरिकन स्कूल नियम पालन गरी कक्षा कोठा भित्र पस्ने ।

२) प्रार्थना घण्टी लगाएपछि कक्षा कोठाबाट बाहिर आई पंक्तिबद्ध भई प्रार्थना गर्ने । प्रार्थना गर्ने बेला मन एकाग्र गर्ने ।

३) कक्षा कोठामा शिक्षक आउनु भएपछि आदर गौरबपूर्वक उठेर नमस्कार गर्ने । शिक्षकले सिकाएको पाठ ध्यान दिएर सुन्ने । प्रश्न सोध्दा जसलाई सोधिएको छ, उसले मात्र जवाफ दिने । कक्षा कोठामा हल्ला नगर्ने ।

४) शिक्षक नआएको बेला सबै बिद्यार्थी मिलेर कक्षा कोठा सफा पारि राख्ने । कक्षा कोठामा बिभिन्न चित्रहरु र कोटेशन लेखेर कक्षा कोठा सजाउने ।

५) खेल खेल्ने बेलामा बाहेक अरु बेलामा कक्षा कोठाबाट बाहिर आई खेल्ने बानी नगर्ने ।

६) बिद्यालयबाट संचालन गरिने विभिन्न बुद्धि बिकास हुने कार्यकमहरुमा भाग लिने ।

७) लाइब्रेरीमा गएर पत्रिका लेख, बिद्वानजनहरुको जीवनी, पुस्तकहरु आदि अध्ययन गर्ने ।

८) स्कूलको फूलबारीमा बिभिन्न फूलका विरुवाहरु ल्याई फूलबारीमा सजाउने ।

९) आफ्नो स्कूलका कुनै पनि सामानहरु (बेन्च, टेबल, मेच आदि) नबिगार्ने । स्कूलको सम्पत्ति आफ्नै सम्पत्ति ठान्नु पर्छ ।



Downloaded from http://www.dhamma.digital

१०) स्कुलको चर्पीमा बाहेक जहाँ पायो त्यहाँ दिसा पिसाब नगर्ने, भित्ता भित्तामा मनपरि नलेख्ने ।

११) स्कूलबाट फर्कने समयमा आफूलाई जिम्मा दिइराखेको सबै कार्य पूरा गरेर जाने ।

१२) आफ्नो गल्ती सधैं स्वीकार गर्नुपर्छ ।

१३) आफू पढेको स्कूलको गुण सधैं सम्फने गर्नुपर्छ । आफू ठूलो ब्यक्ति बनेपछि आफूले गर्न सक्ने सहयोग गर्नेछु भन्ने धारणा राख्नुपर्छ ।

१४) नराम्रा बानी भएका ब्यक्तिहरुसंग संगत नगर्ने ।

१५) बिद्धान र ज्ञानी ब्यक्तिहरुको जीवनी अध्ययन गरी उनीहरुको आदर्श आफूले पनि लिने कोशिस गर्ने ।

१६) आफूलाई दिइएको गृहकार्य कक्षा कोठामा होइन, घरबाट सिध्याएर ल्याउने ।

माथि उल्लेखित गुणहरुलाई हरेक विद्यार्थीहरुले पालन गर्न सकेमा ऊ समाज र देशको असल नागरिक भई देश उन्नति गर्ने कार्यमा सहयोगी बन्न सक्नेछ । उसले आफ्नो जीवन सफल बनाउन सक्नेछ ।

Dhamma.Digital

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# कमिटिको कर्तव्य

संस्था संरक्षण गर्नको निमित्त स्थापित विभिन्न कमिटिहरु मध्ये स्कूलको कमिटिको कर्तव्यहरु कमिटि अध्यक्षदेखि लिएर कुनैमा ७ जना, कुनैमा ९ जना, कुनैमा ११ जना र कुनैमा १५ जना कार्यकारिणी सदस्यहरु मिलि एउटा समितिको स्थापना गरिएको हुन्छ ।

१) कमिटिले स्कुलको सम्पूर्ण समस्या हेरेर आफूले गर्नु पर्ने सबै काम कर्तव्य पूरा गर्नुपर्छ ।

२) निर्माण कार्यमा कुन ठाउँमा के नपुगेको हो त्यसलाई उचित ढंगले बनाउनको लागि चन्दा संकलन गर्ने ।

३) फर्निचरहरु पुग्छ पुग्दैन, यसबारे पनि विचार पुऱ्याउने ।

४) शिक्षकहरुको बीच के कस्तो भइरहेकोछ, उनीहरुले के कस्ता कामहरु गरिरहेका छन्, यसबारे प्रधान अध्यापिकासंग रेकर्ड दिने गर्नुपर्छ । यदि कुनै शिक्षक अट्टेरी भई प्रधान अध्यापिकाको विपरित कार्य गर्दै हिड्छ भने जिल्ला शिक्षामा खबर गरी आवश्यक कारवाही गर्नुपर्छ ।

राम्रो काम गर्ने शिक्षकलाई उचित मूल्यांकन गरी उचित पुरस्कारको व्यवस्था मिलाइदिने । शिक्षकहरुको मूल्यांकन प्रधान अध्यापकले गर्छ भने प्रधान अध्यापकको राम्रो कार्यहरुको मूल्यांकन कमिटिले गरी उचित पुरस्कारको व्यवस्था मिलाउनु पर्छ । नराम्रो कार्य गरेको छ भने त्यसको सुधार व्यवस्था पनि कमिटिले मिलाउनु पर्छ ।

विद्यालयको लागि आवश्यक खर्च गर्न अनुमतिको व्यवस्था हुनुपर्छ ।

समय समयमा विद्यालयको बैठक बोलाएको बेलामा अनिवार्य रुपमा उपस्थित भई आइपरेको समस्याहरु समाधान गरिदिनु पर्छ ।

आवश्यक निर्देशनहरु दिने, आवश्यक रेखदेख गरी स्कूलको गतिविधीहरुलाई प्रगति गर्न मद्दत गर्ने ।

कमिटिमा यी कर्तव्यहरु पूरा भएमा स्कूलको उन्नति हुनेछ ।



Downloaded from http://www.dhamma.digital

# चन्दाल

चन्दाल कस्तो ब्यक्तिलाई भनिन्छ ?

जुन मानिसले आफ्नो स्वार्थ पूर्ति गर्नका लागि सबैलाई दुःख दिइरहन्छ, त्यस्तो ब्यक्तिलाई चन्दाल भनिन्छ ।

चन्दाल ब्यक्तिबाट हुने कामहरु –

१) चन्दाल ब्यक्तिले आफ्नै बूढो आमा बुबालाई पनि पालन पोषण र सेवा टहल गर्दैन ।

२) आफ्नै आमा बुबाका सम्पत्ति लुटेर, चोरेर मनपरि खर्च गर्छ । यदि भने जति पैसा दिएन भने कुट्‌न पिट्‌न पनि पछि हट्‌दैन ।

३) आफ्ना नाता कुटुम्बहरुलाई आवश्यक सहयोग र सेवा गर्ने भन्ने भावना राख्दैन ।

४) धर्म सम्बन्धि कुराहरु सुन्ने इच्छा गर्दैन, विद्वानजनको संगत गर्न रुचाउँदैन ।

५) सधैं झगडालु र निहुं खोज्दै हिड्ने बानी हुने भएकोले उसमा केही न केही हतियार लुकाएर राखेको हुन्छ ।

६) आफूले गर्नु पर्ने कर्तव्यहरु पुरा गर्न चाहँदैन । सधैं आफ्नो बल र शक्ति प्रयोग गरी अरुलाई तर्साएर हिड्ने बानी हुन्छ ।

७) जसरी भएपनि अत्याचारी काम गर्दै अर्काको धनसम्पत्ति लुटी खाने काम गर्छ । यस्ता अहंकारी, इर्ष्यालु, दयाहीन ब्यक्तिहरुलाई नै चन्दाल भनिन्छ ।

नमूनाको लागि एक कथा –

जनक बाल्यकालदेखि नै बदमास भएकोले उसको आमा बुबाले उसलाई छिट्टै स्कूलमा भर्ना गरिदियो । तर स्कूलमा पनि सबै साथीहरुसंग झैझगडा गरी कुट्‌ने पिट्‌ने गर्थ्यो । गुरुहरुले भनेको कुरो पनि नटेर्ने खालको थियो त्यो केटो । त्यसैले गुरुहरुले पनि उसलाई जिम्मा लिन छाडेर स्कूलबाट निकालिदियो ।



Downloaded from http://www.dhamma.digital

घरमा बसेर उसले आमा बुबालाई झन दु:ख दिन थाल्यो। धर्म चेतना कति पनि नभएको त्यस केटोले आमा बुबाले कोही नातेदार बोलाई खुवाएको पनि देखि सहँदैनथ्यो। सधैं आफू मात्र खाने, आफू मात्र मोज गर्ने विचार गर्थ्यो उसले।

उसको शरीरमा जहिले पनि एउटा हतियार लुकाइराखेको हुन्थ्यो। उसले आफ्नो कुनै पनि कर्तव्य पुरा गर्न खोज्दैनथ्यो। सधैं आफ्नो बल र शक्ति प्रयोग गरी अरुलाई तर्साउँदै हिड्थ्यो। अत्याचारी बनी धनं लुट्दै हिड्ने भएकोले ऊ देखेर सबै डराउँथे।

यसरी ऊ पृथ्वीको लागि बोझ बन्दै हिड्यो। एकदिन उसले एक निर्दोष व्यक्तिलाई निहुं खोजेर हत्या गरिदियो। त्यसैले उसलाई जेलमा राखियो। उसले आफ्नो कुकर्मको फल जेलमा बसेर नै भोग्न थाल्यो।

यसरी कुकर्म गर्ने व्यक्तिहरुको भविष्य कहिले पनि राम्रो हुँदैन। भाई बहिनीहरु हो! तिमीहरुले पनि यस्ता कुकर्महरु आफूबाट हुन नदिन कोशिस गर्नुपर्छ। ज्ञानी गुणी बनी देश सेवा गर्ने कोशिस गर्नु पर्छ।

Dhamma.Digital

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# देश बिद्रोही

देश बिद्रोही कसलाई भनिन्छ ?

आफ्नो देशलाई माया, ममता नगर्ने, देशको इज्जत नराखी विदेशमा गई त्यहीँ जीवन बिताउने ब्यक्तिहरुलाई देश बिद्रोही भन्न सकिन्छ ।

देश बिद्रोहीहरु पनि दुई थरीका छन् –

१) नराम्रा कुकर्महरु गरी देश र समाजलाई हानी पुऱ्याउने दुष्टहरु ।

२) आफ्नो देशलाई बिर्सेर विदेशमा बसोबास गर्दै त्यहिंको नागरिक बन्ने ब्यक्तिहरु ।

१) नराम्रा कुकर्म गर्नेहरु – चोर, ज्यानमारा, मूर्ख, लुच्चो, छुच्चो, बदमाशी, डाँका, रण्डिबाजी, भट्टी पसल, कोठी खोली चेलीबेटी बेच्ने र ठग बनी कार्य गर्नेहरु सबैलाई नराम्रा कुकर्म गर्नेहरु भनिन्छ ।

क) चोर – नेपाल आमाको कोखमा जन्मेर मेहनत गरी कमाउनेतिर ध्यान नदिई चोर बन्दै हिंने ब्यक्तिहरु धेरै छन् ।

देवता चोर्ने, घरघरमा सम्पत्ति चोर्ने, पसलपसलमा ताल्चा फोरेर सम्पत्ति चोर्ने, भित्ता नै फुताली चोर्नेहरु, बहाबही र मन्दिरहरुमा चैत्य र गजुर चोर्नेहरु, परापूर्वकालदेखि स्थापित मूर्ति चोर्ने मूर्ति चोर हरु, बाटोमा आइरहेका महिलाहरुको गहना लुटेर दुःख दिनेहरु सबै चोर हुन् ।

ख) ज्यानमारा – गहनाको लोभमा परी, घरको लोभमा परी, धनको लोभमा परी र आफ्नो स्वार्थको लागि अनेक निहुं खोजेर मानिस मार्नेहरुलाई ज्यानमारा भनिन्छ ।

ग) मूर्ख – मूर्ख मान्छेले जे काम पनि उल्टा तरीकाले गर्ने



Downloaded from http://www.dhamma.digital

गर्छन् । मूर्खको बुद्धिहीन हुन्छ । त्यसैले उसले परिवार, समाज, देश र राष्ट्रलाई समेत आधार पारिदिन्छ । हानी र नोक्सानी, आपद विपद श्रृजना गर्ने मूर्ख ब्यक्तिको बानी नै हुन्छ ।

घ) लुच्चो – लुच्चो स्वभावको ब्यक्तिले कुनै पनि काम सफल गर्दैन । उसले अरुसंग फकाई फकाई मागेर खाने गर्छ । अरुलाई काम गराई गराई आफू कर्तव्यहीन बनी हाकिम बनी अरुलाई हुकुम चलाउँदै बस्न खोज्छ । यस्तो ब्यक्तिले केही उन्नती गर्दैन । पृथ्वीको लागि बोझ बनी दिन्छन् तिनीहरु ।

ङ) छुच्चो – छुच्चो ब्यक्तिको बोली वचन कडा हुन्छ । ब्यवहार नराम्रो हुन्छ । लेनदेन कार्यमा बेइमानी बनिदिन्छ । आफ्नो मात्र भलो गर्न खोज्छ र अरुलाई हानी भएपनि मतलब राख्दैन ।

च) बदमाश – बदमाश ब्यक्तिको इमान जमान हुँदैन । बेढंगको, उल्टो काम गर्दै इमान बेच्दै हिड्ने हुन्छ । अरुसंग पैसा लिएर तिर्न नखोजी पैसा नै लिएको छैन भन्दै ढाँट्न खोज्ने, घर जग्गा बेचेर पैसा लिए पनि लिएको छैन भन्ने, अर्काको सामान लिएर फिर्ता नदिने आदि बदमाशी काम मात्र गर्दै हिड्ने हुन्छ ।

छ) डाँका – अर्काको धन सम्पत्ति विभिन्न जाल झेल गरेर अथवा जवरजस्ती डाँका मारेर लिने ब्यक्तिलाई डाँका भनिन्छ । आफू भलादमी बनेर अरु मानिस पठाएर भएपनि डाँका मार्न पठाउँछ । अर्काको धन डाँका मार्नका लागि चोर्ने, मार्ने, लुट्ने आदि विषयमा मात्र चिन्तन र सल्लाह गरिरहन्छ । डाँकाहरुलाई मान्छे मार्नु भनेको केही ठूलो कुरो हुँदैन । आफ्नो स्वार्थको लागि यिनीहरुले ठूलठूला खतरनाक कार्यहरु गर्ने गर्छन् । यिनीहरु चोरेर, डाँका मारेर ल्याएको सम्पत्तिबाट मोजमज्जा गर्न रुचाउँछन् ।



Downloaded from http://www.dhamma.digital

ज) रण्डिबाजी – रण्डिबाजी गर्ने केटाहरुले बदमाश केटीहरुसंग भुलेर आफ्नो धन नाश गर्छन्। आफ्नो परिवार, समाज र देशको भलो हुने कार्य बारे सोच्ने क्षमता र फुर्सद यिनीहरुमा हुँदैन । उनीहरुको ध्यान केटीहरुसंग मोज मस्ति गरी समय बिताउनेतिर मात्र लागेको हुन्छ । त्यसैले यस्ता मानिसहरुको दिमाग नै बिग्रिएको हुन्छ ।

झ) भट्टी खोलेर बस्ने – भट्टी पसल खोलेर बस्ने मानिसहरुले आफ्नो पसलमा रक्सी, जाँड जस्ता मादक पदार्थहरु राखी मानिसहरुलाई भुलाउने काम गर्दछं। रक्सी र जाँड जस्तो नशालु पेय पदार्थ जसले बढि पिउँछ ऊ बेहोशी बनी पागल जस्तै हुन्छ। त्यति मात्र होइन यस्तो पदार्थ पिउने ब्यक्तिहरुको शरीर बिग्रँदै जान्छ । जतिसुकै पढेलेखेका विद्वान ब्यक्तिहरु पनि यस्तो पदार्थको लतमा लागेपछि काम नलाग्ने बेकम्मा भइदिन्छ। त्यसैले यस्तो पदार्थ बेच्ने भट्टी पसलेहरु पनि देशको लागि हानीकारक नै हुन्छन्।

ञ) कोठी खोली चेलीबेटी बेच्नेहरु – यस्तो व्यवसाय गर्ने मानिसहरु अझ खतरनाक हुन्छन्। यिनीहरुले निर्दोष र सीधा साधा केटीहरुलाई ललाई फकाई कोठीहरुमा बेचिदिन्छन् र आफूले पैसा बटुलेर केटीहरुको जीवन बरबाद पारिदिन्छ। यस्तो व्यवसायमा लागेका केटीहरुको जीवन पशु समान हुन्छ। किनभने उनीहरुको जीवन खाने लगाउने र आफ्नो शरीर सजाई जसरी भएपनि केटाहरु भुलाउने आदि कार्यमा बितिरहेको हुन्छ। यिनीहरु पनि पृथ्वीको लागि बोझ समान भैरहेको हुन्छ।

ट) ठग – ठगहरुले जसरी भएपनि भए नभएको कुरा गरी अरुलाई ठग्ने काम गर्छन्। उदाहरणको लागि हालै कति मानिसहरुलाई ठग संस्थाहरुले बिदेशमा काम मिलाइदिने लोभ देखाई थुप्रो धनहरु ठगेर लिइरहेका छन्। त्यस्तै समाजमा थुप्रै प्रकारका ठगहरुले सीधा साधा



Downloaded from http://www.dhamma.digital

व्यक्तिहरुलाई ठगेर खाइरहेका हुन्छन् । कसैले आफ्नो केही जरुरी समस्या देखाई पैसा सापटी लिएर फिर्ता नल्याउने गर्छ भने कसैले बिदेशी व्यक्तिहरुलाई आफ्नो देशमा ठूलठूला आयोजना र कार्यक्रम चलाउने बहाना बनाई बिदेशी सहायता उपलब्ध गरी खाइरहेका हुन्छन् । पछि जाँचबुझ गर्न आउँदा संस्था नै गायब भइदिन्छ ।

२) बिदेशको नागरिक बन्ने व्यक्तिहरु – कोही व्यक्ति पैसा कमाउने लोभमा बिदेशमा गई काम गर्छ । पछि त्यहि पैसाको लोभमा परी आफ्ना परिवारलाई नै त्यहाँ बोलाई त्यहिंको नागरिक बनी आफ्नो जीवन बिताउने गर्छन् । तिनीहरुले आफ्नो मेहनत सबै बिदेशको लागि प्रयोग गर्छन् । बिदेशको लागि सेवा र सहयोग गर्दै जीवन बिताउने यी व्यक्तिहरुले आफ्नो देशको माया र ममतालाई चटक्क बिर्सिदिने गर्छन् । आफ्नो खुट्टाले नटेकेसम्म आफ्नो देशको भर लिई जब खुट्टा दरो भएर सामर्थ्यवान् भयो तब अर्को देशको सेवामा लाग्ने यस्ता व्यक्तिहरुलाई देश द्रोही भने पनि केही फरक पर्दैन ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# अन्धो

आफ्नो घर, समाज र देशको निमित्त हानी हुने काम गर्ने ब्यक्तिलाई अन्धो भनिन्छ। यस्तो ब्यक्तिले आफूले गर्नु पर्ने कर्तव्यहरुलाई बिर्सिएर आफ्नो मात्र स्वार्थ पूर्ति गर्न खोज्छ। उदाहरणको लागि एक कथा –

श्याम बाल्यकालदेखि बदमाश केटो थियो। आमा बुबालाई सताउने त उसको बानी नै थियो। स्कूलमा पनि साथीहरुसंग झगडा गर्ने, पिट्ने, लुट्ने, साथीहरुको खाजा खोस्ने आदि बदमाश काम मात्र गरी राम्ररी पढ्न सकेन उसले। आखिर ठूलो भएपछि रक्सी खाने, लागु पदार्थ खाने, साथीहरुको संगतमा परी बिग्रिन थाल्यो। पैसा आफूसंग नभएमा साथीहरुसंग लुट्ने, आमा बुबासंग लुटेर लिने बानी गर्न थाल्यो। पैसा नपाएमा घरको सामान भएपनि चोरेर बेच्न लान्थ्यो र आफ्नो स्वार्थ पूर्ति गर्थ्यो।

यसरी बदमाश भएर हिंडेको त्यस केटोलाई परिवारले पनि माया गर्न छाड्यो। बिस्तारै साथीभाईहरु पनि टाढिंदै गए। आखिर ऊ समाज, परिवार र देशको लागि नै बोझको रुपमा रहन थाल्यो। उसको कुकर्मले उसलाई पछि सताउन थाल्यो र एकदिन ऊ बाटोमा कुकूर मरे जस्तै मर्‍यो।

त्यसैले आफूलाई गुण गरी राखेको ब्यक्ति, स्थान, चीज वस्तु सबैको महत्वलाई बुझी आफूले पनि सक्दो सहयोग, सेवा र मद्दत गर्नु कर्तव्यपरायण ब्यक्तिहरुको मुख्य गुण धर्म हो। तर यसरी आफ्नो कर्तव्य भुली देश, समाज र परिवारलाई सताउँदै कर्तव्यहीन भएर हिड्ने ब्यक्तिलाई अन्धो भनिन्छ। यिनीहरुको जीवन त्यसै खेर गएको हुन्छ।

त्यसैले विद्यार्थीहरुले यस्तो ब्यक्तिको संगत गर्नु हुँदैन।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# धर्मात्मा

निस्वार्थ बनी आफूलाई पनि अरुलाई पनि हित हुने कार्य गर्ने व्यक्तिलाई धर्मात्मा भनिन्छ । धर्मात्मा व्यक्तिलाई धर्म सम्बन्धि ज्ञान गुणका कुराहरु सुन्ने र पढ्ने इच्छा जागेको हुन्छ । यिनीहरु इमान्दार हुन्छन् । यिनीहरुले धर्मलाई आफ्नो जीवनमा प्रयोग गरिरहेका हुन्छन् ।

धर्मात्मा व्यक्तिसंग पाइने गुणहरु यसरी छन् –

१) बोलीवचन राम्रो र नरम हुन्छ ।

२) ठग्ने स्वभाव हुँदैन ।

३) इमान्दार हुन्छ ।

४) आफ्नो वचनलाई फरक पार्दैन ।

५) आफूसंग भएको अल्प धनले पनि अरुलाई आफूले सक्दो उपकार गर्न खोज्छ । शरीर, वचन र मनले अरुको सेवा गर्न तत्पर भइ रहन्छ ।

६) कुसंगतलाई त्याग्छ ।

७) आफ्नो फुर्सदको समयमा विद्वान सत्पुरुषहरुको जीवनी र धर्म ज्ञान विषयमा अध्ययन गर्छ ।

८) समयको महत्वलाई राम्ररी बुझ्दछ ।

९) आफ्नो दोषलाई सधैं सतर्क भई सम्झने गर्छ ।

१०) आफ्नो तर्फबाट अरुको शरीर, मन, धन र यश कीर्तिमा हानी नपुग्ने गरी कार्य गर्दछ ।

११) सधैं जाँगरिलो र साहसिलो भइरहन्छ ।

यस्तो धर्मात्मा मानिसको नाम अमर भइरहन्छ । सबैले यस्तो व्यक्तिलाई मनपराउँछ, सम्मान र इज्जत गर्दछ ।

त्यसैले विद्यार्थीहरुले पनि सकेसम्म यस्तै गुणहरु आफूमा पनि विकास गर्दै लानु पर्दछ ।



Downloaded from http://www.dhamma.digital

# सत्पुरूष

सत्पुरुषहरुको जीवन धेरै महत्वपूर्ण छ। यिनीहरु सबै क्षेत्रमा अति आवश्यक छन्। सत्पुरुषमा यी गुणहरु हुन्छन् –

१) सत्पुरुष व्यक्तिहरुको बोलीवचन एकदम नरम, मृदुभाषी हुन्छ।
२) यिनीहरुले कसैलाई चित्त दुख्ने गरी व्यवहार गर्दैन।
३) यिनीहरु ठूलठूला स्वर निकाली कराउँदैनन्।
४) चाहिने र आवश्यक कुरा बाहेक अरु कुरा गर्ने बानी हुँदैन।
५) परोपकारी हुन्छन्।
६) ठग्ने, लुट्ने र अर्काको धनमा लोभ लालच राख्ने स्वभाव हुँदैन।
७) कुसंगत (जुवा, भट्टीमा जाने, कोठीमा जाने, मूर्खहरुको संगत आदि) बाट अलग्ग भइरहन्छ।
८) समयको महत्वलाई बुझी विद्वानहरुको जीवनी, कथा, अध्ययन गरी उनीहरुको आदर्श लिने बानी गर्छ।
९) कुसंगतमा परेका साथीभाईहरुलाई ठीक बाटोमा ल्याउन प्रयत्नरत हुन्छ।
१०) आफ्नो तर्फबाट लाखौं प्राणीहरुको हीत गर्ने इच्छा राख्छ।
११) व्यवहार र रहन सहन अति राम्रो हुन्छ।
१२) गम्भीर स्वभावको हुन्छ।
१३) सधैं हँसिलो अनुहार र मैत्री पूर्ण व्यवहार सहितको हुन्छ।
१४) आफूभन्दा ठूलावर्गको आदर गौरब गर्दछ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# महापुरूष

महापुरुष कसलाई भनिन्छ ?

गौतम बुद्धलाई महापुरुष भनिन्छ। बुद्ध हुनु भन्दा अगाडी उहांको नाम सिद्धार्थ कुमार थियो। उहाँ आफ्नी आमा महामाया देवीको कोखबाट जन्मनु भएको थियो।

घरभित्र दुःखै दुःख र समस्या मात्रले घेरिने हुनाले हो कि उहाँ रुखमुनि खुल्ला आकाशमा जन्मनु भएको थियो।

त्यस्तै उनले खुल्ला आकाशमुनि र रुखमुनि नै ज्ञान प्राप्त गर्नु भएको थियो।

आफूले प्राप्त गरेको ज्ञानलाई उहाँले सारनाथको मृगदानव जंगलको रुखमुनि नै पंचभद्रवर्गीहरुलाई धर्मचक्र प्रवर्तन गरी धर्म देशना गर्नु भएको थियो। उहाँको परिनिर्माण पनि रुखमुनि नै भएको थियो।

यसरी उहाँको जन्म देखि परिनिर्माण सम्म (चार निमित्त) रुखमुनि नै भएको थियो।

Dhamma.Digital

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# रूखको फाइदा

रुखले शीतल हावा र शीतल छाँया दिन्छ। हामीलाई आवश्यक हावा अक्सीजन दिन्छ। हाम्रो मनलाई आनन्द पारिदिन्छ।

त्यसकारण ऋषि मुनीहरु धेरै जसो रुखमुनि ध्यान गरेर बस्नु हुन्छ। जंगलमा रुख हुने हुनाले धेरै जसो वीतरागी ब्यक्तिहरु जंगलमा बस्न रुचाउनु हुन्छ। विश्वन्तर कुमारले पनि वंक वनमा बस्नु हुँदा आफ्नी श्रीमती र छोराछोरी दान गर्नु भएको थियो।

राम, लक्ष्मण र सीताले पनि जंगलमा नै बसी आफ्ना बुबाको वचनलाई पालन गर्नु भएको थियो।

रुखबाट हामीलाई फलफूल, रुखको पातबाट मल र पशुहरुलाई आहार प्राप्त हुन्छ। रुखबाट नै आगो बाल्नलाई दाउरा समेत प्राप्त हुन्छ भने घर बनाउनलाई काठ पनि प्राप्त हुन्छ। आकाशबाट वर्षा गराउनको लागि रुखले ठूलो भूमिका निभाएको हुन्छ।

यसरी रुखले मानव जीवनयापन गर्नेहरुलाई ठूलो योगदान गरेको हुन्छ। त्यसैले बुद्धको जीवनकालका महत्वपूर्ण घटनाहरु सबै रुखमुनि नै सम्पन्न भएको देखिन्छ।

Dhamma.Digital

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# पण्डित

पण्डित कसलाई भनिन्छ र पण्डितको स्वभाव कस्तो हुन्छ ?

विद्वानजन, शिक्षित, चरित्रवान, धर्मानूकुल व्यवहार गर्ने व्यक्तिहरुलाई पण्डित भनिन्छ ।

पण्डितका स्वभावहरु –

१) बोली वचन नरम हुन्छ ।

२) व्यवहार अति राम्रो हुन्छ ।

३) कसैलाई हानी हुने काम गर्दैन ।

४) परोपकारी हुन्छ ।

५) उत्ताउलो भई सिंगार पतारमा मात्र दिन बिताउँदैन ।

६) खानामा मात्र मिलाउने ज्ञान हुन्छ ।

७) खाने कुरो बाँच्नको लागि खाने हो भन्ने विषयमा राम्ररी ज्ञान भएको हुन्छ । त्यसैले यस्तो व्यक्तिले खाने कुरोलाई खिसी गर्दैन । खानको लागि बाँच्ने व्यक्तिले मात्र मीठो मीठो खाने इच्छा गर्छ ।

८) हिंड्डुल गर्दा ठूलठूलो आवाज निकालेर हिंड्दैन । आवाज ननिकालो बिस्तारै नरम पूर्वक हिंड्ने गर्छ ।

एकजना पण्डितको जन्मले टोल, समाज, परिवार र देशलाई नै भलो हुन्छ । किनभने पण्डितबाट सबैले ज्ञानगुणका कुरा सिक्न पाइन्छ । उसको छत्रछाँयामा हुर्केका बालकहरु शिक्षित र सभ्य हुने हुदाँ उनीहरुको समाजमा शान्ति वातावरणले छाएको हुन्छ । यसरी एकजनाको कारणले सबैको भलो हुन्छ ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# सुशील गृहिणी

सुशील गृहिणी कस्तोलाई भनिन्छ ?

राम्रो स्वभाव, नरम मिजास, राम्रो व्यवहार, इमान्दार हँसिलो स्वभाव, हरेक काममा निपुण, कर्तव्यपरायण गृहिणीलाई सुशील गृहिणी भनिन्छ।

घरायसी काम गर्न अल्छी नमानी विभिन्न चीजहरु यथास्थानमा सजाएर राख्ने गर्छिन्। परिवारलाई भित्री हृदयदेखि मैत्री राखी खाना पकाई खुवाउने गर्छिन्।

आफ्नो घरको आय (आम्दानी) लाई सुरक्षा गरी राख्न सिपालु हुन्छिन्। उनीले आम्दानीलाई यसरी विभाजन गर्छिन्।

१) खाना खर्च।

२) बिरामी खर्च।

३) दान धर्म खर्च।

४) भवितव्य खर्च (आपद बिपदको लागि खर्च)

१) खाना खर्च – साधारण खानाको लागि खर्च गरेर बढि भएको रकमले विशेष मीठो र पौष्टिक खानाको व्यवस्था गरेर खुवाउने। सधैं मीठो र महँगो खाना खान पल्केका खर्च बढि हुन गई खानाको लागि छुट्टाइएको रकमले नपुग्ने हुन्छ। त्यसैले हामी धेरै जसो दाल, भात, तरकारी र अचारले सन्तुष्ट हुनु पर्छ।

२) बिरामी खर्च – अन्न पानीको शरीर जहिले पनि निरोगी र तन्दुरुष्ट नै हुनेछ भन्न सकिंदैन। त्यसकारण केही गरी बिरामी परेमा रोग निको पार्नको लागि औषधीमूलो खर्चको लागि रकम छुट्टाउनु पर्छ। केही गरी बिरामी परेन भने त्यही पैसा जोगाइराख्न मिल्छ। बिरामी नै परेपनि कहाँबाट रकम लिएर खर्च गर्ने भनी चिन्ता लिनै पर्दैन।



Downloaded from http://www.dhamma.digital

३) दान धर्म खर्च – मानिसले आफ्नो जीवन खाने, पिउने, लगाउने र मोजमज्जा गर्ने कार्यमा मात्र सिध्याउनु हुँदैन । यी बाहेक केही समय धार्मिक कार्य गरेर पनि बिताउन सक्नु पर्छ । त्यसकारण हामीले केही रकम साधु-महात्मा, धार्मिक ब्यक्तिहरु, विहार र धर्मशालाहरुमा चन्दा स्वरुप दान दिनको लागि आफ्नो क्षमता अनुसार छुट्टाइराख्नु पर्छ ।

दान दिने बेलामा आफ्नो मन ज्यादै हलुंगो र आनन्दको अनुभव हुन्छ । यो दान दिने बित्तिकै प्राप्त हुने फल हो । यसरी दान दिने ब्यक्तिको चित्त जहिले पनि फराकिलो भई त्याग गर्ने शक्ति बृद्धि हुन थाल्छ । जति त्याग गर्ने शक्ति बढ्छ त्यत्ति मनमा अशान्त कम भई शान्तिले ठाउँ लिन्छ । स्वच्छ आनन्दी मनले गरेको कार्य सफल भई त्यही कार्यबाट आम्दानीको श्रोत बढ्न थाल्छ । यसको लागि प्रमाण स्वरुप एक कथा –

पाटनमा एक किसान परिवार थियो । उनको आर्थिक स्थिति कमजोर थियो । बिहान खाएपछि बेलुकी के खाउँ भनी पीर लिनु पर्थ्यो । उसको यस्तो दुःख देख्न नसकी उसको हित चिताउने एक कल्याण मित्र उपासिकाले उसलाई बिहारमा गई साधु सन्तहरुको संगत गर्न सल्लाह दिए । यति मात्र होइन त्यस उपासिकाले उनलाई तस्विर बेच्ने सल्लाह दिइन् । तस्विर राख्नको लागि एउटा बाकस र तस्विर किन्नको लागि आवश्यक रकम लगानी पनि राखी दिइन् । यसरी तस्विर बेचेर प्राप्त भएको नाफा मध्ये केही रकम बिहारहरुमा गई दान धर्म पनि गर्नु भनी सिकाइन् । त्यस किसानले पनि उपासिकाको गुण बिर्सन सकेन । त्यसैले उसले भने जस्तै काम गर्नै थाले । बिस्तारै उसको मन हलुंगो भएर आयो । काम गरेर कमाए जस्तै दान धर्म पनि गरेकोले उसको मन आनन्द भई काम गर्ने जाँगर बढ्दै गयो र विचार गर्ने शक्ति पनि बढ्दै गयो । यसरी उसको काम सफल हुँदै गयो । बिस्तारै ऊ धनी हुन थाल्यो । घर बनाउन सक्षम भई मोटर र मोटर साइकल आदि समेतको व्यवस्था गर्न सक्ने भए । छोराछोरीहरु



Downloaded from http://www.dhamma.digital

पनि ठूलठूला हुँदै आए र बुबालाई सघाउन सक्ने भए। उसले अनुभव गर्न थाल्यो, दान धर्म गरे पछि बल्ल काममा सफलता पाइंदो रहेछ।

त्यसैले मानिसले काम गरी कमाउनुको साथै दान धर्मलाई पनि अभ्यास गर्नु पर्दो रहेछ।

४) भवितव्य खर्च – मनुष्य जीवनमा सधैं एकैनाशको अवस्था हुँदैन। कहिले काहीं अचानक कुनै आपद बिपद आउन सक्छ। त्यसैले त्यस आपद बिपदलाई हटाउनको लागिं थुप्रो रकमको जरुरी हुन्छ। यसको लागि थुप्रो रकम जगेडा राख्नु पर्छ। सुलक्षण गृहिणीले आफ्नो घरको आम्दानीलाई यसरी विभाजन गरी सदुपयोग गर्छिन्।

उनको अनुहार हँसिलो हुनुको साथै उनीले आफ्नो कर्तव्यलाई खुशीसाथ पूरा गर्छिन्। आफ्नो श्रीमान्, सासु, ससुरा आदिलाई आवश्यक आदर गौरब राख्न ऊ कहिल्यै पछि पर्दैन। श्रीमान्को दुःख सुखमा साथ दिई आफूले सक्दो सहयोग गर्न ऊ सधैं तत्पर रहन्छिन्।



Downloaded from http://www.dhamma.digital

# कल्याण मित्र

कल्याण मित्र कसलाई भनिन्छ ?

जुन साथीले आफ्नो हीत उपकार गर्छ, त्यस्तो व्यक्तिलाई कल्याण मित्र भनिन्छ। कल्याण मित्रसंग ४ प्रकारका गुणहरु हुनुपर्छ-

१) आफ्नो साथीको हानी नोक्सानी भइराखेको बेलामा आफूले सक्दो मेहनत गरी सहानुभूति राख्दछ। साथीको दुःखलाई आफ्नै दुःख ठान्ने गर्दछ।

२) साथीको उन्नति भएको देखी आफ्नै उन्नति भएको जस्तै भित्री मनले हर्ष र आनन्द अनुभव गर्छ।

३) कसैले आफ्नो साथीको नराम्रो विषयलाई लिई कुरा काटिरहेको सुनेमा तुरुन्त त्यसलाई काटेर हटाइदिन्छ। यस्तो कुरा गर्ने अरु साथीलाई पनि आफ्नो साथीबारे राम्रो कुरा गरी उनीहरुको भ्रम निवारण गरिदिन्छ। आफ्नो साथी नराम्रो बाटोमा लागि रहेको थाहा पाउने बित्तिकै उसलाई त्यस बाटोबाट हटाई राम्रो बाटोमा लगाउन कोशिस गर्छ।

४) कसैले आफ्नो साथीको राम्रो पक्ष लिई प्रशंसा गरिरहेको सुनेर आफ्नो मनले मुद्रिता भाव उत्पन्न गर्दछ।

यसरी उपकार गर्ने मित्र सुख दुःखमा समान रुपले साथ दिने मित्र, दया करुणा राखी सहयोग गर्ने मित्र र आफ्नै आमा बुबाले एक्लो छोरोलाई माया गरेर जस्तै माया गर्न सक्ने मित्रलाई बुद्धिमान् पण्डितहरुले प्रेमपूर्वक संगत गर्दछ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital

# असल गुरू

असल गुरुमा हुनु पर्ने गुणहरु –

१) आफ्नो शिष्यलाई सज्जन बनाउनका लागि सदैब अर्ती बुद्धि दिइरहन्छ । समाज सेवा गर्नुपर्छ, आफूले सक्दो परोपकार कार्यमा लाग्नुपर्छ, धैर्यवान हुनुपर्छ , आफ्नो उन्नति हुने विषयमा अर्ति बुद्धि दिने श्रमण ब्राह्मणहरु तथा कल्याण मित्रहरुको सेवा गर्नुपर्छ, प्राणीघात आदि पाँचवटा दुशील कार्यहरु नगर्नु, सुरवीर भई सभा र समाजमा उपयुक्त ढंगबाट बोल्नुपर्छ, कसैले केही भन्यो भन्दैमा होश गुमाई जोश उठाउनु हुँदैन, आफ्ना आमा बुबालाई हरेक दिन आदरपूर्वक बन्दना गर्नुपर्छ । आफूभन्दा पाको उमेरका ब्यक्तिहरुलाई मान मर्यादा राख्नु पर्छ र सबैसंग मेलमिलाप गरी बस्नुपर्छ आदि भनी राम्ररी बुझ्ने तरीकाले नैतिक शिक्षा सिकाउने र सम्झाउने गर्छ ।

२) शिष्यलाई पढाएको विद्याको पद र अर्थ राम्ररी छुट्याई सन्धि भेद देखाई भित्री मनदेखि मन लगाई सिकाउने गर्नुपर्छ ।

३) आफ्नो शिष्यको जीवन उन्नति गर्नको लागि आफ्नो खुट्टाले आफै टेक्न सक्ने सक्षम बनाउनका लागि आवश्यक शील्प विद्या सिकाइदिन्छ ।

शील्प विद्याले मात्र जीवन सुखमय बन्ने होइन, अधर्मी बन्यो भने पनि जीवन दुःखले पूर्ण हुन जान्छ । त्यसकारण असल गुरुले आफ्नो शिष्यलाई धार्मिक, स्वच्छ र निर्मल मन सहितको ब्यक्ति बनाउन प्रयास गर्छ ।

४) आफ्ना साथीहरु र परिषदको अगाडि आफ्नो शिष्यको गुण वर्णन गरी आफ्नो शिष्यलाई विश्वासपात्र बनाइदिन्छ ।

५) आफ्नो शिष्यलाई कुनै क्षेत्रबाट पनि भय, उपद्रव, विघ्न बाधा आदि नआवस् भनी भित्री मनले आशिका गरी पाठ गरिरहन्छ । यस्तो गुरुको शिष्य विद्या र ज्ञानले परिपक्क भई एक होनहार योग्य ब्यक्ति बनी कुनै पनि सभा, परिषद आदिमा मान, सत्कार पाउन सक्षम हुनेछ ।



Downloaded from http://www.dhamma.digital

यस्तो शिष्य साथ भएको गुरुको चारै दिशातिर प्रशंसा फैलिन्छ। यस्तो गुणीलो गूरु प्रति शिष्यले जहिले पनि आभार ब्यत्त, गर्दछ र गुरुके सेवा, टहल, उपष्ठान गर्न तत्पर रहन्छ।

# असल स्त्री प्रति पुरूषको कर्तव्य

असल नारी प्रति अर्थात् आफ्नी स्त्रीप्रति पुरुषको कस्तो कर्तव्य हुनुपर्छ ?

१) पतिले आफ्नी पत्नीसंग सम्मानपूर्वक व्यवहार गर्नुपर्छ। आफ्नी पत्नीलाई सम्बोधन गर्दा असभ्य र हेलाको वचन प्रयोग गर्नु हुन्न। जुन शब्दले सम्बोधन गर्दा आफ्नी श्रीमतीलाई मन पर्ने हो त्यही शब्द प्रयोग गरी सम्बोधन गर्नुपर्छ। किनभने श्रीमती भन्नु नै श्रीमान्को जीवन साथी हो।

२) आफ्नो श्रीमतीले थाहा नपाउने गरी लुकी छिपी बाहिर अर्को श्रीमती ल्याउनु हुँदैन। यसरी बाहिर श्रीमतीलाई चित्त दुख्ने असभ्य व्यवहार कहिल्यै पनि गर्नु हुँदैन। यस्तो गर्नु ठूलो अपराध हो। यसलाई पशु व्यवहार भने पनि हुन्छ।

३) श्रीमान् श्रीमती भएपछि यी दुई बिच एक आपसमा परस्पर मैत्री, प्रेम, सद्भावना र विश्वास योग्य व्यवहार हुनुपर्छ। पत्नी त हो नि भनेर दास जस्तै व्यवहार गरी कुटपिट समेत गरी यातना दिनु जस्तो दुर्व्यवहारले त्यस पुरुषलाई कहिल्यै कल्याण हुँदैन। उसको त्यस दुष्कर्मको नराम्रो फल उसले पछुटाउँदै भोग्नु पर्ने हुन्छ।

४) आफ्नी श्रीमती कुसल गृहणी बन्न लायक छ भने उनीलाई आफ्नो घरको धन सम्पत्ति सदुपयोग गर्ने जिम्मा लगाइदिनु पर्छ। तर यसरी जिम्मा लगाउँदा आफ्नै श्रीमती धन संचय गर्न कतिको सिपालु छिन् यस बारे पनि सोच्नु पर्छ। यदि श्रीमती अलि खर्चालु स्वभावकी छिन्, सामान सुरक्षित राख्न नजान्ने, अल्छी र फोहरी छिन् भने त्यस्तीलाई सम्पूर्ण सम्पत्तिको कारोबार सुम्पिनु व्यर्थ हुनेछ। त्यस्तो श्रीमतीले धन



Downloaded from http://www.dhamma.digital

सुरक्षा गर्नुको सट्टा धन उदाएर पठाई कंगाल नै बनाइदिन बेर लगाउँदैन । यस्तो विषयमा पुरुष चल[illegible] र चनाखो हुनु पर्छ ।

५) पतिले आफ्नै पत्नीलाई बेलाबखत आफ्नो आयले भ्याउने गरी गर गहना, वस्त्र आदिको व्यवस्था गरिदिनु पर्छ । तर यसरी बनाउनुपर्छ भन्दैमा आफ्नो शक्तिले नभ्याइकन पनि बनाइदिनु मूर्खता हुन जानेछ । कुनै कुनै स्त्री आफ्नो श्रीमान्को सम्पत्तिको क्षमतालाई नै विचार नगरी अर्काको देखा सिखीमा फेशन गर्न रुचाउने हुन्छ र बिस्तारै आफ्नो श्रीमान्लाई अप्रत्यक्ष रुपमा घुमाई घुमाई आफ्नो माग राख्न सिपालु हुन्छिन् । श्रीमतीको यस्तो मागलाई नाइनास्ती गर्न नसक्ने पुरुषले आफ्नो भविष्य र गृहस्थाश्रम सफल पार्न सक्दैन । त्यसैले हरेक श्रीमान्ले आफ्नी पत्नी प्रति मध्यस्थ भई व्यवहार गर्न सक्नु पर्छ । अनि मात्र गृहस्थी जीवन सुखमय हुन सक्छ ।

❀ ❀ ❀

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

# असल पुरूष प्रति स्त्रीको कर्तव्य

नारी पृथ्वी समान हुन्छिन् । पृथ्वीले मानिसहरुको लागि खाद्यान्न, फूलहरु (बास्ना भएको र बास्ना नभएको), इन्धन आदि सबै उत्पादन गरिरहेको हुन्छ । त्यस्तै नारीवर्गले यस संसारमा विभिन्न थरीका सन्तान उत्पादन गर्न सकिन्छ । ती सन्तानहरुलाई सभ्य, असल र शिक्षित बनाउने क्षमता एक आमामा हुन्छ । त्यसकारण संसारमा सबभन्दा पहिले नारीलाई शिक्षा दिनु जरुरी छ । सभ्य नारीले आफ्नो सन्तानलाई सभ्य बनाउन तालिम दिन सक्छे । तर असभ्य नारी आफै असभ्य र अशिक्षित भएपछि कसरी आफ्नो सन्तानलाई उसले सभ्य बन्ने तालिम दिने ? एक सभ्य नारीले आफ्नो सन्तानलाई मात्र होइन आफ्नो पतिलाई समेत शिक्षित र सभ्य बनाउन सक्छे । यहाँ शिक्षितको अर्थ पढाई लेखाईलाई भनेको होइन, नैतिक शिक्षा, कर्तव्यको शिक्षा र अनुशासनलाई भनिएको हो । मानिस शिक्षित हुन पढेलेखेर मात्र पुग्दैन, सबभन्दा मुख्य कुरो त निस्वार्थी बनी नैतिक शिक्षाले परिपूर्ण हुन सक्नु पर्छ । अधिकार मात्र खोज्ने होइन । आफ्नो कर्तव्यलाई पहिला सम्झने गर्नुपर्छ । यस्तो व्यक्तिलाई मात्र शिक्षित भन्न सकिन्छ । अंग्रेजी बोल्न आउँदैमा, बी.ए., एम.ए. र पी. एच. डी. गर्दैमा शिक्षित हुने होइन । नैतिक शिक्षा विनाको पढाईले अहंकार मात्र बढाइदिन्छ र यसले झन मूर्ख बनाइदिन्छ । त्यसकारण एक शिक्षित नारीमा पहिला नैतिक शिक्षाको धेरै खाँचो छ ।

समाजमा पुरुष र नारी एक आपसमा परस्पर सम्बन्ध भएका व्यक्तिहरु हुन् । पुरुषलाई स्त्रीको सहयोग चाहिन्छ भने स्त्रीलाई पुरुषको सहयोग आवश्यक हुन्छ । त्यसैले एकले अर्कोलाई तुच्छ ठान्नु मूर्खता हुनेछ ।

घर बनाउनको लागि ईंटा र माटोको जरुरत भए जस्तै एक सफल समाजको लागि स्त्री र पुरुषको त्यति नै जरुरत हुन्छ ।



Downloaded from http://www.dhamma.digital

१) आफ्नो श्रीमान्लाई ठीक समयमा खानाको बन्दोबस्त मिलाई काममा पठाउने। भान्छाको चीज वस्तु हरेक क्षण परिपूर्ण भएको छ छैन त्यसबारे रेखदेख गरिरहने। श्रीमान्को मानसिक अवस्थालाई राम्ररी अध्ययन गरी मन आनन्द र प्रफुल्ल हुने गरी कुरा गर्ने।

२) आफ्नो घरमा आएका श्रीमान्का नाता कुटुम्ब, इष्टमित्र र साथीभाईहरुलाई आवश्यक सेवा, सहयोग, मान, सत्कार गरेर पठाउने। यसरी आफ्नो श्रीमान्को इज्जत सदैव यथावत् कायम राख्न प्रयत्न गर्ने।

३) आफ्नो पुरुष बाहेक अरु पुरुषलाई लोभ दृष्टिले नहेर्ने। आफ्नो श्रीमान्को गुणहरुलाई सदैव मनमा राखी उसको अवगुणहरुलाई हटाउन सदैव प्रयत्न गर्ने। सधैं आफ्नो श्रीमान्को हीत कामना गरिरहने। श्रीमान्लाई आपद विपद आउने बेलामा सदैव तन, मन, धन दिएर सहयोग गर्ने।

४) आफ्नो श्रीमान्को शरीरमा सञ्चो, बिसञ्चो के कस्तो छ सो बारे सदैव चनाखो रहने। केही गरी सञ्चो नभएमा तुरुन्त हेर विचार र सेवा टहल गर्ने। समय समयमा औषधी खुवाउने आराम दिलाउने। समय समयमा खाना खुवाउने आदि गर्नुपर्छ।

आफ्नो श्रीमान् कामबाट फर्कने बित्तिकै घरको समस्यालाई अगाडी राख्नु हुँदैन। पहिला श्रीमान्को समस्याहरु राम्ररी बुझि सकेपछि सो समस्या समाधान गर्न मद्दत र सल्लाह दिने। यदि समस्या समाधान हुने देखियो भने बिस्तारै घरको समस्या समाधान गर्न छलफल गर्ने। यस्तो गर्न सकेन भने जहिले पनि झैंझगडा भइरहन्छ।

५) आफ्ना छोराछोरीहरुको आवश्यक व्यवस्था मिलाउने। छोराछोरीहरुलाई ठीक अनुशासनमा राखी तह लगाउन तालिम दिने। किनभने आमा बुबा छोराछोरीहरुको प्रथम गुरु हो।

समयमा नै आमा बुबाले छोराछोरीलाई तह लगाउन सकेन भने ती छोराछोरीले आमा बुबाको टाउको टेक्ने डर हुन्छ। उखान पनि छ "बालक भएसम्म मर्ला भन्ने डर, ठूलो भएपछि मार्ला भन्ने डर"।



Downloaded from http://www.dhamma.digital

छोराछोरी शिक्षित र सभ्य भएन भने आमा बुबाको जीवन दुःखपूर्ण हुन जान्छ। जीवनमा ठूलो अशान्ति हुन जान्छ। छोराछोरी आमा बुबाको बुढेसकालको बलियो लौरो समान हुनु पर्छ।

यसरी स्त्री र पुरुष दुबैले आफ्नो घर गृहस्थीको समस्या मिलीजुली समाधान गर्न खोजेमा मात्र उनीहरुको जीवन सुखमय र सफल हुन सक्नेछ।

त्यसैले सबैले आ-आफ्नो कर्तव्यलाई पहिला सम्झेर कर्तव्य पालनतिर ध्यान दिनु जरुरी छ। कर्तव्य पूरा गरी अधिकार खोज्नु राम्रो हुनेछ। कर्तव्य पालन नगरी अधिकार मात्र खोजेमा घरभित्र, समाजभित्र अशान्ति, झैंझगडा र कलह मात्र हुनेछ। यस्तो वातावरणले समाजरुपी रथ र परिवाररुपी रथ गुड्न सक्दैन।

Dhamma.Digital



Downloaded from http://www.dhamma.digital

## प्रज्ञा बृद्धि हुने ४ वटा कारणहरू

१) सत्पुरुषहरुको सत्संगत गर्नु ।
२) सद्धर्म श्रवण गर्नु ।
३) यथार्थ ज्ञानको विचार गर्नु ।
४) धर्मानुकुल आचरण गर्नु ।

## गृहस्थीहरूको धन चिरस्थायी हुनाको ४ कारणहरू

१) हराएका वस्तुहरुको खोजी गरेर यथास्थानमा राख्नु ।
२) बिग्रिएका सामानहरुलाई फेरी मर्मत गरी हिफाजतपूर्वक राख्नु ।
३) खान पिनमा राम्रो ज्ञान हुनु । आफ्नो आय श्रोतलाई हेरी खानामा खर्च गर्नु ।
४) सुशील र इमान्दारी स्त्री वा पुरुषलाई भण्डारी बनाउनु ।

## प्रत्येक व्यक्तिमा हुनु पर्ने राम्रा गुणहरू

१) राम्रो र मीठो वचन बोल्नु ।
२) रीसको झोकमा कसैलाई मनपरि कुरा नगर्नु, अरुलाई बिगार्ने काम नगर्नु ।
३) लेनदेनमा होशियारी पूर्वक इमान्दारीता निभाउनु ।
४) सफा सुग्घरी बन्नु । त्याग भावना जगाउनु । शुद्ध चित्त सहितको हुनु । बढि शंखालु नबन्नु । आफ्नो मनमा भाव भक्ति र श्रद्धालाई स्थान दिनु ।

❀ ❀ ❀



Downloaded from http://www.dhamma.digital